सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२० मंसिर २०७९, मंगलबार (6 Dec 2022, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक २२६ ■ पृष्ठ १२ | nayapatrikaofficial | @NAYA_PATRIKA | मूल्य रु. ५/-

## ■ चार दलका शीर्ष नेताले भने-
# संविधान सुरक्षित, गठबन्धन निरन्तर

### ■ सरकार निर्माणको कसरतमा बढ्दो भेटवार्ता

**केशवप्रसाद पाण्डे, प्रेम गौतम**/नयाँ पत्रिका

पाँचदलीय सत्तागठबन्धनले नयाँ सरकार पनि यही गठबन्धनको नेतृत्वमा बनाउन पहल गर्ने भएको छ। यद्यपि, निर्वाचनबाट आफ्नो पक्षमा अपेक्षित नतिजा भने नआएको गठबन्धनको निष्कर्ष छ।

निर्वाचनपछि पहिलोपटक सोमबार बसेको सत्तागठबन्धनको बैठकले चुनावी समीक्षा गर्दै अपेक्षित परिणाम नआए पनि गठबन्धनकै पक्षमा जनादेश रहेको ठहर गरेको हो। बैठकमा सहभागी माओवादी महासचिव देव गुरुङका अनुसार नेतृत्व तहमा गठबन्धनको निर्णय इमानदारपूर्वक कार्यान्वयन भए पनि तल्लो तहमा समस्या आउँदा अपेक्षित परिणाम नआएको निष्कर्ष निकालिएको छ।

'अपेक्षाकृत परिणाम आउन सकेन, तर जनादेश गठबन्धनकै पक्षमा छ। नेतृत्व तहमा इमानदारपूर्वक सहमति कार्यान्वयनमा गयो, तर तल्लो तहमा कतिपय क्षेत्रमा समस्या देखिए। जसका कारण गठबन्धनको पक्षमा अपेक्षाकृत परिणाम नआएको बैठकको निष्कर्ष छ,' उनले नयाँ पत्रिकासँग भने।

बैठकमा लोसपाबाहेक कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जनमोर्चाका नेता सहभागी थिए। निर्वाचनमा सत्तागठबन्धनसँग मधेसमा तालमेल गरेको लोसपा भने बैठकमा सहभागी थिएन। गठबन्धनमा न्यूनतम सहमति जुटाएपछि लोसपासहित बस्ने नेताहरूको भनाइ छ।

बैठकपछि चार दलका शीर्ष नेताको हस्ताक्षरसहित जारी विज्ञप्तिमा निर्वाचनको नतिजाले वर्तमान गठबन्धनको आवश्यकता र सान्दर्भिकतालाई पुष्टि गरेको जिकिर

» पृष्ठ ४ मा क्रमशः

### बैठकमा शीर्ष नेता कसले के भने ?



**गठबन्धन कायम राख्दै थप केही दललाई सामेल गराउनुपर्ने जनादेश आएको छ**

● **शेरबहादुर देउवा**, सभापति, कांग्रेस

अनेक प्रयास गर्दा पनि विभिन्न क्षेत्रमा समस्या देखिएका छन्। यसका बाबजुद गठबन्धनलाई जनादेश प्राप्त भएको छ। गठबन्धन कायम राख्दै थप केही दललाई समेत सरकारमा सामेल गराउनुपर्ने गरी मत आएको छ। हामीले पार्टी र गठबन्धनका उम्मेदवारलाई अन्तर्घात गर्नेहरूलाई कारबाही प्रक्रिया अगाडि बढाइसकेका छौं। गम्भीर चुनावी समीक्षा गरेर आगामी दिनमा कमजोरी नदोहोरिने गरी गठबन्धन अगाडि बढाउनुपर्छ। जनतासँग गठबन्धनकै लागि मत मागेका हौं। जनादेश अन्य केही दललाई पनि साथमा लिएर जाने गरी हाम्रै पक्षमा आएको छ।



**जनादेश गठबन्धनकै पक्षमा आएको छ**

● **प्रचण्ड**, अध्यक्ष, माओवादी

अपेक्षाकृत परिणाम नआए पनि समग्रमा गठबन्धन सफल भएको छ। केही ठाउँमा कमजोरी भएका छन्। नेतृत्व इमानदार भएकै हो। तैपनि कतिपय क्षेत्रमा तालमेल मिलाउन सकिएन। काठमाडौं, चितवन, लमजुङ, कञ्चनपुरलगायतका जिल्लामा गठबन्धनमा कमजोरी देखिए, जसकारण सहज जित्नुपर्ने कतिपय क्षेत्र गुमाउनुपरेको छ। क्षेत्रअनुसार सहयोग र असहयोग भएका छन्। गठबन्धन प्रभावकारी भएको क्षेत्रमा पूरै सिट जित्ने अवस्था बनेको छ। जनादेश गठबन्धनकै पक्षमा आएको छ।



**गठबन्धन दलसँगको सहकार्यलाई निरन्तरता दिएर अगाडि बढ्नुपर्छ**

● **माधवकुमार नेपाल**, अध्यक्ष, एकीकृत समाजवादी

गठबन्धन सफल या असफल भन्ने निष्कर्ष कुनै एक-दुई क्षेत्रलाई हेरेर मात्रै हुँदैन। स्थानअनुसार परिणाममा सफलता र असफलता देखिन्छ। हाम्रो पार्टीले १० सिट जित्यो। गठबन्धनमा तालमेल नमिलेका कारण केही सिट गुमाउनुपरेको छ। इलाममा कमरेड जेएन (झलनाथ) खनालले गठबन्धनको असहयोग र विपक्षीको धाँधलीका कारण अपेक्षाविपरीत परिणाम आएको बताउनुभएको छ। उदयपुरमा बागी उम्मेदवारका कारण विपक्षलाई फाइदा पुगेको छ। खास-खास क्षेत्रमा पूर्ण सहयोग, केही क्षेत्रमा आपसी असमझदारी र असहयोग भएको देखिन्छ। जनादेश गठबन्धनकै पक्षमा छ। जनताको अपेक्षा स्थिरता, विकास र समृद्धि होस भन्ने छ। अब हामी त्यतातिर केन्द्रित हुनुपर्छ।



**भोट ट्रान्सफर नहुँदा शंका निम्तियो**


● **दुर्गा पौडेल**, उपाध्यक्ष, राष्ट्रिय जनमोर्चा

गठबन्धनका उम्मेदवारलाई जति मात्रामा भोट आउनुपर्ने हो, त्यस्तो देखिएन। म आफैं पनि प्युठानमा पराजित हुन पुगें। जब कि त्यहाँ गठबन्धन स्पष्ट बहुमतमा थियो। भोट राम्रोसँग ट्रान्सफर हुन सकेन। यसले शंका उत्पन्न गराएको छ। फेरि बाग्लुङ १ बाट उम्मेदवार बन्नुभएको हाम्रा अध्यक्ष चित्रबहादुर केसीले गठबन्धनबाटै जित्नुभयो।

### ■ बहुमत जुटाउँदै सत्तागठबन्धन

**प्रतिनिधिसभामा कुल सांसद : २७५**

सरकार बनाउन आवश्यक सांसद : १३८




बाँकी संख्या यसरी जुटाउँदै छ गठबन्धन : **प्रधानमन्त्री देउवासहित गठबन्धनका शीर्ष नेता पाँच सिट भएको जनमत पार्टी र तीन सिट भएको नागरिक उन्मुक्ति पार्टीसँग निरन्तर संवादमा छन्। उनीहरू सरकारमा सहभागी हुन सहमत रहेको नेताहरूको दाबी छ। त्यसबाहेक रौतहटबाट स्वतन्त्र रूपमा जितेका प्रभु साहलाई सत्तागठबन्धनले निर्वाचनमा सहयोग गरेको थियो। उनी र उनकै समूहबाट स्वतन्त्र जितेका किरणकुमार साहले पनि सघाउने गठबन्धनको अपेक्षा छ।**

### ■ गगनलाई बोलाइएन बैठकमा



सत्तागठबन्धनको बैठकमा कांग्रेसले महामन्त्री गगन थापालाई भने सहभागी गराएन। स्रोतका अनुसार सभापति देउवाको अनिच्छाका कारण उनलाई नबोलाइएको हो। निर्वाचनअघि गठबन्धनको सिट बाँडफाँड कार्यदलमा महामन्त्री थापा सहभागी थिए। गठबन्धनको बैठकमा उपसभापति पूर्णबहादुर खड्का, नेता कृष्ण सिटौला र ज्ञानेन्द्रबहादुर कार्की सहभागी थिए। गगननिकट स्रोतले पनि बैठकबारे कुनै जानकारी नगराइएको बतायो। थापाले संसदीय दलको नेता बन्ने तयारी थालेपछि सभापति देउवा सकारात्मक नरहेको नेताहरूको आकलन छ। 'चुनावअघि सिट बाँडफाँडमा भूमिका खेले पनि उहाँलाई यो बैठकबारे कुनै जानकारी गराइएन। निर्वाचनलगत्तै सभापतिज्यूले आफूनिकटकालाई सहभागी गराउने, आफूविरुद्ध उभिनेलाई निषेधको मनसाय राखेर नबोलाइएको देखियो,' गगननिकट एक नेताले भने।

# कसरी बन्छ नयाँ सरकार ?

### आयोगले निर्वाचनको अन्तिम परिणाम दिएको ३० दिनभित्र राष्ट्रपतिले डाक्नेछन् संसद् अधिवेशन

**एक साताभित्र पूर्ण परिणाम**



● **दिनेश थपलिया**, प्रमुख निर्वाचन आयुक्त

मंगलबारसम्म १६५ क्षेत्रकै समानुपातिक परिणाम पनि आइसक्छ। आयोगले यकिन गरेर दलीय आधारमा सिट निर्धारण गर्छ। बुधबार दलहरूलाई समानुपातिक सिटमा मनोनीत गर्ने नाम बन्दसूचीबाट क्लस्टर मिलाएर पठाउन तीन दिनको समय दिन्छौं। दलहरूबाट आएको नाम क्लस्टरअनुसार नमिलेमा सच्याउन थप दुई दिनको समय दिन्छौं। दलहरूबाट नाम आइसकेपछि २७ मंसिरभित्र अन्तिम परिणाम सार्वजनिक हुन्छ।

**■ यस्तो छ संसद् आह्वानको व्यवस्था**

संविधानको धारा ९३ (१) मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र राष्ट्रपतिले संघीय संसद्को अधिवेशन आह्वान गर्ने व्यवस्था छ। तर, अहिलेको वा नयाँ बन्ने सरकार कसले आह्वानका लागि सिफारिस गर्ने भन्ने स्पष्ट व्यवस्था छैन। ०७४ मा निर्वाचनको परिणाम आउन ढिलाइ हुँदा अधिवेशनअगावै सरकार बनेको थियो।



● **रोजनाथ पाण्डे**, प्रवक्ता, संसद् सचिवालय

प्रतिनिधिसभा सदस्यको शपथ नलिई सरकार बनाउने यो अभ्यास गलत हो। तर, नहुनुपर्ने अभ्यास ०७४ मा भयो। केपी ओली प्रधानमन्त्री बन्दा सांसदहरूको शपथ भएकै थिएन। यद्यपि, त्यो अभ्यास स्वीकार्य हुँदै गयो। अब के हुन्छ हेर्न बाँकी छ। शपथ नलिई अगाडिको कुनै कामकारबाही नहुनुपर्ने हो।

**कमलराज भट्ट**/नयाँ पत्रिका

निर्वाचनको लगभग अन्तिम परिणाम आएसँगै दलहरू सरकार निर्माणको कसरतमा लागेका छन्। कुनै पनि दलको बहुमत नआएपछि आ-आफ्नो समीकरण बनाउन दलहरू संवादमा छन्। तर, सरकार निर्माणको औपचारिक प्रक्रिया सुरु हुन कम्तीमा एक साता लाग्नेछ।

समानुपातिकतर्फको मतगणना भइरहेको दोलखा र बाजुराको पनि नतिजा मंगलबार साँझसम्म आएपछि निर्वाचन आयोगले आफ्नो सूचना प्रणालीमा परिणाम प्रविष्ट गरेर दलहरूलाई चिठी लेख्नेछ। सोमबार अबेरसम्मको नतिजाअनुसार ती जिल्लामा सवा लाख मत गणना गर्न बाँकी छ। 'मंगलबारसम्म एक सय ६५ क्षेत्रको सबै परिणाम

» पृष्ठ ४ मा क्रमशः

**भित्र**

**महाकालीमा एकतर्फी तटबन्ध बनाइएकोबारे आज भारतलाई चिठी पठाइँदै**



भारतलाई महाकालीमा बनाइरहेको अनधिकृत संरचनाको काम रोक्न दार्चुला प्रशासनको आग्रह

● **दीर्घराज उपाध्याय**
प्रमुख जिल्ला अधिकारी, दार्चुला



बंगाबगड रिंगलताल क्षेत्रभन्दा माथि सहमति नभई थप काम नगर्न भारतीय पक्षलाई भनेका छौं। अनधिकृत संरचनाभन्दा भित्र मात्रै आफ्नो क्षेत्रमा काम हुनेछ।

पृष्ठ | 3

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

# ठूला विद्यालय बनाउन एक अर्ब विनियोजन भएको पाँच महिनासम्म कार्यविधिसमेत बनेन

**भवानीश्वर गौतम**/नयाँ पत्रिका




सरकारले दुई हजारभन्दा बढी विद्यार्थी रहेका ठूला विद्यालय निर्माणका लागि बजेट सुनिश्चित गरेको पाँच महिनासम्म कार्यविधि पनि नबन्दा कार्यक्रम नै अलपत्र बनेको छ। चालू आर्थिक वर्षको बजेटमा कार्यक्रमसहित एक अर्ब सात करोड रकम सुनिश्चित गरे पनि कार्यविधि नबन्दा काम अघि नबढेको हो।

सरकारले शिक्षा मन्त्रालयअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाइमार्फत ठूला विद्यालय निर्माणका लागि बजेट विनियोजन गरेको छ। एजुकेसन म्यानेजमेन्ट इन्फर्मेसन सेन्टर (इमिस)को तथ्यांकअनुसार देशभर दुई हजारभन्दा बढी विद्यार्थी रहेका विद्यालय ७४ रहेको इकाइका अधिकारीले बताए। छुट्याएको बजेटले जति विद्यालयलाई पुग्छ त्यसैअनुसार काम गर्ने योजना छ। तर, अर्थ मन्त्रालयका सहसचिवले दुई महिनाभन्दा बढी समयसम्म कार्यविधि रोकिदिँदा कार्यक्रम अघि बढ्न सकेको छैन। इकाइले कार्यविधि निर्माण गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाएको थियो।

» पृष्ठ ४ मा क्रमशः

**ठूला विद्यालय सुविधासम्पन्न बनाउने योजना**

भौतिक र शैक्षिक रूपमा सुविधासम्पन्न गराउने उद्देश्यले सरकारले ठूला विद्यालय निर्माणको अवधारणा ल्याएको हो। टाढाबाट पनि विद्यार्थी आउन सक्ने, आवासीय सुविधा, सुविधासम्पन्न ल्याब, कक्षाकोठा र पूर्वाधार भएको विद्यालय निर्माण गर्ने र विद्यार्थी आकर्षित गर्ने सरकारको योजना छ।

# नवनिर्वाचित पाँच सांसद जसले खान पाउँदैनन् शपथ

### ■ कोविरुद्ध कस्तो अभियोग ?



**टेकबहादुर गुरुङ** : कांग्रेसबाट उम्मेदवारी दिएर मनाङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित गुरुङले काठमाडौंको प्रदर्शनीमार्गस्थित फनपार्क ठेक्कामा ३१ करोड भ्रष्टाचार गरेको अख्तियारको ठहर। विशेष अदालतमा दायर गरेको मुद्दा विचाराधीन।



**लक्ष्मी महतो कोइरी** : एमालेबाट उम्मेदवारी दिएर महोत्तरी १ बाट निर्वाचित कोइरीविरुद्ध मधेस आन्दोलनका क्रममा २५ भदौ ०७२ मा सशस्त्र प्रहरीका असइ थमन विकलाई गाडीबाट थुतेर भाला तथा धारिलो हतियारले घोचेर हत्या गरेको अभियोग छ। उनलाई २ असोज ०७६ मा जिल्ला अदालत महोत्तरीले एक लाख धरौटीमा छाड्ने आदेश दिए पनि पुनरावेदनपछि उच्च अदालत जनकपुरले पुनः पक्राउ गर्न आदेश दिएपछि फरार छन्।



**अभिराम शर्मा** : महोत्तरी ३ (१) मा लोसपाबाट मधेस प्रदेश सभा सदस्यमा निर्वाचित शर्माविरुद्ध पनि असइ विक हत्यामै संलग्न रहेको अभियोगमा महोत्तरी जिल्ला अदालतमा मुद्दा विचाराधीन छ। यसअघि उनी मधेस सरकारमा सामाजिक विकासमन्त्रीसमेत भइसकेका छन्।



**दीपक मनाङे** : स्वतन्त्र उम्मेदवारी दिएर मनाङ (२) बाट गण्डकी प्रदेश सभा सदस्यमा निर्वाचित मनाङे चर्चित डन चक्रेमिलन भनिने मिलन गुरुङलाई तरबार प्रहार गरेको अभियोगमा ज्यान मार्ने उद्योगमा मुद्दा खेपिरहेका छन्। मुद्दा चलिरहेकै अवस्थामा यसअघि पनि उनी गण्डकीको सांसद र मन्त्री भइसकेका छन्।



**बादशाह कुर्मी** : बाँके ३ (२) मा कांग्रेसबाट उम्मेदवारी दिएर निर्वाचित कुर्मी नेपालगन्जकी निर्मला कुर्मी र उनका दुई छोरा हत्या आरोपमा प्रहरी सूचीका फरार अभियुक्त हुन्। ०६८ मा निर्मलाका दुई छोराको १० दिनको फरकमा रहस्यमय ढंगले हत्या भएको थियो। विरोधमा उत्रिएकी निर्मला त्यसको केही दिनपछि बेपत्ता भइन्। उनी हालसम्म पनि बेपत्ता नै छिन्। संविधानसभामा दुईपटकका सांसद नेपालगन्जका कुर्मीसँग निर्मलाको जग्गाको विषयमा विवाद थियो।

**■ सत्तारूढ र विपक्षी गठबन्धनले उम्मेदवार नउठाएपछि मनाङ (२) मा निर्विरोध निर्वाचित भएका मनाङे सोमबार एकीकृत समाजवादीमा प्रवेश गरेका छन्**

**टेकराज थामी**/नयाँ पत्रिका

नवनिर्वाचित पाँच सांसदले पद तथा गोपनीयताको शपथ खान नपाउने भएका छन्। अदालतमा मुद्दा विचाराधीन रहेका तथा प्रहरीको फरार सूचीमा रहेका संघका दुई र प्रदेशका तीन सांसदले शपथ खान नपाउने भएका हुन्।

ती सांसदमा महोत्तरी १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित लक्ष्मी महतो कोइरी र मनाङबाट प्रतिनिधिसभामै निर्वाचित टेकबहादुर गुरुङ छन्। त्यस्तै,

» पृष्ठ ४ मा क्रमशः



नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
**आन्तरिक राजस्व कार्यालय, जोरपाटी**

## वक्यौता कर दाखिला गर्ने सम्बन्धी जरुरी सूचना

**सूचना प्रकाशित मितिः२०७९/०८/२०**

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरुलाई वक्यौता कर रकम दाखिला गर्न कार्यालयमा अभिलेख भएको ठेगानामा विभिन्न मितिमा पत्र पठाईएकोमा हाल सम्म वक्यौता रकम दाखिला नगरेको तथा कार्यालयमा सम्पर्क राख्न नआएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र वक्यौता रकम दाखिला गर्नुहुन वा दाखिला गरी सकेको भए सोको प्रमाण पेश गर्नुहुन जानकारी गराईन्छ। अन्यथा, आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १०४ देखि १११ सम्मको तथा मूल्यअभिब्रिद्धि कर ऐन, २०५२ (संशोधन सहित) को दफा २१ को उपदफा (१) मा उल्लेखित कुनै वा सबै प्रावधानको हदैसम्मको प्रक्रिया अवलम्वन गरी वक्यौता कर रकम असूल उपर गरिने व्यहोरा यसै सूचना द्वारा जानकारी गराइएको छ।

**आयकर/मू.अ.कर वक्यौता**

| सि.नं. | स्थायी लेखा नं. | कारोबारको नाम | संचालक/प्रोपाईटरको नाम | व्यवसायको ठेगाना | बक्यौताको प्रकार | बक्यौता रकम |
|---|---|---|---|---|---|---|
| १ | ३०१७८९७०५ | आम्दा नेपाल | डा.सरोज प्रसाद ओझा | गोकर्णेश्वर नगरपालिका-६, कमेरेपानी | आयकर | ७३०६२५७९ |
| २ | ३०२६९८०७५ | सिद्धार्थ सदन | ल्हारक्याल लामा | काठमाडौं महानगरपालिका-६,बौद्ध | आयकर | १७४५३४६७ |
| ३ | ३०१४४७७७९ | बुद्ध हिमाली कन्स्ट्रक्सन प्रा. लि. | हिमाली बुढा | काठमाडौं महानगरपालिका-६, फूलबारी | मू.अ.कर | ७१०८६३० |
| ४ | ६००९९६५५० | एसेन्ट हिमालयाज ट्रेक्स एण्ड एक्स्पीडिसन प्रा.लि. | मिङमा छिरी शेर्पा | काठमाडौं महानगरपालिका-६, सरस्वतीनगर | मू.अ.कर | ६७७५५८५ |
| ५ | ३०३०१५४०८ | सौगात टेठतिसड कन्सर्न | जलधारी राय | गोकर्णेश्वर नगरपालिका-८, जोरपाटी | आयकर | ५११९१०१ |
| ६ | ६०६७३०६५९ | त्रिवेणी ब्रम्हायणी कन्स्ट्रक्सन प्रा.लि. | प्रताप सिं तामाङ | कागेश्वरी मनोहरा नगरपालिका-६, मुलपानी | मू.अ.कर | ४२२२७४१ |
| ७ | ६१०२०८५१९ | नेपाल गार्मिन ट्रेडिंग कम्पनि प्रा.लि. | अस्मिता कार्की | काठमाडौं ६ टुसाल | मू.अ.कर | १९०२६५८ |
| ८ | ६०१६४९७८३ | हाइबुङ्ग हाइड्रो कन्स्ट्रक्सन प्रा.लि. | ज्ञान कुमार लामा | गोकर्णेश्वर नगरपालिका-६, डाडागाउँ | मू.अ.कर | १४१६७८० |
| ९ | ६१५९७७७४८ | धुलिखेल/उमा/आर.एण्ड सी.एस जे.भि | यन प्रसाद अधिकारी | गोकर्णेश्वर नगरपालिका-५, जोरपाटी | मू.अ.कर | १४११६२५ |
| १० | ६००६२५९९१ | फिटवेल गार्मेन्ट उद्योग प्रा.लि. | मनोज कुमार भारती | गोकर्णेश्वर नगरपालिका-२, नयांपाटी | मू.अ.कर | १२८२९८३ |
| ११ | ६०४२८८७८९ | निर्वाण माइनिङ एण्ड मिनरल्स् इण्डष्ट्रिज प्रा. लि. | कृष्ण प्रसाद प्रसाइ | शंखरापुर नगरपालिका-७, शंखरापुर | मू.अ.कर | १२६९११२ |
| १२ | ६००९९५३५१ | सम्वृद्धि अटो इन्टरप्राइजेज | भिम प्रसाद चौलागाई | गोकर्णेश्वर नगरपालिका-६, जोरपाटी | आयकर | ११८३७३५ |
| १३ | ३०२७५१९८५ | आर.एण्ड सी. विल्डर्स | यन प्रसाद अधिकारी | गोकर्णेश्वर नगरपालिका-६, नयाँबस्ती | आयकर | ११४९८५६ |
| १४ | ६०९९९४६६७ | काठमाण्डौं मल्टिपर्पोज कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | रविन्द कुमार श्रेष्ठ | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | ११०६२४५ |
| १५ | ६०९८४३०९७ | चामुण्डाए भगवती कन्स्ट्रक्सन प्रा.लि | टिकाराम थापा | काठमाडौं महानगरपालिका-६,बौद्ध फूलबारी | मू.अ.कर | ११०४०५४ |
| १६ | ६००३८५१३८ | सिर्जना इलेक्ट्रोनिक्स सप | कुमार नेपाली | गोकर्णेश्वर नगरपालिका-९, शंखटोल | मू.अ.कर | १०८७७९० |
| १७ | ६०३९७३२१३ | सनमुन अटोपार्टस् | सुरेन्द्र बहादुर खत्री | गोकर्णेश्वर नगरपालिका-९, अत्तरखेल | आयकर | १०७५७५७ |
| १८ | ६००४३८६४३ | प्रतिभा इन्टरनेशनल ट्रेड कन्सर्न | दिवस कोइराला | गोकर्णेश्वर नगरपालिका-८, माकलबारी | आयकर | ९२१३०० |
| १९ | ६००६२८४२४ | स्याम सुन्दर/ प्राकृतिक जे.भि. | राम शरण देउजा | कागेश्वरी मनोहरा नगरपालिका-६, मुलपानी | मू.अ.कर | ८६६०७४ |
| २० | ६०६७६४४१२ | श्यारीम् चो कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | छिरी शेर्पा | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | ८४३४३७ |
| २१ | ६०६७४५१७८ | नेपाल उड इण्डष्ट्रिज प्रा.लि. | राज कुमार बस्नेत | काठमाडौं महानगरपालिका-६, बौद्ध | आयकर | ८२०६६० |
| २२ | ६०७१५२२८३ | राजधानी विल्डीङ्ग डेकोर सोलुसन सेन्टर | कमला बुढाथोकी | कागेश्वरी मनोहरा नगरपालिका-४ डांछी | आयकर | ८१३९२५ |
| २३ | ६०१८३५६८१ | ए. आई. इन्डष्ट्रिज प्रा.लि. | किरण कुमार श्रेष्ठ | गोकर्णेश्वर नगरपालिका-६, अर्यालगाउ | मू.अ.कर | ७२४३३८ |
| २४ | ६०२१५६७०१ | निर्मला फर्निचर उद्योग | जन बहादुर राई | गोकर्णेश्वर नगरपालिका-८, वेशीगाउ | मू.अ.कर | ७०४९७७ |
| २५ | ६००२७८४२७ | सोनाम विजनेश ट्रेड लिंक | सोनाम शेर्पा | गोकर्णेश्वर नगरपालिका-८, आरुबारी | मू.अ.कर | ७०४५५२ |
| २६ | ६००५५९१२४ | मिन ट्रेडिङ्ग कम्पनी प्रा.लि. | सुनिल चालिसे | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | ६७२६९५ |
| २७ | ३०२४७५०६१ | अंकिता ट्रेडर्स | संजय कुमार अग्रवाल | गोकर्णेश्वर नगरपालिका-६,नयाँबस्ती | मू.अ.कर | ६३३२५५ |
| २८ | ६०८७९६८४४ | सिता ट्रेड इन्टरनेशनल | सिता श्रेष्ठ | कागेश्वरी मनोहरा नगरपालिका-६, मुलपानी | आयकर | ६१८६३० |
| २९ | ६०४२९८८५६ | श्री बज्रयोगिनी प्लाइउड इण्डष्ट्रिज प्रा. लि. | सुपेन्द्र राज भण्डारी | शंखरापुर नगरपालिका-८, सुन्टोल साँखु | मू.अ.कर | ६०५७१५ |
| ३० | ६०४२९००२९ | महिन्द्रा जोरपाटी अटो वर्क्स प्रा. लि. | सन्तोष बुडाथोकी | गोकर्णेश्वर नगरपालिका-७, जोरपाटी | मू.अ.कर | ५६६७४७ |
| ३१ | ५०००४२६४३ | निर्भाना कार्पेट इण्डष्ट्रीज | छिरिङ डोल्कार लामा | गोकर्णेश्वर नगरपालिका-८, बेशीगाउँ | आयकर | ५६४२४३ |
| ३२ | ६०३५२८२९५ | मनकामना इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | मनोज कुमार राई | गोकर्णेश्वर नगरपालिका-६, नारायणटार | मू.अ.कर | ५५८९४९ |
| ३३ | ३०३६११६५५ | जमाल ट्रेडर्स | असलम जमाल | काठमाडौं महानगरपालिका-६, बौद्ध | आयकर/मू.अ.कर | ५२९३५६ |
| ३४ | ३०३९५७६१२ | मुक्ति बचत तथा ऋण सहकारी सस्था लि. | ताल ह्रास श्रेष्ठ | गोकर्णेश्वर नगरपालिका-५, जोरपाटी | आयकर | ५१०६१२ |
| ३५ | ३०२९५८६३८ | श्रीकृष्ण इन्भेष्टमेण्टस एण्ड म्यानेजमेन्ट कन्सल्टिङ्ग प्रा.लि. | कृष्ण प्रसाद मैनाली | काठमाडौं महानगरपालिका-६,चावहिल | मू.अ.कर | ५०२००१ |
| ३६ | ६०६९०९९३६ | रकल्याण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | रिता आचार्य | काठमाडौं महानगरपालिका-६, माहांकाल | मू.अ.कर | ४८९६९२ |
| ३७ | ६०४३६२९५५ | लिनेन क्राफ्ट लौण्ड्री सर्भिसेज प्रा.लि. | मनोहर त्रिपाठी | गोकर्णेश्वर नगरपालिका-६, जोरपाटी | मू.अ.कर | ४७६६०० |
| ३८ | ६००८३१०५९ | बौद्धनाथ सेक्यूरिटी सर्भिस प्रा.लि. | धुरव राज भारती | काठमाडौं महानगरपालिका-६, बौद्ध, टुसाल | मू.अ.कर | ४७५५५९ |
| ३९ | ६०५५२७००५ | शिव शक्ति फर्निचर शोरुम | साजन के.सी. | गोकर्णेश्वर नगरपालिका-१२, महादेवमार्ग | मू.अ.कर | ४७३३३२ |
| ४० | ३०१५४६९०४ | पंचबुद्ध मार्केटिङ्ग | नाथ लाल डङ्गोल | काठमाडौं महानगरपालिका-६, बौद्ध | आयकर | ४७२५९० |
| ४१ | ३०१९४०१७५ | यङडी एण्ड लामा/कुन्सालिङ्ग कन्स्ट्रक्सन जे.भी. | रामाकान्त प्रसाद चौरसिया | काठमाडौं ६ बौद्ध फुलवार | मू.अ.कर | ४६८०९० |
| ४२ | १०७३१६९५६ | पाथीभरा फेशन हाउस | कुमार अधिकारी | काठमाडौं महानगरपालिका-६, भूकुटीचोक | मू.अ.कर | ४६७१२८ |
| ४३ | ३०४४२९२७३ | ए.डि.हिमालयन/कोमल जे.भि. | रण बिक्रम लिम्बु | काठमाडौं ६ बौद्ध | मू.अ.कर | ४५४६९५ |
| ४४ | ६०२१४८८०७ | सोउका इन्टरप्राइजेज | काशीनाथ पोखेल | गोकर्णेश्वर नगरपालिका-५, जोरपाटी | मू.अ.कर | ४५४१७२ |
| ४५ | ६००६२३८०५ | शिवशक्ति / महालक्ष्मी /बागमती कंक्रीट जे.भि | विना थापा | गोकर्णेश्वर नगरपालिका-१, नयांपाटी | आयकर | ४४२८३३ |
| ४६ | ६००२४८४५७ | मण्डनी ट्रेडर्स | दिल बहादुर तामाङ्ग | काठमाडौं महानगरपालिका-६, बौद्ध | आयकर | ४३५८०४ |
| ४७ | ६११५६३१७० | उत्पल क्याफे | कान्छी माया शेर्पा | काठमाडौं महानगरपालिका-६,पाओगुम्बामार्ग | मू.अ.कर | ४२१४२९ |
| ४८ | ६००२४१२२१ | न्यू विवेस फर्निचर एण्ड फर्निसिङ | भोला मान योन्जन | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | ४२०३२४ |
| ४९ | ३०४९०८११८ | किल्प ट्रेडर्स | लाक्पा आङजुङ शेर्पा | गोकर्णेश्वर नगरपालिका-६, फैका | मू.अ.कर | ४१२०५८ |
| ५० | ६००९३१२१६ | ए.आइ.टी.एमीज आइ.टि. | अनिता कुमारी रेग्मी | काठमाडौं महानगरपालिका-६, सरस्वतीनगर | मू.अ.कर | ४१००२६ |
| ५१ | ३०२६००६७२ | सुमित्रा इन्टरनेशनल प्रा.लि. | शान्ति देवी माखरीया | गोकर्णेश्वर नगरपालिका-६,नयाँबस्ती | मू.अ.कर | ४०७५९७ |
| ५२ | ६०४२५३०१३ | जे.टी.इण्डष्ट्रिज प्रा.लि. | बिपी सिंह ठकुरी | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | ४०११८४ |
| ५३ | ३०२६१९९१३ | यङडी एण्ड लामा/कुन्सालिङ्ग कन्स्ट्रक्सन जे.भी | दावा शेर्पा | काठमाडौं ६ बौद्ध | मू.अ.कर | ३९९०७१ |
| ५४ | ६१०२०६२८५ | नितेश एण्ड आकास ट्रेडर्स | नितेश कुमार साह | गोकर्णेश्वर नगरपालिका-५, जोरपाटी | मू.अ.कर | ३९६८२३ |
| ५५ | ३०४३०३४२७ | फर्निटिक इण्डष्ट्रिज प्रा.लि. | दिपेश शाक्य | गोकर्णेश्वर नगरपालिका-१२, जोरपाटी | आयकर | ३९५९९० |
| ५६ | ६०११७९६१३ | त्रिदेव ट्रेडर्स | धन कुमार तामाङ्ग | गोकर्णेश्वर नगरपालिका-७, माकलबारी | आयकर | ३९५६८३ |
| ५७ | ६०९६००४१८ | ह्याल्मो ग्रुप कन्स्ट्रक्सन प्रा.लि. | मिङमार शेर्पा | गोकर्णेश्वर नगरपालिका-४, माकलबारी | मू.अ.कर | ३८९९५५ |
| ५८ | ३०२०५९००७ | सिद्धि विनायक हार्डवेयर एण्ड सप्लायर्स | पूण कुमार श्रेष्ठ (भुजु) | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | ३८२०२८ |
| ५९ | ६०५०५५१९३ | सिद्धि साई । द क्याराभान जे. भि. | दीपेन्द्र बहादुर शाही | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | ३७९९२४ |
| ६० | ६०६८०७४९० | देम्बा ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. | सुमन महतारा | कागेश्वरी मनोहरा नगरपालिका-६, मुलपानी | मू.अ.कर | ३७८७७५ |
| ६१ | ६०१८५६८०२ | माइन्डस् फ्रेम द टेक्नोगेट प्रा.लि. | नरेन्द्र कुमार गुप्ता | कागेश्वरी मनोहरा ६ ग्रिनहिल सिटी | मू.अ.कर | ३७७९५६ |
| ६२ | ६००२४८४३१ | निमन्त्रण ट्रेडिङ्ग प्रा.ली. | बिवस निरौला | काठमाडौं महानगरपालिका-६, बौद्धनाथ मार्ग | आयकर | ३७६६९२ |
| ६३ | ३०४२४३१३० | स्वयम्भू कन्स्ट्रक्सन प्रा.लि. | ऋषि सापकोटा | गोकर्णेश्वर नगरपालिका-५, जोरपाटी | मू.अ.कर | ३७४६४० |
| ६४ | ६१७४२२७४९ | मैसर्स –के.एम.वी इण्डस्ट्रीज | शालीक राम पुडासैनी | गोकर्णेश्वर नगरपालिका-६, जोरपाटी | मू.अ.कर | ३६०६५४ |
| ६५ | ६०६८९७७१२ | लामा सर्भे कन्सलट प्रा.लि. | सुस्मिता रुम्वा | गोकर्णेश्वर नगरपालिका-८, नागेश्वर | मू.अ.कर | ३५७३३५ |
| ६६ | ६००६५१२२६ | हिम देव ट्रेडर्स | तुल्सी सुलु मानन्धर | काठमाडौं ६ तिनचुली | आयकर | ३४८१६३ |
| ६७ | ६१२३४६७७८ | रारा फिट कन्स्ट्रक्सन सेवा | पासाङ तामाङ | गोकर्णेश्वर नगरपालिका-९, शिवपुरी | मू.अ.कर | ३४६५६६ |
| ६८ | ३०४९१४९९७ | बि आर इन्टरनेशनल ट्रेडिङ | बिर्जु रंजितकार | काठमाडौं महानगरपालिका-६, बौद्ध, टुसाल | मू.अ.कर | ३२४४६८ |
| ६९ | ६१४४०८२१८ | बक्सबाईट इंक | राजेश गुरुङ | गोकर्णेश्वर नगरपालिका-८, बेसिगाउ | मू.अ.कर | ३१७४३० |
| ७० | ६०६९७२११६ | एन.एस कन्स्ट्रक्सन | दावा शेर्पा | गोकर्णेश्वर ८ बेसिगाँउ | मू.अ.कर | ३१५४१८ |
| ७१ | ३०२२४२४२७ | ओमराज इन्टरप्राईजेज | गोविन्द वहादुर भण्डारी | कागेश्वरी मनोहरा नगरपालिका-५, थली | मू.अ.कर | ३१३९३७ |
| ७२ | ६०९८७३०४१ | ओसियन ब्राइट सेक्युरिटी सर्भिस प्रा.लि. | विकास गुरुङ | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | ३१३८३१ |
| ७३ | ६०५९१३४६२ | आर.एस.ईन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.लि. | राम प्रकाश महतो | गोकर्णेश्वर नगरपालिका-७, दक्षिणढोका | मू.अ.कर | ३११३९४ |
| ७४ | ३०१५५३२५२ | एल टि डोल्मा कार्पेट ई | श्री ङवाङ्ग डोल्मा लामा | काठमाडौं महानगरपालिका-६, बौद्ध | आयकर | ३१०९४२ |
| ७५ | ६०००४०५३४ | आर.क्यू.प्रिन्टिङ्ग प्रेस | अशोष कार्की | कागेश्वरी मनोहरा नगरपालिका-२, आलापोट | मू.अ.कर | ३०९८८६ |
| ७६ | ६०११७७६२० | बासुकी ट्रेड कन्सर्न | उषा तिमील्सीना | गोकर्णेश्वर नगरपालिका-५,वासुकीनगर | मू.अ.कर | ३०६७५५ |
| ७७ | ६०५९८६९३८ | मातृभूमि हार्डवेयर प्रा.लि. | इश्वर खड्का | कागेश्वरी मनोहरा नगरपालिका-४,कागेश्वरी | मू.अ.कर | २९७२२३ |
| ७८ | ६१३३११९६० | आर.एम.बि नेटवर्क प्रा.लि. | फडिन्द्र अधिकारी | काठमाडौं महानगरपालिका-६, माहांकाल | मू.अ.कर | २९२५९९ |
| ७९ | ६०९७५००६९ | दोर्जेफामु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | कृष्ण घलान | शंखरापुर नगरपालिका-८, घोडेल्वे | मू.अ.कर | २८३४७६ |
| ८० | ६०६८६१४२९ | करिमा रेडिमेड प्रा.लि. | मोजिमा खातुन | काठमाडौं महानगरपालिका-६, सरस्वतीनगर | मू.अ.कर | २७६२५९ |
| ८१ | ३०४३७१६५७ | अलौकिक सपनावती बचत तथा ऋण सहकारी संस्था लि. | निरञ्जन नेपाल | काठमाडौं महानगरपालिका-६, बौद्ध | आयकर | २७१३९३ |
| ८२ | ३०३६११६५५ | जमाल ट्रेडर्स | असलम जमाल | काठमाडौं ६ बौद्ध | मू.अ.कर | २६९९८२ |
| ८३ | ६०१२४५१३६ | वटुक लिक्वीयर्स | रुपा खड्का | काठमाडौं महानगरपालिका-६, तेन्जिङचोक | मू.अ.कर | २६५८१४ |
| ८४ | ३०५०३३०९९ | जम्बला कन्स्ट्रक्सन प्रा.लि. | बिर बहादुर घलान | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | २६५६९५ |
| ८५ | ११२८७८२५२ | मयुना मेडिसिन सप्लायर्स | लक्ष्मी गौतम | शंखरापुर नगरपालिका-९, खुलालटार | मू.अ.कर | २६५६०२ |
| ८६ | ६०३५२५०१६ | विवस इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | रमेश राई | काठमाडौं ६ चावहिल | मू.अ.कर | २६४८२६ |
| ८७ | ३०१५५४०९१ | ज्ञानवाटिका एजुकेशन फाउण्डेशन प्रा.लि. | केशव भट्टराई | काठमाडौं महानगरपालिका-६, बौद्ध | आयकर | २६४४४० |
| ८८ | १०२१८४९७६ | माँ पाथिभारा ट्रेडर्स | पुष्कर राज थापा | कागेश्वरी मनोहरा नगरपालिका-६, ग्रीन हिल सिटि टोल | मू.अ.कर | २६२६०३ |
| ८९ | ६०९५७९७२५ | बि.एम.ए. कन्स्ट्रक्सन प्रा.लि. | असोक शेर्पा | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | २५८३९३ |
| ९० | ३०२९९४३३९ | सफा सेनिटरी प्रोडक्ट प्रा.लि. | उपेन्द्र देव ढकाल | कागेश्वरी मनोहरा नगरपालिका-६, मुलपानी | मू.अ.कर | २५७९९५ |
| ९१ | ३०२२९७०८३ | संकल्प इन्टरप्राइजेज | गोकर्ण बहादुर थापा | गोकर्णेश्वर नगरपालिका-६, जोरपाटी | आयकर | २५०४९२ |
| ९२ | ३०००५८७६७ | शेर पुम्पा कन्स्ट्रक्सन | सन फिन्जु शेर्पा | काठमाडौं महानगरपालिका-६,चुच्चेपाटी चावहिल | मू.अ.कर | २४५५५७ |
| ९३ | ५००१८७२०९ | साई गार्मेन्ट इण्डष्ट्रिज प्रा. लि. | सुनिल शर्मा | गोकर्णेश्वर नगरपालिका-८, जोरपाटी | आयकर | २४४५११ |
| ९४ | ३०२५८०६४४ | पि एन उलन उद्योग | नरेन्द्र प्रसाद पराजुली | गोकर्णेश्वर नगरपालिका-६, जोरपाटी | आयकर | २३८५५३ |
| ९५ | ६०६८५१६५१ | बिन्दवासीनी बालुवा खानी तथा प्रशोधन प्रा.लि. | दिपक कुमार पोखरेल | शंखरापुर नगरपालिका-९, सुकेखोला | मू.अ.कर | २३४१९२ |
| ९६ | ६०३१०९७०८ | मुक्तिलक्ष्मी ईन्टरप्राइजेज | मुक्तिनाथ सापकोटा | गोकर्णेश्वर नगरपालिका-९, माकलबारी | मू.अ.कर | २२८५९२ |
| ९७ | ६०६१८७९४३ | किरातेश्वर। वर्ल्ड वाईड। आर.एण्ड.सी.जे.भी. | यन प्रसाद अधिकारी | गोकर्णेश्वर नगरपालिका-१२, जोरपाटी | आयकर | २२५९०० |
| ९८ | ३००४३८५७० | जय गणेश मार्केटिङ्ग | निर्मला मंगला | गोकर्णेश्वर नगरपालिका-५, जोरपाटी | मू.अ.कर | २२१९५६ |
| ९९ | ६०६६४४१९८ | त्रिपुरा आर्शिवाद कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | यादव श्रेष्ठ | गोकर्णेश्वर नगरपालिका-६, आरुबारी | मू.अ.कर | २१९३४८ |

क्रमशः पृष्ठ ३ मा



## सुकुमबासीको सन्देश- विनाविकल्प हट्दैनौं




थापाथलीस्थित बागमती करिडोरमा टहरा निर्माण गरी बसोवास गर्दै आएका भूमिहीनहरूले सोमबार प्रदर्शन गरेका छन्। काठमाडौं महानगरपालिका र बागमती सभ्यता एकीकृत विकास समितिले बस्ती हटाउन सूचना जारी गरेपछि उनीहरूले विनाविकल्प नहट्ने सन्देशसहित काठमाडौंको माइतीघरदेखि नयाँ बानेश्वरसम्म र्‍याली निकालेका हुन्। र्‍यालीमा सहभागीले बस्ती हटाउने महानगरको कदम रोकिनुपर्ने, जमिनमाथिको अधिकार सुनिश्चित गरिनुपर्नेजस्ता माग गरेका थिए। १२ मंसिरमा महानगरले बस्ती हटाउने क्रममा कुटाकुट भएको र सोही आरोपमा महानगरले दिएको किटानी जाहेरी फिर्ता लिनुपर्ने माग गरेका छन्। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

# नगर प्रहरीलाई कुट्नेमाथि नेपाल प्रहरीले अघि बढाएन कारबाही

■ महानगर प्रहरी प्रमुख राजुनाथ पाण्डे भन्छन्- **खुलेआम हिँडेकालाई पनि नेपाल प्रहरीले समातेन**

■ परिसर प्रवक्ता एसपी दिनेश मैनाली भन्छन्- **आक्रमण गर्नेलाई खोजिरहेका छौं**

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

नगर प्रहरीमाथि सांघातिक आक्रमण गर्नेविरुद्ध कारबाही माग गर्दै काठमाडौं महानगरपालिकाले दिएको किटानी जाहेरीलाई जिल्ला प्रहरी परिसर काठमाडौंले बेवास्ता गरेको छ। आक्रमण गर्ने व्यक्तिको विवरणसहित १३ मंसिरमा जाहेरी दर्ता गरे पनि परिसरले हालसम्म पक्राउ गरेको छैन।

नगर प्रहरीमाथि आक्रमण गर्ने आठजनाको विवरण जाहेरीमा खुलाएको छ। तर, आक्रमण गर्नेविरुद्ध नेपाल प्रहरीले कारबाही कदम अघि नबढाएको महानगरको आरोप छ। महानगरका प्रवक्ता नवीन मानन्धरले नेपाल प्रहरीले नगर प्रहरीमाथि आक्रमण गर्नेलाई कारबाही नगरेको बताए। 'हामीले तत्काल कारबाही हुनुपर्छ भनेर माग गरेका थियौं,' उनले भने, 'तर, नेपाल प्रहरीले जाहेरीउपर कुनै एक्सन लिएको छैन।'

उनका अनुसार थापाथलीस्थित सुकुमबासीले अनधिकृत रूपमा ओगटेका टहरा भत्काउन अनुसार १२ मंसिरमा महानगरको नगर प्रहरी खटाइएको थियो। सोही क्रममा टहरोमा बस्दै आएका व्यक्तिहरूले नगर प्रहरीलाई ढुंगामुढा र हातपात गरेका थिए। सो क्रममा ३६ जना नगर प्रहरी घाइते भएका थिए। आक्रमणबाट गम्भीर घाइते सर्मिला बोगटी, झरना विक र विष्णा ढुंगानाको नर्भिक अस्पतालमा उपचार जारी छ।

सो आक्रमणमा सहभागी राजु तामाङ, दीपकजंग कुँवर, नारायण परिश्रमी, हुकुमबहादुर लामालगायत आठविरुद्ध कारबाही माग गरिएको थियो। तर, विवरण खुलाउँदासमेत प्रहरीले उनीहरूमाथि कारबाही अघि बढाएको छैन।

परिसरका प्रवक्ता दिनेशराज मैनालीले जाहेरीमाथि काम गरिरहेको जानकारी दिए। उनले भने, 'हामीकहाँ जाहेरी परेपछि अनुसन्धान भइरहेको छ, कोही पक्राउ परेका छैनन्।' जाहेरीमा नाम समावेश भएकामाथि जोहरी दर्तालगत्तै अनुसन्धान भइरहेको उनको दाबी छ।

तर, काठमाडौं महानगरका नगर प्रहरी प्रमुख एसपी राजुनाथ पाण्डेले खुलेयाम हिँडिरहेकालाई पनि नेपाल प्रहरीले समाउन नसकेको बताए। 'हामीले कारबाही माग गर्दै दिएको जाहेरीमा नेपाल प्रहरीले चासो दिएन,' उनले भने, 'खुलेयाम हिँडेकालाई फरार भनेर टारिरहेको छ।'

### सुकुमबासी हटाउने अभियानबाट पछि हट्यो नगर प्रहरी

सांघातिक आक्रमणपछि सुकुमबासी हटाउने अभियानबाट काठमाडौं महानगर पछि हटेको छ। बागमती सभ्यता एकीकृत विकास समितिको आग्रहपछि नगर प्रहरी अतिक्रमित संरचना हटाउन १२ मंसिरमा थापाथली क्षेत्रमा पुगेको थियो। विनासूचना आफूहरूलाई हटाउन खोजेको भन्दै टहरामा बस्दै आएकाहरू आक्रमणमा उत्रिएका थिए। संरचना हटाउन गएको नगर प्रहरी आक्रमणमा परेपछि फर्किएको थियो। तर, अब त्यस क्षेत्रका संरचना हटाउन नेपाल प्रहरी र अन्य निकायको साथ चाहिने महानगरका प्रवक्ता मानन्धरले बताए। 'महानगर प्रहरीसँग ठूलो दलबल हुँदैन, यस्तो अभियानमा नेपाल प्रहरीलगायतका निकायको साथ चाहिन्छ,' उनले भने, 'तर, अन्य निकायले साथ दिएका छैनन्।' उनका अनुसार ती संरचना हटाउने विषयमा छलफल भने भइरहेको छ। तर, नगर प्रहरीमाथि आक्रमण हुने हुँदा नेपाल प्रहरीको सहयोग माग गरिएको छ।

# गंगालाल अस्पतालले पूरा गर्‍यो २० हजार ओपन हर्ट सर्जरी

**काठमाडौं**/ सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले हालसम्म २० हजार ओपन हर्ट शल्यक्रिया पूरा गरेको छ। मुटुरोगको उपचारमा लागि देशकै ठूलो सरकारी अस्पतालले सोमबार प्रतिवेदन जारी गर्दै हालसम्म २० हजार ओपन हर्ट शल्यक्रिया गरेको जनाएको हो। हालसम्म देशभर भएका करिब २५ हजार ओपन हर्ट सर्जरीमध्ये गंगालालमा मात्रै २० हजार शल्यक्रिया गरिएको हो। अस्पतालमा कार्यरत वरिष्ठ चिकित्सक डा. रामेश कोइरालाले गंगालाल अस्पतालले ठूलो संख्यामा सफल शल्यक्रिया गर्नु ठूलो उपलब्धि भएको बताएका हुन्।

हाल दुई सय ३९ शय्याबाट सेवा दिइरहेको गंगालाल अस्पतालले ओपन हर्ट सर्जरीका साथै यस वर्षदेखि केन्द्रमा शल्यक्रिया नगरीकनै चारवटा मुटुका भल्भ प्रत्यारोपण गरेको छ। शल्यक्रिया नगरीकनै 'ट्रान्सक्याथर इरोटिक भल्भ इम्प्लामेन्टेसन प्रविधिबाट मुटुको भल्भ प्रत्यारोपण सुरु गरेको हो। अस्पतालले पछिल्लो २५ वर्षमा ८० हजार बिरामीका विभिन्नखाले क्याथ प्रोसेड्युअर र २५ हजार बिरामीको मुटुको शल्यक्रिया गरेको जनाएको छ। स्थापनाकालदेखि हालसम्म १९ लाख बिरामीको उपचार गरेको जनाएको गंगालाल अस्पताल नौ शय्याबाट सुरु भएको थियो।

# महानगरको कल सेन्टरमा २१ हजार कल

## सबैभन्दा बढी फोन महानगर प्रहरी बललाई

**नयाँ पत्रिका**
**काठमाडौं, १९ मंसिर**

काडमाडौं महानगरको कल सेन्टरमा ६ महिनामै २१ हजार फोनकल (सोधपुछ तथा गुनासो) आएको छ। महानगरले गत जेठमा सर्वसाधारणको गुनासो सुन्न कल सेन्टर स्थापना गरेको थियो। यही क्रममा १५ मंसिरसम्ममा २१ हजार आठ सय ८६ कल आएका हुन्।

महानगरमा आएका कलमध्ये एक हजार आठ सय ६८ गुनासा छन्। ती गुनासा सम्बन्धित विभाग र निकायमा समाधानका लागि पठाइएको छ। गुनासामध्ये सबैभन्दा धेरै नगर प्रहरी बलका लागि ६ सय १५, मेयर सचिवालयका लागि चार सय सात, सार्वजनिक निर्माण शाखाका लागि तीन सय ९५, वातावरण विभागका लागि तीन सय ६५, स्वास्थ्य शाखाका लागि ७५, प्रशासन शाखाका लागि १९ र अन्य शाखाका लागि सात गुनासा आएका छन्। विभिन्न शाखामा पठाइएका गुनासामध्ये सात सय ४१ गुनासा समाधान भइसकेका छन्।

११ सय २६ गुनासा समाधानको चरणमा रहेको महानगरपालिकाअन्तर्गत सूचना प्रविधि विभागले जनाएको छ। कल सेन्टरमा आएका कलमध्ये जेठ-असार महिनामा सबैभन्दा धेरै ६ हजार आठ सय ६५ कल आएका छन्। असार-साउनमा तीन हजार पाँच सय १३, साउन-भदौमा एक हजार सात सय ९४, भदौ-असोजमा पाँच हजार एक सय १०, असोज-



कात्तिकमा दुई हजार आठ सय पाँच र कात्तिक-मंसिरमा एक हजार सात सय ९९ कल आएका छन्।

निर्वाचित हुनेबित्तिकै काठमाडौं महानगरपालिकाका मेयर बालेन साहले कल सेन्टर (गुनासो व्यवस्थापन तथा सोधपुछ केन्द्र) सञ्चालन गर्ने घोषणा गरेका थिए। सोही घोषणाअनुरूप महानगरलाई उत्तरदायी स्थानीय सरकार बनाउन कल सेन्टरको स्थापना गरेका थिए।

नवनिर्वाचित जनप्रतिनिधिले पदबहाली गरेपछि १६ जेठमा बसेको पहिलो कार्यपालिका बैठकले सात दिनभित्र कल सेन्टर सञ्चालन गर्ने निर्णय गरेको थियो। सोही निर्णय कार्यान्वयन गर्दै २४ जेठदेखि राष्ट्रिय सभागृहमा कल सेन्टर सञ्चालन गरिएको थियो। महानगरसँग कुनै गुनासो गर्नु छ भने वा केही सोधपुछ गर्नुपरे टेलिफोन नम्बर १६६००१०५५११ मा निःशुल्क सम्पर्क गर्न सकिने व्यवस्था छ।

# महाकालीमा एकतर्फी तटबन्ध बनाइएकोबारे आज भारतलाई चिठी पठाइँदै

सोमबार अपराह्न हामीले स्थलगत विवरणसहित परराष्ट्रलाई चिठी लेखेका छौँ। प्राविधिक रूपमा पनि समस्याको दीर्घकालीन प्रयास खोज्नुपर्छ। यसका लागि दुवै पक्षले सम्भव भएजति प्रयास गर्नु आवश्यक देखिएको छ।

■ **फणीन्द्रमणि पोखरेल**
प्रवक्ता, गृह मन्त्रालय



काठमाडौंमा **पर्शुराम काफ्ले**
दार्चुलामा **नरेन्द्रसिंह कार्की**

दार्चुलास्थित महाकाली नदीमा भारतले एकतर्फी तटबन्ध बनाएको विषयमा नेपालले भारतसँग स्थायी समाधानका लागि पहल गर्ने भएको छ। परराष्ट्र मन्त्रालयले मंगलबार भारतीय विदेश मन्त्रालयलाई आइतबार भएको झडपको घटना विवरण र तटबन्धका विषयमा पत्राचार गर्न लागेको हो।

गृह मन्त्रालयले दार्चुलास्थित जिल्ला प्रशासन कार्यालयबाट प्राप्त स्थलगत प्रतिवेदनसहित दीर्घकालीन प्रयासका लागि परराष्ट्र मन्त्रालयलाई सोमबार साँझ चिठी लेखेको छ। गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले दीर्घकालीन समाधानका लागि कूटनीतिक पहल गर्न गृहले परराष्ट्रलाई चिठी पठाएको जानकारी दिए।

'सोमबार अपराह्न हामीले स्थलगत विवरणसहित परराष्ट्रलाई चिठी लेखेका छौँ,' उनले भने, 'प्राविधिक रूपमा पनि समस्याको दीर्घकालीन प्रयास खोज्नुपर्छ। यसका लागि दुवै पक्षले सम्भव भएजति प्रयास गर्नु आवश्यक देखिएको छ।' घटनाबारे कूटनीतिक प्रयासका विषयमा मुख्यसचिव शंकरदास वैरागी र परराष्ट्रसचिव भरतराज पौड्यालबीच पनि सोमबार छलफल भएको छ। गृह मन्त्रालयको चिठीका आधारमा मंगलबार भारतलाई चिठी पठाउने तयारी भएको छ। 'मंगलबार बिहान भारतलाई चिठी पठाउने तयारी छ, त्यसपछि भारतको रेस्पोन्सका आधारमा हामी दीर्घकालीन समाधानका लागि अघि बढ्छौँ,' प्रधानमन्त्रीनिकट स्रोतले नयाँ पत्रिकासँग भन्यो।



दार्चुलाको महाकाली नदीको बंगाबगड क्षेत्रमा नेपालतिर पानीको बहाव फर्काउन प्रयोग गरिएको भारतीय डोजर। तस्बिर : **नरेन्द्रसिंह कार्की**/नयाँ पत्रिका

नेपाललाई क्षति पुग्ने गरी महाकालीमा तटबन्ध निर्माण भएपछि दार्चुलाका स्थानीय बासिन्दाले विरोध गरेका थिए। महाकाली नदीबीचमा ग्याबिन जाली लगाएर भारतले तटबन्ध निर्माण गरेका कारण तनाव उत्पन्न भएको थियो। स्थानीयले दुई देश जोड्ने झोलुङे पुलमा तालाबन्दी गरेका थिए।

भारतीय कम्पनी अरुण कन्स्ट्रक्सनले सीमा नदी महाकालीको पानीको बहाव नेपालतर्फ फर्काएर तटबन्ध निर्माण गरेको विरोधमा स्थानीयले पुल बन्द गरेका थिए। उक्त स्थानमा एक किलोमिटर लम्बाइ र आठ मिटर चौडाइमा पक्की तटबन्ध निर्माण भइरहेको छ। आइतबार दिउँसो भारतीय पक्षको डोजरले बंगाबगड क्षेत्रमा नेपालतिर पानीको बहाव फर्काउने गरी काम थालेपछि नेपाली पक्षले विरोध गरेका थियो। त्यसपछि दुवैतर्फ ढुंगा हानाहान भएको थियो। ढुंगाले लागेर नेपालतर्फ प्रेमसिंह कुँवर र पुष्कर सिंह तथा भारततर्फ रमेश कुटियाल र तटबन्ध निर्माणमा काम गरेका नेपाली मजदुर जयसिंह घाइते भएका थिए।

दार्चुलामा तटबन्ध निर्माण कार्य राष्ट्रिय स्वतन्त्र पार्टीले विरोध गरेको छ। उसले संवादबाट समाधान खोज्नुपर्नेमा जोड दिएको छ। कांग्रेस, एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादीलगायतका दलले यसबारे केही बोलेका छैनन्।

## ■ भारतलाई महाकालीमा बनाइरहेको अनधिकृत संरचनाको काम रोक्न दार्चुला प्रशासनको आग्रह

अन्तर्राष्ट्रिय मापदण्डविपरीत महाकाली नदीमा बनाइरहेको अनधिकृत संरचनाको काम रोक्न जिल्ला प्रशासन कार्यालय दार्चुलाले भारतीय पक्षलाई आग्रह गरेको छ। सोमबार नेपाल-भारतका अधिकारीबीच भएको छलफलमा सहमति नै नभई बंगाबगडपारि निर्माण कार्य अघि नबढाउन नेपाल पक्षले आग्रह गरेको हो।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले एकतर्फी रूपमा सहमतिविपरीत महाकालीमा संरचना बनाउँदा नेपाल जोखिममा पर्ने भएकाले थप काम रोक्न आग्रह गरिएको बताए। 'बंगाबगड रिंगलताल क्षेत्रभन्दा माथि सहमति नभई थप काम नगर्न भनेका छौँ,' उनले नयाँ पत्रिकासँग भने, 'अनधिकृत संरचनाभन्दा भित्र मात्रै आफ्नो क्षेत्रमा काम हुनेछ।' तटबन्ध निर्माणमा अवरोध गर्न नहुने भन्दै भारतीय प्रशासन सोमबार नेपाल आएको हो। आफूहरूले सहमति नभईकन निर्माण कार्य अघि बढाउँदा फेरि समस्या हुने भन्दै सचेत गराएको उपाध्यायले जानकारी दिए। भारतले अहिले पुलभन्दा तल्लो क्षेत्रमा निर्माण कार्य जारी राखेको छ। तर, नेपाली नागरिकले विरोध गरेपछि नेपाल-भारत जोड्ने झोलुङे पुलभन्दा माथिल्लो क्षेत्रमा काम सुस्त बनाएको छ।



■ **दीर्घराज उपाध्याय**
प्रमुख जिल्ला अधिकारी, दार्चुला

बंगाबगड रिंगलताल क्षेत्रभन्दा माथि सहमति नभई थप काम नगर्न भारतीय पक्षलाई भनेका छौँ। अनधिकृत संरचनाभन्दा भित्र मात्रै आफ्नो क्षेत्रमा काम हुनेछ।

०७० महाकालीमा आएको बाढीले खलंगाको आधा बजार बगाएको थियो। त्यसपछि साढे चार किलोमिटर क्षेत्रमा नेपालले पक्की तटबन्ध बनाए पनि यो वर्ष आएको बाढीले रिंगल तालभन्दा माथिको तटबन्ध फेरि भत्काएको छ। अहिले भारतले त्यही क्षेत्रमा संरचना अन्तिम चरणमा पुर्‍याएपछि नेपालतर्फ क्षति हुने अवस्था पुगेको छ।

गत भदौ दोस्रो साता महाकालीमा दोस्रोपटक आएको बाढीले भारततिर बगर बनाएको छ। भारततर्फ बगर बनेको मौकाछोपी भारतले बगर क्षेत्रमा संरचना बनाएर नदीको पूरै धार नेपालतर्फ फर्काएको छ। भारतले बगर क्षेत्रभित्र पसेर तारजाली लगाएर नदी नेपालतर्फ फर्काउँदा भविष्यमा पूरै खलंगा बजार जोखिममा रहेको भन्दै विरोध गर्नुपरेको बंगाबगडका स्थानीय अमनसिंह बोहराले बताए। दार्चुला घटनाको विषयमा गृह मन्त्रालयलाई लिखित रूपमा जानकारी गराइएको प्रमुख जिल्ला अधिकारी उपाध्यायले बताए।

गत वर्षबाटै निर्माण कार्य थालेको भारतीय कम्पनी अरुण कन्स्ट्रक्सनले सीमा नदी महाकालीको पानीको बहाव नेपालतर्फ फर्काएर तटबन्ध निर्माण गरिरहेको छ। भारतीय पक्षले एक किलोमिटर लम्बाइ र आठ मिटर चौडाइमा पक्की तटबन्ध निर्माण गरिरहेको हो। 'नेपालतिर क्षति हुने अवस्था आएको विषयमा गृह मन्त्रालयलाई जानकारी गराइसकेका छौँ,' उनले भने। नेपाललतर्फ पनि तटबन्ध निर्माणका लागि टेन्डर भइसकेको छ। पुसभित्रै निर्माण कार्य अघि बढाउनसमेत पहल भइरहेको छ।

# उपत्यकामा बढ्यो वायु प्रदूषण

## वातावरण विभागको तथ्यांकअनुसार एयर क्वालिटी इन्डेक्स (एक्युआई) सुनसरीमा १७४, काठमाडौंमा १५१ र कञ्चनपुरमा १३९ पुग्यो

**मञ्जु टेलर**/नयाँ पत्रिका

जाडो मौसमको सुरुवातमै काठमाडौं उपत्यकामा वायु प्रदूषण बढेको छ। मंसिरको तेस्रो साताको सुरुमै वायु प्रदूषणको लेभल अस्वस्थकर देखिएको हो। काठमाडौं उपत्यका, सुनसरी, कञ्चनपुरलगायतका केही स्थानमा एक्युआई अस्वस्थकर देखिएको हो।

वातावरण विभागको तथ्यांकअनुसार एक्युआई अर्थात् वायु प्रदूषणको लेभल एक सय नाघेको छ। जुन स्वास्थ्यका दृष्टिकोणले अस्वस्थकर मानिन्छ। विभागको तथ्यांकअनुसार सोमबार सुनसरीमा एक्युआई एयर क्वालिटी इन्डेक्स १७४ र काठमाडौंमा १५१ पुगेको छ। यसबाहेक कञ्चनपुरमा समेत वायु प्रदूषण अस्वस्थकर देखिएको छ। सोमबार कञ्चनपुरको एक्युआई १३९ पुगेको छ।

सुनसरीपछि काठमाडौं उपत्यकामा एक्युआई बढी देखिएको हो। वातावरण विभागको तथ्यांकअनुसार सोमबार सबैभन्दा बढी शंखपार्कमा १५१, खुमलटारमा १२७ र रत्नपार्कमा १२३ एक्युआई पुगेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार एक्युआई एक सयभन्दा बढी हुँदा श्वासप्रश्वासका बिरामीका लागि जोखिमयुक्त मानिन्छ।

भौगोलिक बनावटका कारण हावाको बहाव समानान्तर नहुँदा प्रदूषण बढ्दै जाने काठमाडौं उपत्यकामा जाडोको सुरुवातमै प्रदूषणको लेभल उच्च देखिनुले जोखिम बढाएको वायु प्रदूषणविद् डा. भूपेन्द्र दास बताउँछन्। 'ट्रेन्ड हेर्दा जनवरी महिनामा प्रदूषणको लेभल बढ्ने गरेको छ। तर, सवारीसाधनको चाप, पूर्वाधार निर्माण, आगलागी, फोहोरमैला जलाउनेजस्ता विभिन्न कारण जाडो महिनामा मात्रै नभई मार्च र अप्रिलमा समेत प्रदूषणको लेभलले खतराको बिन्दु नाघ्ने गरेको छ,' उनले भने।

डा. दासका अनुसार सामान्यतया जमिनको सतह न्यानो र उचाइमा चिसो हुने गर्छ। तर, जाडोको सुरुवातसँगै बढ्ने प्रदूषणले काठमाडौं उपत्यकामा 'टेम्परेचर इन्भर्जन' हुने गरेको छ। जसकारण वायुमण्डलमा प्रदूषण थुप्रिँदै जान्छ र जमिन सतहमा हावाको बहाव नहुँदा काठमाडौंमा एक्युआईले खतराको लेभल नाघ्ने गरेको छ। 'नेपाल र विशेष गरी काठमाडौं उपत्यका अधिकांश विश्वकै बढी प्रदूषित स्थानमध्ये मुख्य १० स्थानमा पर्ने गरेको छ। वातावरण विभागको तथ्यांकअनुसार उपत्यकामा चल्ने सवारीसाधनबाट निस्कने धुवाँधुलो र बाहिरबाट आउने प्रदूषणका कारण सधैँ जोखिमयुक्त हुँदै आएको छ,' डा. दासले भने।



■ **डा. भूपेन्द्र दास,**
वायु प्रदूषणविद्

ट्रेन्ड हेर्दा जनवरी महिनामा प्रदूषणको लेभल बढ्ने गरेको छ। तर, सवारीसाधनको चाप, पूर्वाधार निर्माण, आगलागी, फोहोरमैला जलाउनेजस्ता विभिन्न कारण जाडो महिनामा मात्रै नभई मार्च र अप्रिलमा समेत प्रदूषणको लेभलले खतराको बिन्दु नाघ्ने गरेको छ।

### ■ दम र आज्माका बिरामी बढे

काठमाडौं उपत्यकामा तापक्रम घट्दै जाँदा इन्फ्लुएन्जा, एडिनो भाइरसलगायतका मौसमी फ्लु, दम र आज्माका बिरामीको चाप बढ्न थालेको चिकित्सकहरू बताउँछन्। छातीरोग विशेषज्ञ डा. नीरज बमका अनुसार यो वर्ष जाडोयामको सुरुवातमै दम, आज्मा र मौसमी फ्लुका बिरामी अस्पताल आउने दर बढेको छ। 'चिसो बढिरहेको छ, सँगै भाइरल इन्फेक्सन पनि बढ्दो क्रममा छ। चिसोसँगै धुलो-धुवाँका कारण फोक्सोमा असर पुर्‍याउने भएकाले खोकी र पहिलेदेखि नै दम र आज्माको समस्या भएकाहरू प्रभावित हुन थालेका छन्,' उनले भने। डा. बमका अनुसार सामान्यतया पुसको पहिलो सातापछि खोकीसहित आज्मा र दमको समस्या बढ्ने भए पनि यो वर्ष अस्पतालमा अहिलेदेखि बिरामीको चाप देखिन थालेको छ।

### ■ दिल्लीमा प्रदूषणले खतराको तह नाघ्यो

भारतको राजधानी नयाँदिल्लीमा वायु प्रदूषणले खतराको तह नाघेको छ। दिल्लीको वायु गुणस्तर व्यवस्थापन आयोगले जाडोको सुरुवातीमै एक्युआई ४०७ पुगेको जनाएको छ। पछिल्ला केही दिनयता बढ्दै गएको प्रदूषणले खतराको तह नाघेपछि सजग रहन आग्रह गरिएको छ। आइतबार विज्ञप्ति जारी गर्दै वायु गुणस्तर व्यवस्थापन आयोगले प्रदूषणलाई बढवा दिने हरेक गतिविधिमा रोक लगाएको छ।

# माया लुहारका हत्या आरोपी सार्वजनिक

## अरूसँग पनि प्रेम सम्बन्ध रहेको आशंकामा हत्या : प्रहरी

**बैतडी**/ बैतडीको पञ्चेश्वरकी माया लुहारका हत्या आरोपीलाई प्रहरीले सार्वजनिक गरेको छ। सशस्त्र प्रहरी बलमा कार्यरत शिवनाथ गाउँपालिका- ४ बस्ने भरतराम कोलीलाई प्रहरीले सोमबार सार्वजनिक गरेको हो।

कोलीमाथि १३ मंसिरमा लुहारको घाँटी रेटी हत्या गरेको आरोप छ। उनी सशस्त्र प्रहरी बल हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय पोखरामा कार्यरत रहेको बैतडीका प्रहरी नायब उपरीक्षक प्रेमबहादुर शाहीले जानकारी दिए। आइतबार महेन्द्रनगरबाट पक्राउ परेका कोलीलाई कडा सुरक्षाबीच प्रहरीले सोमबार नै जिल्ला अदालत बैतडीबाट १० दिनको म्याद लिएर अनुसन्धान सुरु गरेको जनाएको छ।

माया लुहारसँगै गएकी उनकी भतिजी १५ वर्षीया नेहा लुहारको डडेल्धुरा उपक्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ। उनको घाँटी रेट्ने क्रममा चक्कु भाँचिएपछि घाइते मात्र भएपछि अनुसन्धान गर्न सहज भएको प्रहरीले जनाएको छ। हत्या आरोपी कोली ७ मंसिरमा बिदामा घर आएको र उनले योजनाबद्ध तरिकाले मायाको हत्या गरेको देखिएको प्रहरीको भनाइ छ। 'प्रेम सम्बन्धका कारण हत्या भएको देखिएको छ,'



प्रहरी नायब उपरीक्षक शाहीले भने, 'अभियुक्तले मृतक युवतीलाई प्रेम गर्ने र उनको सम्बन्ध अरूसँग पनि भएको शंकाले हत्या भएको देखिन्छ।'

११ मंसिरमा कोलीले मायालाई भेट्न बोलाई पञ्चेश्वर- ४ को आम्चोरा जाने बाटोमा मोबाइल नियन्त्रणमा लिएका थिए। १३ मंसिरमा मोबाइल फिर्ता गर्छु भन्दै शिवनाथ गाउँपालिका- ६ को ओल्याओखडानी ठुलखोला सामुदायिक वनमा बोलाएर कोलीले मायाको हत्या गरेको प्रहरीले जनाएको छ।

पृष्ठ २ बाट क्रमशः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०० | ६०९६६२४२५ | प्राइम प्यासिफिक ट्रेड एण्ड बिजनेस प्रा.लि. | पासाङ नुर्पु शेर्पा | गोकर्णेश्वर नगरपालिका-८, अत्तरखेल | मू.अ.कर | २१९००३ |
| १०१ | ६०६५३६३२३ | यात्रा इन्जिनियरिङ्ग सर्भिसेज प्रा. लि. | दिपेश ठाकुर | गोकर्णेश्वर नगरपालिका-६,नयाँबस्ती | मू.अ.कर | २१६९५० |
| १०२ | ६०२५२२८२१ | ॐ सिद्धि सप्लायर्स | राजु कुमार गौतम | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | २१०९८१ |
| १०३ | ६०५९६३९०४ | उपसना ट्रेडर्स प्रा.लि. | सुजित श्रेष्ठ | काठमाडौं महानगरपालिका-६, बौद्ध | आयकर | २०७५३० |
| १०४ | ३००१२३६६३ | डल्फिन विल्डर्स | दोर्जी शेर्पा | काठमाडौं ६ टुसाल | मू.अ.कर | २०७४४५ |
| १०५ | ३०१३३००१३ | सिरुवा। लामा विल्डर्स। गोल्डेन गुड शेर्पा कन्स्ट्रक्सन | कर्मा शेर्पा | काठमाडौं ६ वौद्ध, फुलवारी | मू.अ.कर | २०६६०८ |
| १०६ | ६१००२२०८७ | जेना हाइड्रो कन्स्ट्रकसन प्रा. लि. | मिलन तामाङ | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | २०३७७० |
| १०७ | ६०४२९८८३० | सुपर लाइक कन्स्ट्रक्सन प्रा. लि. | कामे शेर्पा | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | २०१३४७ |
| १०८ | ३०२४७७०६७ | मन्डला वचत तथा ऋण सहकारी संस्था लि. | दिपक लामा | गोकर्णेश्वर नगरपालिका-६, जोरपाटी | आयकर | २००२०४ |
| १०९ | ६१०७८४०९५ | मिस्टिक सप्लायर्स | सन्जु अमात्य | काठमाडौं महानगरपाद्दिका-६, बौद्ध | मू.अ.कर | १९८७१० |
| ११० | ३०२९५७११४ | शुभ ट्रेड कन्सर्न | दिपक राज खरेल | काठमाडौं महानगरपालिका-६, सरस्वतीनगर | मू.अ.कर | १९७६२८ |
| १११ | ६०४१७२६७९ | चखु गणेश सप्लायर्स | सुशिल श्रेष्ठ | कागेश्वरी मनोहरा नगरपालिका-५, थली | मू.अ.कर | १९२०१८ |
| ११२ | ६०६६५७८०४ | के.टी.एम.फर्निसिङ्ग वर्ल्ड ट्रेड प्रा.लि. | सविता कर्मचार्य | गोकर्णेश्वर नगरपालिका-७, नारायणटार | मू.अ.कर | १९१८९६ |
| ११३ | ६०६६००४९३ | स्तूपा एसप्रेसो कफी प्रा.लि. | विसंभ्वर तण्डुकार | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | १८७२३१ |
| ११४ | ६०८००७४०५ | श्रेष्ठ ग्यांस सप्लायर्स | दुर्गा देवी श्रेष्ठ | शंखरापुर नगरपालिका-७, महादेवस्थान | मू.अ.कर | १८६९७७ |
| ११५ | ६०४७२०९६२ | श्री जय सुन्दरी माई बालुवा प्रसोधन उद्योग प्रा.लि. | सालिक राम घिमीरे | गोकर्णेश्वर नगरपालिका-१, सुन्दरीजल | मू.अ.कर | १८६४०० |
| ११६ | ३०३६१०६४९ | हिमाली घर प्रा.लि. | हिरा वहादुर कार्की | गोकर्णेश्वर नगरपालिका-४, उत्तरबाहिनी | मू.अ.कर | १८२८५८ |
| ११७ | ६०९६४४५३१ | राजु हाउजिङ्ग प्रा.लि. | राज शिभभक्ती | गोकर्णेश्वर नगरपालिका-६,नयाँबस्ती भैरव मन्दिर पुलिस विट | मू.अ.कर | १७६१०४ |
| ११८ | ६०३६७५७५७ | न्यू इन्द्र कुमारी ट्रेडर्स | अर्जुन गौतम | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | १७६०९९ |
| ११९ | ६०९९३४१८० | विदिश्री इन्टरप्राइजेज प्रा. लि. | दिपा खड्का | काठमाडौं महानगरपालिका-९, आरुबारी | मू.अ.कर | १७३०४२ |
| १२० | ६०५०१८३८३ | जे.एम.डी.इन्टरप्राइजेज | संजय यादव | गोकर्णेश्वर नगरपालिका-८, जोरपाटी | मू.अ.कर | १७२४०७ |
| १२१ | ६०६५३६२०४ | जी.डी.बज्र ट्रेडिङ्ग प्रा.लि. | गोवर्धन श्रेष्ठ | शंखरापुर नगरपालिका-८, सन्टोल | मू.अ.कर | १७०७३२ |
| १२२ | ३०४२०४५३३ | मेचि काष्ठ तथा फर्निचर उद्योग | अर्जुन कार्की | गोकर्णेश्वर नगरपालिका-६, जोरपाटी | मू.अ.कर | १६८४९० |
| १२३ | ६०१३७८०६३ | रोयल थोकर कन्स्ट्रक्सन | सज्जन तमाङ्ग | काठमाडौं ६ नयाँवस्ती | मू.अ.कर | १६७१५४ |
| १२४ | ६००३२४१४० | मिसन इण्टरप्राइजेज | खड्ग बहादुर मगर | गोकर्णेश्वर नगरपालिका-८, जोरपाटी | आयकर | १६४५०८ |
| १२५ | ६११८५६८५० | थर्ड जियम रेष्ट्रो | प्रकाश ब्यान्जु | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | १६४०३७ |
| १२६ | ६१३२५९३६५ | चन्चला कवाड कारखाना | सुरेन्द्र महतो | गोकर्णेश्वर नगरपालिका-८, बेसिगाउ | मू.अ.कर | १६३२४६ |
| १२७ | ६०५४८२५५५ | सिद्धिसाइ प्रकास। त्रिशक्ति। द क्याराभान जे.भी. | देवीदत्त खत्री | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | १६२४६७ |
| १२८ | ६०३६८५७५० | सुगम अटो पार्टस | लक्ष्मण बोगटी | गोकर्णेश्वर नगरपालिका-५, जोरपाटी | मू.अ.कर | १५८८३६ |
| १२९ | ३०२०९६८४६ | श्री वैभव लक्ष्मी ईन्टरप्राईजेज | उषा धनावत | काठमाडौं महानगरपालिका-६,बौद्ध | आयकर | १५८५९५ |
| १३० | ६०५९४४२९७ | त्रिवेणी मल्टीपर्पोज सर्भिस प्रा.लि. | दिपक थापा | गोकर्णेश्वर नगरपालिका-५, नारायणटार | मू.अ.कर | १५५६४७ |
| १३१ | ६०६००८६८२ | एन्ट इन्टरनेशनल प्रा.लि. | सन्तोष अधिकारी | गोकर्णेश्वर नगरपालिका-७, दक्षिणढोका | मू.अ.कर | १५३३५३ |
| १३२ | ३०१४४०९६१ | प्याराडाइज कार्पेट इण्डष्ट्रिज प्रा. लि. | धन वहादुर तामाङ | गोकर्णेश्वर ५ नयाँवस्ती | आयकर | १५२९०१ |
| १३३ | ६०९९४५९१९ | गणेश इन्फोटेक प्रा.लि. | सागर रायमाझी | गोकर्णेश्वर नगरपालिका-६, जोरपाटी | मू.अ.कर | १५२०१५ |
| १३४ | ३०३०९२३८४ | निभा इन्टरप्राइजेज | निर्मला भण्डारी | गोकर्णेश्वर नगरपालिका-८, आरुबारी | मू.अ.कर | १५१९५३ |
| १३५ | ६०९५८४७४९ | कान्ति भैरव फार्म हाउस प्रा. लि. | रबिन्द्र श्रेष्ट | गोकर्णेश्वर नगरपालिका-४, उत्तरबाहिनी | मू.अ.कर | १४९२१७ |
| १३६ | ३०००८६७४४ | सिद्धार्थ सिनेमा प्रा. लि. | भरत कुमार श्रेष्ठ | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | १४८२२४ |
| १३७ | १०७९४७८८२ | सुनिक ईन्टरप्राईजेज | कल्पना श्रेष्ठ | गोकर्णेश्वर नगरपालिका-८, गोकर्णेश्वर | मू.अ.कर | १४८०१३ |
| १३८ | ६०२८८२४६८ | फ्लेभर्स रेष्टुरेन्ट एण्ड बार | सुष्मा लामा | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | १४६३५१ |
| १३९ | ३००४३२६८८ | अटो प्यासीफिक प्रा.लि. | कमल राना | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | १४६००० |
| १४० | ३०१८७७३९४ | शिवाको कन्स्ट्रक्सन प्रा.लि.एल.एस. विल्डर्स प्रा.लि./जे.भि. | लाक्पा शेर्पा | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | १४५७९३ |
| १४१ | ६१००२७१७२ | बिगविङ्गस् ट्रेडिङ्ग कन्सर्न प्रा.लि. | उद्धव रायमाझी | गोकर्णेश्वर नगरपालिका-७, जोरपाटी | मू.अ.कर | १४४४२७ |
| १४२ | ३०२५८३६६९ | चामुण्डा फर्निचर उद्योग | लमिन लामा | गोकर्णेश्वर नगरपालिका-५, जोरपाटी | मू.अ.कर | १४३४९८ |
| १४३ | ५०००३२४८६ | ल्पिजेन्ट एण्ड परपोज जे.भी. तौजले निर्माण सेवा प्रा.लि. | दिपक कुमार श्रेष्ठ | गोकर्णेश्वर ८ जोरपाटी | मू.अ.कर | १३९२६६ |
| १४४ | ६०५९२१०९६ | इफेक्टिभ इन्टरनेशनल प्रा.लि. | सुरेश महरा | गोकर्णेश्वर नगरपालिका-५, गोकर्णेश्वर | मू.अ.कर | १३९०१० |
| १४५ | ६०२४७९३१६ | सन मुन अटो केयर | राजन कार्की | गोकर्णेश्वर नगरपालिका-९, जोरपाटी,अत्तरखेल | मू.अ.कर | १३७१५३ |
| १४६ | ६०५०३६९६५ | हैकम गमला ट्रेडर्स | होम बहादुर तमाङ | गोकर्णेश्वर नगरपालिका-१३, सर्वेश्वरमार्ग | मू.अ.कर | १३१६६२ |
| १४७ | ६०४३२१२५९ | रोयल थोकर कन्स्ट्रकसन प्रा.लि. | सज्जन तामाङ्ग | गोकर्णेश्वर नगरपालिका-६, नयांबस्ती | मू.अ.कर | १३१३४५ |
| १४८ | ६०६८८१९०४ | ट्राभलर्स क्रियु फिल्मस् प्रा.लि. | सागर खनाल | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | १३१२७४ |
| १४९ | ३०३९६३६५५ | सिप्राटेक | विजय राउत | काठमाडौं महानगरपालिका-६, बौद्ध | मू.अ.कर | १२३९६७ |
| १५० | ६००६२८१८३ | सिता स्टोर | सीता लामिछाने | काठमाडौं महानगरपालिका-६, सरस्वतीनगर | मू.अ.कर | १२२५९८ |
| १५१ | ३००३१९३९४ | सेवा काष्ठ उद्योग | कुमार प्रसाद सत्याल | गोकर्णेश्वर नगरपालिका-६, जोरपाटी | मू.अ.कर | १२२१४९ |
| १५२ | ६१०२२५६२२ | सायम ग्रुप नेपाल प्रा. लि. | अचल आचार्य | गोकर्णेश्वर नगरपालिका-७, नयांबस्ती | मू.अ.कर | ११९६४७ |
| १५३ | ६०९९५३९०३ | सेम स्टोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड | धन कुमारी आछामे मगर | कागेश्वरी मनोहरा नगरपालिका-५, डांछी | मू.अ.कर | ११९२९७ |
| १५४ | ६०६५७५५७३ | गौरी एण्ड गायत्री कन्स्ट्रक्सन प्रा.लि. | उज्वल विष्ट | गोकर्णेश्वर नगरपालिका-५, जोरपाटी | मू.अ.कर | ११५०१० |
| १५५ | ३०३०१६०५४ | आर.एन. ओभरसिज | नविन लाल श्रेष्ठ | गोकर्णेश्वर नगरपालिका-७, जोरपाटी | मू.अ.कर | ११०९२७ |
| १५६ | ६०९८१०६८४ | मनिचुड बिल्डर्स प्रा.ली. | दिपेश थिङ | शंखरापुर नगरपालिका-२, धारापानी | मू.अ.कर | ११०५२६ |
| १५७ | ६०१४६६१८६ | जय खाडा देवी हार्डवेयर सेन्टर | रंजना कुमारी खड्का | गोकर्णेश्वर नगरपालिका-६, जोरपाटी | मू.अ.कर | ११०३१३ |
| १५८ | ६०१६४२३२२ | कञ्चनजंघा पूजा स्टोर | वुट्रिइ लामा | काठमाडौं महानगरपालिका-६, बौद्ध | आयकर | १०९५२२ |
| १५९ | ६०५९३६५८६ | श्री मेटा लिंक प्रा.लि. | बिजय श्रेष्ठ | गोकर्णेश्वर नगरपालिका-५, जोरपाटी | मू.अ.कर | १०७५७० |
| १६० | ६०१६४४०८७ | बि.एन/त्रिशक्ति जे.भी | निराजन खतिवडा | कागेश्वरी मनोहरा नगरपालिका-६, मुलपानी | मू.अ.कर | १०६९२३ |
| १६१ | ६०९५९०७२४ | सितामाई निर्माण सेवा प्रा.लि. | संजय ढकाल | गोकर्णेश्वर ८ बेसिगाँउ | मू.अ.कर | १०४०७१ |
| १६२ | ५०००७४९६३ | थर्ड आई इण्टरनेशनल | छेवाङ डण्डुल लामा | गोकर्णेश्वर नगरपालिका-९, अत्तरखेल | आयकर | १०२७९६ |
| १६३ | ३००४३९५१५ | मां बैष्णौदेवी पेपर ट्रेडिङ्ग | निर्मल कुमार अटल | गोकर्णेश्वर ६ जोरपाटी | मू.अ.कर | १०२००० |

## चार दलका...

पृष्ठ १ बाट क्रमशः

गरिएको छ। 'हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनको नतिजाले वर्तमान गठबन्धनको आवश्यकता र सान्दर्भिकतालाई पुनः पुष्टि गरेको छ। मुलुकका सामु विद्यमान चुनौतीको सामना गर्नुपर्ने आवश्यकताले पनि यो गठबन्धनलाई निरन्तरता दिनु जरुरी छ,' विज्ञप्तिमा भनिएको छ, 'निर्वाचनको नतिजाले राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको बाटोमा आपसी सहमति र सहकार्यका साथ मिलेर अघि बढ्नुपर्ने स्पष्ट सन्देश दिएको छ।'

निर्वाचनले संविधान सुरक्षित गरेको र मुलुक राजनीतिक स्थायित्व र समृद्धितर्फ उन्मुख भएको सत्तागठबन्धनको निष्कर्ष छ। 'मुलुकको विशिष्ट परिस्थितिमा संविधान र लोकतन्त्रको रक्षाका लागि स्थापित गठबन्धनको सरकारले स्थानीय, प्रदेश र प्रतिनिधिसभा तीनै तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको छ,' विज्ञप्तिमा उल्लेख छ, 'तीनै तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएसँगै लोकतन्त्र थप सुदृढ हुँदै संविधान अझ सुरक्षित भई मुलुक राजनीतिक स्थायित्व र समृद्धिको दिशातर्फ उन्मुख भएको छ।'

गठबन्धनले आगामी दिनमा थप एकताबद्ध भएर अघि बढ्ने प्रतिबद्धता पनि गरेको छ। 'आममतदाताको भरोसा र भावनालाई कदर गर्दै जनता र मुलुकको हितलाई केन्द्रमा राखेर आगामी दिनमा थप एकताबद्ध भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौँ,' विज्ञप्तिमा भनिएको छ।

थप समीक्षा गरेर गठबन्धनलाई निरन्तरता दिने निर्णय पनि बैठकले गरेको छ। 'निर्वाचनका दौरानमा गठबन्धनको केन्द्रबाट स्पष्ट निर्णय र निर्देशन गर्दागर्दै पनि कतिपय निर्वाचन क्षेत्रमा केही असहयोग र असमझदारीका घटना देखिए,' विज्ञप्तिमा भनिएको छ, 'निर्वाचनका दौरान देखिएका ती असमझदारीहरूको पनि आगामी दिनमा उचित समीक्षा र सम्बोधन गरिनेछ।' विज्ञप्तिमा कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र जनमोर्चा उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गरेका छन्।

बैठकमा सहभागी एकीकृत समाजवादीका नेता प्रमेश हमालले निर्वाचनको परिणामलाई मिश्रित रूपमा लिइएको बताए। समग्र परिणामलाई एकै रूपमा नहेरी क्षेत्रगत रूपमा समीक्षा गर्नुपर्नेबारे छलफल भएको उनको भनाइ छ। 'गठबन्धन कतिपय क्षेत्रमा पूर्ण सफल, कतिपय क्षेत्रमा आंशिक सफल र कतिपय क्षेत्रमा सफल हुन सकेन,' उनले भने, 'समग्रमा एकै बास्केटमा हालेर हेर्नेभन्दा पनि क्षेत्र केलाएर समीक्षा गर्नुपर्ने कुरा बैठकमा उठेको छ। आज दलगत रूपमा सामान्य चुनावी समीक्षा भयो।'

बैठकमा आगामी सरकारको समीकरणका विषयमा भने सामान्य छलफल मात्रै भएको थियो। सरकारका प्रवक्ता तथा कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीले सरकारको नेतृत्व कसले गर्ने र समग्र सरकार गठनको प्रक्रियाबारे समानुपातिकको परिणाम आएपछि मात्रै छलफल अघि बढ्ने बताए। 'सरकार गठबन्धनकै बन्छ। अरू दल पनि यसमा सहभागी हुनुहुन्छ। विज्ञप्ति नै आइसकेपछि यसमा शंका गर्नुपर्ने कारण छैन। सरकारको विषय तपाईंहरूले एक-दुई दिनमा थाहा पाउनुहुनेछ,' बैठकपछि प्रतिक्रिया दिँदै उनले भने। प्रधानमन्त्री देउवालगायत सत्तागठबन्धनका नेताहरू जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीका नेताहरूसँग निरन्तर छलफलमा छन्। ती दलले सरकारमा सहभागी हुने वचन दिइसकेको नेताहरूको भनाइ छ।

## कसरी बन्छ...

पृष्ठ १ बाट क्रमशः

आइसक्छ। आयोगले यकिन गरेर दलीय आधारमा सिट निर्धारण गर्छ। बुधबार दलहरूलाई समानुपातिक सिटमा मनोनीत गर्ने नाम बन्दसूचीबाट क्लस्टर मिलाएर पठाउन तीन दिनको समय दिई पठाउँछौँ,' प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले भने।

समानुपातिक निर्वाचन निर्देशिकाअनुसार दलहरूबाट आएको नाम क्लस्टरअनुसार नमिलेमा सच्याउन थप दुई दिन समय दिनुपर्ने व्यवस्था छ। 'आयोगले हेरेर कुनै दलको मिलेन भने सच्याउन भन्छौँ। दलहरूबाट नाम आइसकेपछि सकियो,' उनले भने। दलहरूबाट आएको नाम-नामेसी सबै विवरण तयार गरेर त्यसको एक-दुई दिनमा राष्ट्रपतिकहाँ प्रतिवेदन बुझाइने उनले बताए। २७ गतेसम्म अन्तिम परिणाम सार्वजनिक भइसक्ने प्रमुख आयुक्त थपलियाको भनाइ छ।

अन्तिम परिणाम आइसकेपछि संसद्को अधिवेशन बोलाउने र सरकार गठनको प्रक्रिया अघि बढाउने कार्य अघि बढ्छ। संविधानको धारा ९३ (१) मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र राष्ट्रपतिले संघीय संसद्को अधिवेशन आह्वान गर्ने व्यवस्था छ। तर, कुन सरकारले सिफारिस गर्ने भन्ने स्पष्ट व्यवस्था छैन। अघिल्लोपटक नयाँ सरकारले अधिवेशन आह्वान गरेको अभ्यास छ। तर, संसद् सचिवालयका कर्मचारी जुनसुकै सरकारले सिफारिस गर्न सक्ने बताउँछन्।

'अहिलेको सरकारले पनि गर्न सक्छ। आउनेले पनि गर्न सक्छ। सरकारको निरन्तरता हुन्छ। यसमा यही नै भन्ने छैन। अघिल्लोपटक ५ माघमा सरकार बनेको थियो। २१ फागुनमा मात्रै संसद् अधिवेशन आह्वान भएको थियो। तर, जुनसुकै सरकारले गर्न सक्छ,' संसद् सचिवालयका प्रवक्ता रोजनाथ पाण्डेले भने।

०७४ मा निर्वाचनको परिणाम आउन ढिलाइ हुँदा अगावै सरकार बनेको अभ्यास छ। माओवादीको समर्थनमा एमाले अध्यक्ष केपी ओली नेतृत्वमा ५ माघमै सरकार बनेको थियो। संसद्को अधिवेशन २१ फागुनमा आह्वान भएको थियो। तर, प्रतिनिधिसभा सदस्यको शपथ नलिई सरकार बनाउने यो अभ्यास गलत भएको स्विकार्छन् प्रवक्ता पाण्डे। 'नहुनुपर्ने अभ्यास ०७४ मा भयो। केपी ओली प्रधानमन्त्री बन्दा सांसदहरूको शपथ भएकै थिएन। यद्यपि, त्यो अभ्यास स्वीकार्य हुँदै गयो। अब के हुन्छ हेर्न बाँकी छ। तर, शपथ नलिई अगाडिको कुनै कामकारबाही नहुनुपर्ने हो,' उनले भने।

संवैधानिक कानुनका जानकार वरिष्ठ अधिवक्ता सुनील पोखरेल संसद्को शपथ नलिई प्रधानमन्त्री बन्ने र सरकार गठन गर्ने अभ्यास गलत भएको बताउँछन्। 'संसद्को सदस्य नियुक्त नभईकन प्रधानमन्त्री नियुक्त हुने कुरा आउँदैन, त्यो वैध हुँदैन। प्रतिनिधिसभा सदस्यलाई नियुक्त गर्ने हो। प्रतिनिधिसभा सदस्य हुन संसद्को शपथग्रहण गरेको हुनुपर्छ। हाम्रो हिजोको प्राक्टिस गलत थियो। त्यसलाई सच्याउनुपर्छ,' उनले भने।



### प्रतिनिधिसभा बैठक सुरु भएको १५ दिनभित्र सभामुख चुन्न निर्वाचन

संसद्को पहिलो बैठकमा दलका शीर्ष नेताहरूले बोल्ने, नियमावली पारित गर्नेलगायतको कार्यसूची हुन्छ। 'पहिलो बैठकमा खासै धेरै विषय हुँदैन,' संसद् सचिवालयका सहायक प्रवक्ता दशरथ धमला भन्छन्, 'सभामुखको निर्वाचन प्राथमिकतामा हुन्छ। दलहरूको सल्लाहमा पहिलो वा दोस्रो बैठकमा यसलाई प्रक्रियामा लगिन्छ। त्यसपछि नियमावलीअनुसार कानुन निर्माणको नियमित कार्यसूचीमा अघि बढ्छ।' धारा ९१ मा प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यले आफूमध्येबाट सभामुख र उपसभामुखको निर्वाचन गर्ने व्यवस्था छ। सभामुख र उपसभामुख फरक-फरक दलको हुनुपर्ने र एउटा महिला हुनुपर्ने बाध्य गरिएको छ।

पोखरेलले अहिले प्रतिनिधिसभा सदस्य निर्वाचित भएको अवस्था मात्रै रहेको र औपचारिक रूपमा प्रतिनिधिसभा सदस्य भइनसकेको उल्लेख गर्दै भने, 'जस्तो शपथग्रहण गरेको मितिबाट उहाँहरूले तलब-भत्तालगायत सुविधा पाउनुहुन्छ। त्योभन्दा अघि प्रतिनिधिसभाले उहाँहरूलाई चिन्दैन। प्रधानमन्त्री हुन प्रतिनिधिसभा सदस्य हुनु अनिवार्य छ।'

निर्वाचनको अन्तिम परिणाम घोषणा भएको ३० दिनभित्र नयाँ सरकार बन्नुपर्ने संवैधानिक व्यवस्था छ। सरकार गठनसम्बन्धी व्यवस्था रहेको धारा ७६ अनुसार परिणाम सार्वजनिक भएपछि राष्ट्रपतिले नयाँ सरकार गठनका लागि आह्वान गर्नुपर्छ। अहिले कुनै दलको बहुमत नआएकाले धारा ७६ (२) अनुसार दुई वा दुईभन्दा बढी दलको गठबन्धन सरकार बन्ने देखिन्छ। बहुमत पुगेको कुनै पार्टीको संसदीय दलको नेताले राष्ट्रपतिसमक्ष प्रधानमन्त्रीमा दाबी पेस गर्नुपर्छ। राष्ट्रपतिले नियुक्त गरिसकेपछि प्रधानमन्त्रीले एक महिनाभित्र प्रतिनिधिसभामा विश्वासको मत लिनुपर्छ। विश्वासको मत पाएपछि दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने संवैधानिक व्यवस्था छ।

### कहिले र कसरी हुन्छ सांसदको शपथ ?

संविधानको धारा ८८ मा संघीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलोपटक भाग लिनुअघि संघीय कानुनबमोजिम शपथ लिनुपर्ने व्यवस्था छ। निर्वाचनको अन्तिम परिणाम आइसकेको ३० दिनभित्र राष्ट्रपतिबाट संसद् अधिवेशन आह्वान हुन्छ। अधिवेशनको पहिलो बैठकअघि सांसदहरूलाई शपथ गराइन्छ। ०७४ मा २१ फागुनमा अधिवेशन आह्वान गरिएको थियो भने सांसदहरूलाई २० फागुनमै शपथ गराइएको थियो।

शपथ गराउनुअघि सुरुमा ज्येष्ठ सदस्यले राष्ट्रपतिबाट शपथ लिन्छन्। त्यसपछि ज्येष्ठ सदस्यले अन्य सदस्यलाई पद तथा गोपनीयताको शपथ गराउँछन्। शपथपछि सांसदहरूले प्रतिनिधिसभा सदस्यको लोगो पाउँछन्। यसपालि प्रतिनिधिसभामा लोसपा अध्यक्ष महन्थ ठाकुर ज्येष्ठ सदस्य भएकाले उनले पहिला राष्ट्रपतिबाट शपथ लिएर अन्य सदस्यलाई शपथ गराउनेछन्। त्यसपछि निर्वाचित प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त बैठक बस्नेछ।


## धुलिखेल समाज काठमाडौं
### कार्यसमितिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०८/२०**

यस धुलिखेल समाज काठमाडौंको कार्यसमितिको निर्णय अनुसार १३ औं साधारण सभा २०७९ साल पौष २३ गते शनिबार हुने भएको छ। यसै साधारण सभाबाट नयाँ कार्यसमितिको समेत चयन हुने भएकोले यस समाजका साधारण सदस्यज्यू तथा आजीवन सदस्यज्यूहरुलाई जानकारीको लागि विधानतः यो सूचना प्रकाशित गरिएको छ। निर्वाचनको कार्य तालिका कार्यालयको सूचना पाटी र काभ्रे टाइम्समा प्रकाशित गरिनेछ।

**स्थान** : मानसरोवर पार्टी प्यालेस, पुरानो बानेश्वर
**समय** : विहान ११ बजे देखि
**कार्यालय सम्पर्क** : का.म.न.पा. वडा नं. ११ दहमार्ग सुन्धारा
**फोन नं.** : ०१-५९०३४५४
**अध्यक्ष** : ९८५१०२६२२७
**महासचिव** : ९८५१११९७१०

**गयानाथ माकजु श्रेष्ठ**
महासचिव
**धुलिखेल समाज काठमाडौं**
२०५३



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**(वि.सं. २०८० सालको भित्तेपात्रो, शुभकामना डायरी र नेपाल परिचय पुस्तक छपाईको सिलबन्दी दरभाउपत्र मागको सूचना)**

**सूचना प्रकाशित मिति २०७९/०८/२०**

१) वि.सं. २०८० सालको भित्तेपात्रो, शुभकामना डायरी र २०७९/८० को नेपाल परिचय पुस्तक नयाँ संस्करण छपाईका लागि सिलबन्दी दरभाउपत्र माग गरिएको छ।
२) यसका लागि कम्पनीको अद्यावधिक इजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र र अद्यावधिक कर चुक्ता प्रमाणपत्रहरु आवेदनसाथ सिलबन्दी दरभाउपत्र दस्तुर रु. १०००/- (फिर्ता नहुने) तिरी सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र सिलबन्दी दरभाउपत्र खरिद गरी १६औं दिन दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र विभागमा दर्ता गर्न हुन अनुरोध छ।
३) उक्त सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १६औं दिन दिनको २:०० बजे खोलिने छ। सिलबन्दी दरभाउपत्र दर्ता गर्ने एवं खोल्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
४) सिलबन्दी दरभाउपत्र दर्ताका लागि न्यूनतम रोयल्टी रकमको २.५ प्रतिशतका दरले हुन आउने रकम रु २०,०२५/- (अक्षेरुपी बीस हजार पच्चीस मात्र) को.ले.नि.का. काठमाडौंको नाउँमा नेपाल राष्ट्र बैंक बालुवाटारमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कलै भौचर वा यस विभागको नाममा मान्यताप्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाले जारी गरेको २०८० असार मसान्तसम्म म्याद भएको बैंक जमानतको सक्कलै जमानतपत्र संलग्न राख्नु पर्नेछ।
५) यसको विस्तृत सूचना विभागको वेभसाइट www.doinepal.gov.np मा हेर्न सकिने छ।



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
**चालु अवस्थामा रहेको सवारी साधन बिक्रीको ७ (सात) दिने सूचना**

प्रकाशित मिति: २०७९/०८/२०

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमको सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्नलिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०७९/०८/२६ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटिपथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ।

| क्र.स. | सवारीको नाम | बनेको साल | दर्ता. नं. | सवारी रहेको स्थान |
|---|---|---|---|---|
| १. | TATA TIAGO- XE | २०२१ | बागमती प्रदेश-०१ ०२६ च ३३६८ (B AB2248) | केन्द्रिय कार्यालय, नारायणहिटिपथ, काठमाडौं |

**शर्तहरु**
१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट निःशुल्क प्राप्त गर्न सकिन्छ।
२. बोलपत्रसाथ बोलपत्रदाताले जमानत वापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९-०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
३. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लगि बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटिपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।
६. प्रस्तावित बोलपत्र मिति २०७९/०८/२७ गते बैंकको नारायणहिटिपथ केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ।

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank


## ठूला विद्यालय...

पृष्ठ १ बाट क्रमशः

आयोजना निर्देशक डिल्लीराम लुइँटेलले कार्यविधि स्वीकृति ढिलाइ हुँदा निर्माण कार्य नै प्रभावित हुने बताए। उनले भने, 'सबै ठूला विद्यालय एकै वर्षमा निर्माण हुन सक्दैनन्, यो वर्ष केही विद्यालय निर्माण गरेर अर्को वर्ष पनि निरन्तरता दिने गरी कार्यक्रम अघि बढाइएको थियो, कार्यविधि नबन्दा काम अघि बढेको छैन।' सो रकमबाट यस वर्ष एक दर्जनजति ठूला विद्यालय निर्माण गर्ने योजना थियो। अर्थ मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले कार्यविधि छलफलको प्रक्रियामा रहेको बताए।

०७२ वैशाखको भूकम्पले भत्काएका विद्यालयको पुनर्निर्माण अन्तिम चरणमा पुगेको छ। सबैभन्दा बढी विद्यालय व्यवस्थापन समितिमार्फत पाँच हजार आठ सय ५३, कन्ट्र्याक्टरमार्फत चार सय ४४, एनजिओमार्फत सात सय ८६ गरी कुल सात हजार ८३ विद्यालय पुनर्निर्माण भएको केन्द्रीय आयोजनाले जनाएको छ।


**माइग्रेसन सर्टिफिकेट हरायो**

मिति २०७९/४/२० गते सुर्यविनायक देखि कोटेश्वरसम्म जाँदा मेरो निम्न व्यहोराको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम : सिद्धार्थ राज भारती**
ठेगानाः बारा, जितपुर सिमरा उप.म.न.पा.
रजिष्ट्रेशन नं. : ७७७६०४५९५
सिम्बोल नं. : २७६०२५०७
सम्पर्क नं : ९७४१८३५४६२


## नवनिर्वाचित...

पृष्ठ १ बाट क्रमशः

प्रदेश सभातर्फ लुम्बिनी प्रदेशअन्तर्गत बाँके ३ (२)बाट निर्वाचित बादशाह कुर्मी, गण्डकी प्रदेशको मनाङ (२) बाट निर्वाचित दीपक मनाङे भनिने राजीव गुरुङ र मधेस प्रदेशअन्तर्गत महोत्तरी ३ (१) बाट निर्वाचित अभिराम शर्मा छन्।

पूर्वमन्त्रीसमेत रहेका टेकबहादुर गुरुङविरुद्ध ३१ करोड भ्रष्टाचार गरेको अभियोग छ। काठमाडौंको प्रदर्शनीमार्गस्थित फनपार्क ठेक्कामा भ्रष्टाचार गरेको ठहरपछि उनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको मुद्दा विचाराधीन नै छ। तत्कालीन प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारमा श्रम तथा रोजगार राज्यमन्त्री रहेका गुरुङ आफैँ सञ्चालक रहेको कम्पनीले फनपार्क ठेक्कामा लिएको थियो।

त्यस्तै, कोइरी सशस्त्रका असइ थमन विकको हत्यामा फरार सूचीमा छन्। मधेस आन्दोलनका क्रममा २५ भदौ ०७२ मा विकलाई गाडीबाट थुतेर भाला तथा धारिलो हतियारले घोचेर हत्या गरेको अभियोग कोइरीमाथि छ। उनलाई २ असोज ०७६ मा जिल्ला अदालत महोत्तरीले एक लाख धरौटीमा छाड्ने आदेश दिए पनि पुनरावेदनपछि उच्च अदालत जनकपुरले पुनः पक्राउ गर्न आदेश दिएपछि फरार छन्। प्रदेश सांसद निर्वाचित शर्माविरुद्ध पनि विक हत्यामै संलग्न रहेको अभियोगमा महोत्तरी जिल्ला अदालतमा मुद्दा विचाराधीन छ। जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी कृष्ण पंगेनीले शर्मा अदालतको तारेखमै रहेको बताए। 'अभिराम शर्मासहितको मुद्दा अदालतमा विचाराधीन छ। मुद्दा नसल्टिएकाले उहाँहरू अदालतकै तारेखमा रहेको मेरो जानकारीमा छ,' उनले भने। लोसपाबाट निर्वाचित उनी मधेसको सामाजिक विकासमन्त्रीसमेत भइसकेका छन्।

मनाङ (२)बाट स्वतन्त्र उम्मेदवारी दिएर गण्डकी प्रदेश सभामा निर्वाचित मनाङेविरुद्ध ३१ वैशाख ०६१ मा अर्का चर्चित डन चक्रेमिलन भनिने मिलन गुरुङलाई महाराजगन्जस्थित चुफाङ रेस्टुरेन्टमा तरबार प्रहार गरेकोमा ज्यान मार्ने उद्योगमा मुद्दा छ। मनाङे समूहको आक्रमणबाट मिलनको बायाँ हात दुई टुक्रा भएको थियो। त्यतिवेला पक्राउ परेका उनलाई १३ वैशाख ०६२ मा अदालतले पुर्पक्षका लागि जेल पठाएको थियो। दुई वर्ष जेल बसेका उनीविरुद्धको ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा अझै सर्वोच्चमा विचाराधीन छ। उनीविरुद्ध २८ साउन ०६९ मा तत्कालीन पुनरावेदन अदालत पाटनले ज्यान मार्ने उद्योगमा पाँच वर्ष कैद सजाय सुनाएको थियो। तर, फैसला भने पाँच वर्षपछि मात्रै सार्वजनिक भयो। त्यतिवेला फैसला जानकारी नहुँदा उनले ०७४ को निर्वाचनमा मनाङ (२) बाटै सांसद जितेर प्रदेश सांसदको शपथ पनि खाए। फैसला सार्वजनिक भएपछि भने उनलाई तत्कालीन महानगरीय प्रहरी परिसर काठमाडौंले स्वयम्भूबाट ०७५ मंसिरमा पक्राउ गर्‍यो। तर, अदालतको आदेश थाहा नभएको जनाउँदै उनले सर्वोच्चमा पुनरावेदनको दरपीठ गरे। सर्वोच्चले उनलाई २८ मंसिर ०७५ मा जेलबाहिरै बसेर मुद्दा लड्न पाउने सुविधासहितको आदेश दियो। २७ हजार तीन सय ३५ रुपैयाँ धरौटी बुझाएर छुटेका उनी त्यसपछि गण्डकी प्रदेशको खेलकुदमन्त्री बने। '०७४ को निर्वाचनमा मनाङेले सांसद पदको शपथ खाए। त्यसवेला उच्चको फैसला सार्वजनिक नै गरिएको थिएन। उनले त्यसैको फाइदा उठाए,' अधिवक्ता करुणकरण मल्लिक भन्छन्, 'तर, जेलबाट धरौटीमा छुटेपछि पनि उनी मन्त्री बने, जुन सरासर गैरकानुनी हो। यस्तो गर्न मिल्दैन। शक्तिको आडमा उनले यस्तो गरेजस्तो देखिन्छ।'

मनाङे अहिले पनि सर्वोच्चमा तारेखमै छन्। सर्वोच्चका प्रवक्ता विमल पौडेल मनाङेविरुद्धको मुद्दा नटुंगिएको बताउँछन्। 'मनाङेविरुद्धको मुद्दा सर्वोच्चमा विचाराधीन छ। उनी तारेखमा छन्, मुद्दा चलिरहेको छ,' पौडेलले भने।

त्यस्तै, अर्का प्रदेश सांसद कुर्मीविरुद्ध नेपालगन्जकी निर्मला कुर्मी र उनका दुई छोरा हत्याको अभियोग छ। उनी प्रहरी सूचीमा फरार अभियुक्त हुन्। ०६८ मा निर्मलाका दुई छोराको १० दिनको फरकमा रहस्यमय ढंगले हत्या भएको थियो। विरोधमा उत्रिएकी निर्मला त्यसको केही दिनपछि बेपत्ता भइन्। उनी हालसम्म पनि बेपत्ता नै छिन्। संविधानसभामा दुईपटकका सांसद नेपालगन्जका कुर्मीसँग निर्मलाको जग्गाको विषयमा विवाद थियो। प्रहरीको पटक-पटकको अनुसन्धानले पनि घटनामा उनको भूमिका शंकास्पद करार गरेको थियो। रुबी खानलगायतका अधिकारकर्मीको सक्रियतामा उक्त घटनालाई अहिले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान गरिरहेको छ।

संविधानविद् तथा वरिष्ठ अधिवक्ता डा. भीमार्जुन आचार्य फौजदारी अभियोग लागेका कुनै पनि जनप्रतिनिधिले पदीय हैसियतमा शपथ लिन नसक्ने बताउँछन्। 'नेपालको कानुनले सांसद पदलाई सार्वजनिक पद मानेको छ। यस्ता पद धारण गरेको व्यक्तिविरुद्ध लागेको अभियोग यदि फौजदारी हो र त्यो अदातलमा विचाराधीन छ भने त्यसमा शपथ लिन गाह्रो हुन्छ,' उनले भने, 'अहिले पनि कतिपय व्यक्ति निर्वाचन जितेर आउनुभएको छ। उहाँहरूविरुद्ध फौजदारी अभियोग लागेको देखिन्छ। यस्तो अवस्थामा उहाँहरूले पदको शपथ खान मुस्किल देखिन्छ।'

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ मा उम्मेदवारको योग्यता तोकिएको छ। यो दफामा त्यस्ता मुद्दा खेपेका व्यक्ति सांसदको उम्मेदवार नै बन्न नपाउने उल्लेख छ। दफामा 'भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध बिक्री-वितरण तथा निकासी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै कसुरमा जन्मकैद वा १० वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्ति प्रतिनिधिसभाको उम्मेदवार बन्न पाउनेछैन' भनिएको छ। यो व्यवस्था प्रदेश सभाको हकमा पनि लागू गरिएको छ।

फौजदारी कसुर लागेका व्यक्ति उम्मेदवार नै बन्न नपाउने कानुनी व्यवस्था भएको हुँदा त्यस्ता व्यक्ति निर्वाचित भए पनि पदीय हैसियतले शपथ खान नसक्ने अधिवक्ता करुणकरण मल्लिकले बताए। उनले भने, 'फौजदारी अभियोग लागेका व्यक्ति उम्मेदवार नै बन्न नपाउने कानुनमा प्रस्ट उल्लेख छ। त्यस्ता व्यक्ति निर्वाचित भएर आए पनि शपथ खान मिल्दैन। किनकि उनीहरू कानुनी नजरमा फौजदारी अभियोगका अभियुक्त हुन्।'


नेपाल सरकार
उधोग बाणिज्य तथा आपुर्ति मन्त्रालय
उधोग विभाग
**केन्द्रिय कारागार कारखाना कार्यालय,**
**भोटेबहाल काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०७९।०८।२०)**

यस कार्यालयको मिति २०७९।०७।०५ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित सति घागो आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त हुन आएका सिलबन्दी बोलपत्रहरु मध्ये रु.८९,७२,५००।- कबोल अंक भएको श्री गोमा एण्ड सप्लायर्स काठमाडौको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।



## पिपुल्स इन्भेष्टमेन्ट कम्पनी लिमिटेड

ट्रेड टावर नेपाल-११, थापाथली, काठमाडौं, फोन नं. : ०१-५१११००८
E-mail : pic@peoplesinvestment.com.np
Web : www.peoplesinvestment.com.np

**संस्थापक साधारण शेयरको हकप्रद शेयर निष्काशन तथा बिक्री अवधि थप गरिएको सम्बन्धी सूचना**

पिपुल्स इन्भेष्टमेन्ट कम्पनी लिमिटेडको मिति २०७९/०७/१४ गते सम्म कायम साविक संस्थापक शेयरधनीहरुका लागि दश शेयर बराबर नयाँ तिन शेयरको अनुपातमा प्रति शेयर रु. १०० अंकित दरको ४,७५,८७५ कित्ता हकप्रद शेयर (१०:३)को निष्काशन तथा बिक्री खुल्ला मिति २०७९/०७/१६ गते देखि मिति २०७९/०८/२० गते गरिएकोमा मिति २०७९/०८/१८ गते सञ्चालक समितिको १२३ औं बैठकको निर्णय बमोजिम उक्त हकप्रद शेयर लागि दरखास्त दिने म्याद मिति २०७९/०९/२० शुक्रबारसम्मको लागि थप गरिएको व्यहोरा सम्बन्धित सबै शेयरधनीहरुको लागि सूचना प्रकाशित गरिएको छ।

**हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने रकम जम्मा गर्ने दरखास्त साथ रकम बुझाउने स्थान**

**पिपुल्स इन्भेष्टमेन्ट कम्पनी लिमिटेड, ट्रेड टावर नेपाल-११, थापाथली, काठमाडौं**
उक्त स्थानको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहनु हुने शेयरधनीहरुले पिपुल्स इन्भेष्टमेन्ट कम्पनी लिमिटेडको निम्न बमोजिम रहेको बैंक खातामा रकम जम्मा गरी कार्यालय सम्पर्क गर्न हुनु अनुरोध गरिन्छ।

| सि.नं. | बैंक | खाता नं. |
|---|---|---|
| १. | एनआईसी एसिया बैंक लिमिटेड | ५४४१०३३३०२५२४००२ |
| २. | लुम्बिनी विकास बैंक लिमिटेड | ०३१००१२००१२११८००००१ |



## सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लिमिटेडको
### बार्षिक साधारणसभा सम्बन्धी सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति : २०७९/८/२०**

यस कम्पनीको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा सेयर धनी महानुभावहरुको जानकारीका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**साधारणसभा बस्ने मिति, स्थान र समय**
**मिति** : २०७९/०९/२६
**स्थान** : (कोटेश्वर-३२) कम्पनीको कार्यलय
**समय** : ११:०० बजे

**बार्षिक साधारण सभामा छलफलहुने निर्णयहरू**
१. आ.ब. २०७८/०७९ को संचालक समितिको प्रतिवेदन पारित गर्ने
२. आ.ब. २०७८/०७९ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्ने।
३. आगामी आ.ब. २०७९/०८० को लागि लेखा परिक्षकको नियूक्ती गर्ने तथा निजको पारिश्रमीक निर्धारण गर्ने।
४. संचालक समिति निर्वाचन गर्ने सम्बन्धमा।
५. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक माध्यामबाट १ जना, सेयर धनीका माध्यामबाट २ जना गरी ३ जना प्रतिनिधि तोक्ने
६. विविध

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## बलिउड निर्देशक प्रकाश झा काठमाडौं आउने



बलिउड निर्देशक तथा अभिनेता प्रकाश झा काठमाडौं आउने भएका छन् । काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय फिल्म फेस्टिभल (किम्फ)मा उनी मुख्य वक्ताका रूपमा सहभागी हुँदै छन् । यो फेस्टिभल २२ देखि २६ मंसिरसम्म राष्ट्रिय सभागृह र पर्यटन बोर्डमा सञ्चालन हुनेछ ।

## दुई वर्षपछि काजोलको कमब्याक



अभिनेत्री कालोज दुई वर्षपछि ठूलो पर्दामा देखिने भएकी छिन् । आगामी शुक्रबार प्रदर्शनमा आउने सलाम वेंकीमा उनले ड्युसन मस्कुलर डिस्ट्रफीबाट पीडित छोराकी आमाको भूमिका निर्वाह गरेकी छिन् । यो फिल्मलाई रेवतीले निर्देशन गरेकी हुन् ।

# बालबालिकामा दम कारण र उपचार



हेल्थ टिप्स

**समयमै दमको उपचार नगरेमा बालबालिकाको श्वासप्रश्वासमा समस्या देखिन सक्छ । एलर्जी, धुलो, धुवाँ तथा वंशानुगत कारणले पनि दम हुन सक्छ । त्यस्तै, भाइरल इन्फेक्सन, खानपान नमिल्दा र किरा तथा फुड एलर्जीले पनि दम भएको पाइन्छ ।**



डा. जगतजीवन घिमिरे
वरिष्ठ बाल छातीरोग विशेषज्ञ
कान्ति बाल अस्पताल

बालबालिकामा लामो समय खोकी लाग्ने, सास फेर्न गाह्रो हुने, सुन्दा अप्ठ्यारो मान्ने, घ्यारघ्यार हुने, छातीमा सिटी बजेजस्तो आवाज आउने, अलि ठूला (पाँच वर्षभन्दा माथिका) बालबालिकामा खेल्दा वा हिँड्दा बढी स्याँस्याँ हुनेलगायत लक्षण देखिएमा अभिभावक सचेत हुन जरुरी छ । यस्ता लक्षण देखिएका बालबालिकामा विभिन्न विधिबाट परीक्षण गरेर दम भए/नभएको पत्ता लगाउन सकिन्छ । एउटा परीक्षण विधि पल्मोनरी फङ्सन टेस्ट हो । अर्कोचाहिँ स्पाइरोमेट्री (बच्चालाई एउटा मेसिनमा सास फुक्न लगाउने) हो । दम भएका बालबालिकामा टेस्ट गर्दा 'सालबुटामोल' भन्ने औषधि दिएर पुनः फुक्न लगाउनुपर्छ । यसलाई रिभर सेभिलिटी टेस्ट पनि भन्ने गरिन्छ । सानो बच्चामा चाहिँ लक्षणका आधारमा पनि उपचार गर्नुपर्ने हुन सक्छ । किनकि, पाँच वर्षभन्दा साना बच्चाले यसरी सास फुक्न सक्दैनन् ।

## उपचार विधि

दमको डाइग्नोसिस गरेपछि श्वासप्रश्वासको विधिबाट पनि उपचार गर्नुपर्ने हुन्छ । बारम्बार मुखले खाने औषधि प्रयोग गर्दा नकारात्मक असर निम्तिन सक्ने भएकाले इनहेलरको प्रयोगले उपचार गर्नुपर्ने हुन्छ । सामान्यतया दुईथरी इनहेलरको प्रयोग हुन्छ । एकथरी इनहेलरले तुरुन्तै आराम दिन्छ, त्यसलाई रिलिभर भनिन्छ । र, यो बच्चालाई धेरै गाह्रो भएको अवस्थामा प्रयोग गरिन्छ । अर्को कन्ट्रोलर इनहेलर हो । यो लामो समयसम्म प्रयोग गर्नुपर्ने हुन्छ । कन्ट्रोलर इनहेलरको प्रयोगले तीन महिना आराम भएपछि बिस्तारै बन्द गर्दा बच्चाको दम लामो समयसम्म कन्ट्रोल हुने सम्भावना धेरै हुन्छ र केही बच्चामा निको नै हुन्छ । बच्चामा इनहेलरको प्रयोग पेसरको माध्यमबाट गर्नुपर्ने हुन्छ । पेसर प्रयोग नगर्दा सबै औषधि घाँटीमा जम्मा हुन्छ र फोक्सोमा कम औषधि पुग्छ । जसकारण, औषधिको असर कम हुन्छ । र, रोग नियन्त्रण गर्न गाह्रो हुन्छ वा औषधिले काम नगर्न पनि सक्छ । इनहेलर प्रयोगपश्चात् घाँटी कुल्ला गर्नुपर्छ ।

# विवाहको मौसम महिलालाई सुहाउँछ यस्तो पहिरन



रोजिना श्रेष्ठ
फेसन डिजाइनर
कायरा बुटिक

फेसन टिप्स

महिलामा फेसनेबल देखिने रहर पुरुषको तुलनामा धेरै हुन्छ । उनीहरू पार्टीमा जाँदा सिँगारिएर जान रुचाउँछन् । त्यसैले आकर्षक पहिरनदेखि मेकअपसम्ममा उनीहरू चुजी हुन्छन् । अहिले विवाहको मौसम चलिरहेको छ र विवाह पार्टीमा कस्तो पहिरन लगाएर जाने भन्ने विषयमा धेरैलाई चासो छ । पछिल्लो समय महिलाका लागि नयाँ-नयाँ पार्टी वेयर बजारमा भित्रिएका छन् । तपाईंलाई कस्तो डिजाइन सुहाउँछ भन्ने कुरा स्किन टोन र तपाईंको शारीरिक वनावटमा भर पर्छ । त्यस्तै, कस्तो कलर रोज्ने भन्ने विषय पनि महत्त्वपूर्ण हुन्छ ।



> धेरैजसो महिलाको रोजाइमा लेहेंगा पर्ने गरेको छ । यो लगाउन सजिलो पनि हुन्छ, सारीजस्तो झन्झट हुँदैन । रिसेप्सनमा नाच्न पनि सजिलो हुन्छ ।

### ■ डिजाइन

रातको समयमा डार्क कलरको पहिरन सुहाउँछ । दिउँसोको पार्टीका लागि हल्का र उज्यालो रङका पहिरनमा राम्रो देखिन्छ । विवाहको पार्टीका लागि महिलाहरूको रोजाइमा लेहेंगा र साडी धेरै पर्ने गरेको छ । जाडो महिना भएकाले भेल्भेटको साडी र चोली धेरैको रोजाइमा पर्छ । परम्परागत कपडा लगाउन चाहनेहरूले ढाकाको चोली र साडी पनि लगाउँछन् । यसमा नेपालीपन पनि झल्कन्छ । विवाहित र अविवाहित सबैका लागि म्याच हुने विभिन्न लेहेंगाको डिजाइन पनि अहिले लोकप्रिय छ । साडी-चोलोको पुरानो चलनमा पनि उत्तिकै परिवर्तन आउन थालेको छ । त्यसको साटो लेहेंगा तथा विभिन्न डिजाइनका कुर्ता लगाउने चलन बढेको छ ।

भेल्भेटमा ह्यान्डवर्क गरेको र प्लेन जर्जेट, प्लेन सिल्कमा हातले बुट्टा भरेको कपडा पनि उत्तिकै चलेका छन् । यद्यपि, रेडिमेड कपडामा पनि हातले बुट्टा भरेर पनि नयाँ लुक्स दिएर लेहेंगा, सारी र गाउनको डिजाइन दिन सकिन्छ । रेडिमेड लेहेंगा, सारी, गाउन पनि निकै राम्रो देखिन्छ ।

### ■ रङ

पहेँलो, गुलाबी, कलेजीलगायत रातोभन्दा फरक र कम चम्किला कपडा छनोट गर्दा राम्रो हुन्छ । रातिको पार्टीका लागि डार्क कलरमा साइनिङ दिने फ्याब्रिक छनोट गर्दा उत्तम हुन्छ ।

यदि दिउँसो पार्टीका लागि हो भने लाइट कलरको कपडा छान्दा राम्रो हुन्छ । धेरै साइनिङ दिने पहिरन लगाउनु हुँदैन ।

### ■ मेहदी सेलिब्रेसनको पहिरन

पछिल्लो समय नेपालीहरूको विवाह भारतीय शैलीमा हुन थालेको छ । अर्थात्, यो धेरै दिन चल्ने गरेको छ । यस्तो अवस्थामा पार्टीमा जानेहरूले पनि कुनै दिन लेहेंगा, कुनै दिन सारी र कुनै दिन गाउन लगाउँछन् । विवाहमा मेहदी सेलिब्रेसन, प्रिम्यारिज, विवाह र विवाहपछिका विशेष कार्यक्रम मनाउन थालिएको छ ।

मेहदी कार्यक्रममा लेहेंगा, सारी, कुर्ता-सुरुवाल र गाउन लगाउन सकिन्छ । यसमा विशेषगरी कलर कम्बिनेसनमा ध्यान दिनुपर्छ । हरियो, पहेँलो, रानी, पेस्टा ग्रिन, मेहदीको रङसँग मेल खाने पहिरन लगाउँदा राम्रो देखिन्छ ।

### ■ रिसेप्सन पार्टी पहिरन

पछिल्लो समय विवाह विभिन्न चरणमा हुने गरेका छन् । विवाहपछि गरिने भोजका वेला लगाइने पहिरनलाई रिसेप्सन पहिरन भनिन्छ । विवाहको रिसेप्सन पार्टीमा आफन्तबाहेक अन्य पाहुनालाई समेत बोलाइने गरिन्छ । यस्तो पार्टीमा दुलहा-दुलही मात्रै नभएर पाहुनाले पनि पहिरनमा विशेष ध्यान दिने गर्छन् । यसका लागि बुटिक गएर डिजाइनरको सल्लाहअनुसार पहिरन छनोट गर्दा राम्रो हुन्छ ।

धेरैजसो महिलाको रोजाइमा भने लेहेंगा पर्ने गरेको छ । यो लगाउन सजिलो पनि हुन्छ, सारीजस्तो झन्झट हुँदैन । रिसेप्सनमा नाच्न पनि सजिलो हुन्छ । सारी, गाउन पनि रिसेप्सन पार्टीका लागि लगाउन मिल्छ । डिजाइनअनुसार कसरी क्यारी गर्ने भन्ने महत्त्वपूर्ण हुन्छ ।

## भोक कम लागेमा...

- कम भोक लाग्दा एनोरेक्सिया नर्वोसाको समस्या पनि हुन सक्छ । यस्तो अवस्थामा मुटुको धड्कन पनि बढेर जाने गर्छ । त्यस्तै, शरीर दुख्ने, थकाइको महसुस हुनेलगायत समस्या पनि देखिन्छ ।
- भाइरल ग्यास्ट्रोएनट्राइटिसले पनि कम भोक लाग्छ । यो पेट र आन्द्रासँग जोडिएको समस्या हो । यस्तो समस्या भएमा पेट पोल्ने, ग्यास्ट्राइटिसलगायत थप समस्या पनि हुन्छ ।
- तनावका कारण पनि कम भोक लाग्छ । किनकि, भोक र तनावको सीधा सम्बन्ध हुन्छ । यस्ता मानिसलाई नियमित थकाइ, निद्रामा समस्या, शरीरिक सम्बन्धमा अनिच्छा, उच्च रक्तचापलगायत समस्या पनि हुन्छ ।

## ल्यापटप ह्याङ हुनबाट बचाउन...



**अहिलेको समयमा ल्यापटप अत्यावश्यक सामग्री बनिसक्यो । तर, भाइरस लागेसँगै यसमा विभिन्न समस्या आइरहन्छन् । ल्यापटपलाई भाइरसबाट जोगाउन यी उपाय लगाउन सकिन्छ :**

- जथाभावी अनलाइन साइट खोल्दा र अरूका विभिन्न इमेल आफ्नो ल्यापटपबाट खोल्दा भाइरस सर्ने सम्भावना हुन्छ । त्यसैले पनि जोकोहीले पठाएको इमेल चेक गर्नुहुँदैन ।
- बजारमा किनेका गेमका सिडी, इन्टरनेटबाट प्रोग्राम डाउनलोड गर्दा, पेनड्राइभ, मेमोरी कार्डलगायतबाट फाइल सार्दा भाइरस सर्ने सम्भावना भएकाले एन्टिभाइरस सफ्टवेयरलाई समय-समयमा अपडेट गराइराख्नुपर्छ ।
- पेनड्राइभ, सिडीमार्फत ल्यापटपमा फाइल सार्नुअघि त्यसलाई स्क्यान गर्न बिर्सनुहुँदैन ।

## कागतीका फाइदा



- कागतीले शरीरमा भएको अम्लीयपनसँग प्रतिक्रिया गरी क्षार बनाउँछ । यसले गर्दा शरीरमा हुने विभिन्न संक्रमणबाट बच्न सकिन्छ ।
- शरीरमा हुने चिल्लोपदार्थ नियन्त्रणमा राख्न कागतीले मद्दत गर्छ । साथै, रगत र कलेजोमा भएको अनावश्यक कोलस्ट्रोलको मात्रा घटाउँछ ।
- कागती पानीले कलेजो सफा गर्छ । कलेजोका इन्जाइम कमजोर भएमा ऊर्जा दिनुका साथै रगतमा भएका उत्तेजक पदार्थलाई फिल्टर गर्छ ।
- पेटसम्बन्धी समस्याका लागि कागती अचुक औषधि हो । नियमित कागती पानी खाएमा कब्जियत र पित्तथैलीको समस्या आदिबाट राहत पाउन सकिन्छ ।
- कागतीको रसमा मह मिसाएर सेवन गर्दा रुघाखोकी सन्चो हुन्छ ।
- कागतीको सेवनले उच्च रक्तचापलाई नियन्त्रण गर्नुका साथै मुटुको धड्कनलाई समेत सामान्य राख्न मद्दत गर्छ ।
- बकाइनोको फलमा कागती मिसाएर लगाउँदा दाद निको हुन्छ । र, छालामा चमक ल्याउँछ ।
- अमलाको धुलोमा कागती मिसाएर लगाउँदा कपाल झर्ने, फुल्ने र चाया पर्नेजस्ता कपालसम्बन्धी समस्या हल गर्न मद्दत पुग्छ ।


**बराहक्षेत्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चक्रघट्टी, सुनसरी**

**औषधी खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिती २०७९/०८/२० गते

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार आ.व.२०७९/०८० का लागी औषधी खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक योग्यता पुगेका निर्माता फर्म सप्लायर्स वा कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही दररेट सहित रितपुर्वकको बोलपत्र आव्हान गरिन्छ ।

तपशिल

| क्र.सं. | विवरण | लागत अनुमान (भ्याट बाहेक) | ठेक्का नं. | जमानत रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | औषधि खरीद तथा आपूर्ति गर्ने कार्य (औषधि बराहक्षेत्र नगरपालिकाको स्वास्थ्य शाखामा आपूर्ति गर्नुपर्नेछ) । | रु.३५,५१,०००।०० | BKM/NCB/45/2079/080 | रु.८९,०००।०० | रु.३,०००।०० |

**नोटः**- सूचना सम्बन्धि बिस्तृत जानकारी PPMO को बेबसाइट www.bolpatra.gov.np र यस कार्यालयको वेबसाइट www.barahamun.gov.np साथै थप अन्य सूचना सम्बन्धि जानकारी लिनु परेमा यस कार्यालयका स्वास्थ्य शाखाका उमेश प्रसाद मेहेता ९८५२०५७२०४ सम्पर्क गर्न सक्नु हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**नबिल बैंक लिमिटेड, नारायणगढ शाखा, चितवन**
**तपसिलमा उल्लेखित ऋणीलाई**
**कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मितिः २०/०८/२०७९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५(पैत्तिस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बााकी रहन गएमा उक्त बााकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणी कम्पनीको नाम र ठेगानाः विवरण | ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण |
|---|---|
| कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०५/२१ मा दर्ता नं. २२४४३७/०७६/०७७ अन्तर्गत दर्ता भएको **श्री रदी इन्टरप्राइजेज प्रा. लि.।** ठेगानाः काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. ३२, काठमाडौ । | १. मित्रलाल पौडेलको नाति, राम बहादुर पौडेलेको छोरा, सिन्धुपाल्चोक जिल्ला, तातोपानी गा.वि.स., वडा नं. २ स्थायी घर भई काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.नं. ९३/९३५५८ (जारी मितिः २०५५/११/२७, स्थान सिन्धुपाल्चोक) भएको **श्री युक्त बहादुर पौडेल ।**<br>२. कृष्ण बहादुर अधिकारीकी छोरी, राम बहादुर पौडेलेकी बुहारी, युक्त बहादुर पौडेलकी श्रीमती सिन्धुपाल्चोक जिल्ला, तातो पानी गा.वि.स., वडा नं. २ स्थायी घर भई काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.नं. २४३००१/२८६ (जारी मितिः २०६३/११/२१, स्थान सिन्धुपाल्चोक) भएको **श्रीमती सुमिता पौडेल ।** |

**धितोको विवरणः**

**धितोमा रहेको घर/जग्गाको विवरणः**

ऋणी कम्पनी **श्री रदी इन्टरप्राइजेज प्रा. लि.** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक चितवन जिल्ला, देवौली गा.वि.स., वडा नं. १घ हाल चितवन जिल्ला भरतपुर म.न.पा., वडा नं. ४ मा अवस्थित कि.नं. क्रमशः १९५४, १९५८, २०९० र २०९१ को क्षेत्रफल क्रमशः ०-५-१०.५-० र ०-५-५.७५-० विघा र ६७७.२६ र १६८०.४२ वर्ग. मीटरको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

# 'भोट ट्रान्सफर'को गलत भाष्य

## गठबन्धन गरेर निर्वाचनमा होमिएकै कारण सबै मतदाता र शुभेच्छुकले फरक पार्टीलाई मत दिन्छन् या दिनुपर्छ भन्नु 'भोट ट्रान्सफर'को गलत भाष्य निर्माण गर्नु हो



● डा. माधवी भट्ट

अग्रलेख

लोकतान्त्रिक संसदीय शासन व्यवस्थाको सुन्दरता भनेकै आवधिक निर्वाचन र दलबीचको स्वच्छ प्रतिस्पर्धा हो। नेपालको संविधान २०७२ जारी भएपश्चात् सम्पन्न संघ र प्रदेशको दुवैपटकको निर्वाचनमा राजनीतिक दलहरूले एकल सामर्थ्यका आधारमा प्रतिस्पर्धा गर्ने आँट गरेनन्। दुई सय ७५ संख्याको प्रतिनिधिसभामा एक सय ११० जना समानुपातिक प्रतिनिधित्वको संवैधानिक व्यवस्थाका कारण कुनै एक दलले बहुमत ल्याउने अवस्था नदेखिएकाले निर्वाचनपूर्वको गठबन्धनतिर दलहरू आकर्षित हुन पुगेका हुन्।

०७४ को निर्वाचनमा वैचारिक निकटता भएका वामपन्थी दलहरू नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) गठबन्धन गरी होमिएका थिए। राजनीतिक स्थायित्व र सुशासनको चर्को नारा दिएर जनतामाझ प्रस्तुत भएको बाम गठबन्धनले व्यापक जनमत प्राप्त गरे पनि त्यसलाई जोगाउन सकेन। हालै सम्पन्न निर्वाचनमा लोकतान्त्रिक पार्टी नेपाली कांग्रेस र वामपन्थी धारका माओवादी केन्द्र तथा नेकपा एकीकृत समाजवादीलगायतले गठबन्धन गरेका थिए। निर्वाचन परिणाम हेर्दा यी दलहरूको गठबन्धन सत्ता सञ्चालनका लागि आवश्यक बहुमतनिकट पुगेको छ। यद्यपि फरक वैचारिक धरातलमा उभिएर बनेको यो गठबन्धन निर्वाचनपश्चात् पनि टिक्छ नै भन्नेचाहिँ सुनिश्चित भइसकेको छैन। माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महराले शनिबार मात्रै पार्टीले 'वर्तमान सत्ता गठबन्धन अथवा एमालेसहितको नयाँ गठबन्धनको पनि विकल्प खुला राख्ने निर्णय गरेको' बताएका छन्। विगतमा चाइनिज कार्ड प्रयोग गरेर बनेको 'नेकपा' बिउँताउने नभए कांग्रेससँग राष्ट्रपति र प्रधानमन्त्रीको बार्गेनिङका लागि माओवादीले दोहोरो रणनीति लिएको भान हुन्छ। सत्ता र स्वार्थकेन्द्रित यस्तो जोड-घटाउले लोकतन्त्रलाई संस्थागत गर्न र राजनीतिक स्थायित्व कायम गर्न सहयोग पुऱ्याउँदैन।

निर्वाचनको अन्तिम परिणाम आइनसक्दै सत्ता समीकरण र सरकार निर्माणको रस्साकस्सी चलिसकेको छ। सरकार गठनको पुर्वसन्ध्यामा अहिले सत्तारुढ पाँचदलीय गठबन्धनभित्र घात-अन्तर्घात र भोट ट्रान्सफर भयो-भएन भन्ने बहस भुसको आगोजस्तो भित्रभित्रै सल्किरहेको छ। खासगरी गठबन्धनभित्रको ठूलो दल कांग्रेसका मतदाताले माओवादी र समाजवादीलाई मत नदिएको तर्क अघि सारिएको छ। माओवादी र समाजवादीका चल्तीका नेताहरूले नै कांग्रेसले भोट नदिएका कारण अपेक्षित स्थानमा जित्न नसकेको सार्वजनिक टिप्पणी गरिरहेका छन्। जब कि लोकतन्त्रमा मतदाता वा आमसर्वसाधारण सार्वभौम र स्वतन्त्र रहन्छन्। देशको प्रचलित कानुनले मतदातालाई गोप्य मतदानको अधिकार प्रत्याभूत गरेको छ। तर, राजनीतिक दलका केही नेताले भने 'मतदातामाथि दलको ह्विप' लाग्नेजस्तो गरी तुच्छ अभिव्यक्ति दिएका छन्। शीर्ष भनिएका नेताहरूले समेत मतदाताले फरक पार्टीका भए पनि 'भविष्यको सम्भावना बोकेका र आफूनिकट दललाई मित्रवत् व्यवहार गर्ने' उम्मेदवारलाई मात्रै मत दिन्छन् भन्ने बुझ्न नसकेको देखिन्छ। यथास्थितिवादी राजनीतिक दलहरूले आफ्नो खुम्चिँदो हैसियत र घट्दो गतिशीलता भने बिर्सिएका छन्।

अन्तरपार्टी 'भोट ट्रान्सफर' पैतृक सम्पत्ति हकवालामा हस्तान्तरण भएजस्तो कानुनी अधिकारका रूपमा प्राप्त गरिने सहज विषय होइन। यसअघि ०७४ को निर्वाचनमा बनेको बाम गठबन्धनको असफलताको हिस्सा अहिले माओवादी र समाजवादीले मात्रै होइन, कांग्रेसले समेत बोक्नुपरेको छ। उम्मेदवारको व्यक्तिगत क्षमता, शैक्षिक योग्यता, नेतृत्वकला तथा भविष्यको सम्भावनालाई समेत पारख गरेर मतदाताले मत दिने गर्छन्। पुराना दलका नेताहरू सत्तासीन हुँदा जनताको अपेक्षाबमोजिम सुशासन कायम गर्न नसकेको, भ्रष्टाचार नघटेको र सेवा डेलिभरी गर्न नसकेको विषय जोडिएको छ। समाजको नयाँ पुस्ताले 'मेरिटोक्रेसी' अर्थात् योग्यता र क्षमताको आधारमा शासन व्यवस्था चल्नुपर्छ भन्ने मान्यता राख्छ। र, उनीहरूले कैयौँ उम्मेदवारमा आफ्नो भावनाको प्रतिनिधित्व नहुने आकलन गर्दै पार्टी लाइनभन्दा बाहिर गएर 'भोट क्रस' गरेको यथार्थ सामाजिक सञ्जालमा व्यक्त गरेका छन्।

नेपालको हकमा मात्र होइन, विश्वभरि नै सहरी क्षेत्रका मतदाता बढी चलायमान हुन्छन्। उनीहरूले अधिकांश समय सत्ताको विपक्षमा मत जाहेर गर्छन्। नेपालमा पनि काठमाडौंलगायत ठूला सहरका मतदाताले विगतमा पनि ब्यालेटको माध्यमबाट यथास्थितिविरुद्ध विद्रोही अभिमत प्रकट गरेको इतिहास छ। पञ्चायतकालको उत्तरार्धमा काठमाडौंबाट नानीमैयाँ दाहाल र पद्मरत्न तुलाधर विद्रोही भावनाको प्रतिबिम्ब बनेका थिए। गत वैशाखमा सम्पन्न स्थानीय निर्वाचनमा पनि यथास्थितिवादी दलका शक्तिशाली भनिएका उमेदवारलाई हजारौँ मतले पछि पार्दै काठमाडौं, धरान र धनगढीलगायत सहरमा स्वतन्त्र उम्मेदवारले जित हात पारेका थिए। यसपटक संघ र प्रदेशका केही निर्वाचन




क्षेत्रमा पनि त्यस्तै प्रकृतिको विद्रोही जनमत प्रकट भएको छ। गठबन्धन गरेर निर्वाचनमा होमिएकै कारण सबै मतदाता र शुभेच्छुकले फरक पार्टीलाई मत दिन्छन् भन्नु 'भोट ट्रान्सफर'को गलत भाष्य निर्माण गर्नु हो। अर्को शब्दमा भन्नुपर्दा नेपालमा लोकतन्त्र होइन, दलतन्त्र हाबी भएको एउटा प्रमाण पनि हो यो। जनताको मानवअधिकारको सम्मान गर्ने हो भने 'भोट ट्रान्सफर' भन्ने शब्दावली प्रयोग गर्नु नै असभ्यताको सूचक हो।

> कांग्रेसले मत नदिएकाले आफूहरूले पराजय भोग्नुपरेको दाबी गर्ने राजनीतिक दलका केही नेताले 'मतदातामाथि दलको ह्विप' लाग्नेजस्तो अभिव्यक्ति दिइरहेका छन्। तर, अन्तरपार्टी 'भोट ट्रान्सफर' पैतृक सम्पत्ति हकवालामा हस्तान्तरण भएजस्तो कानुनी अधिकारका रूपमा प्राप्त गरिने सहज विषय होइन।

अर्कोतिर माओवादी र समाजवादीका नेताहरूले कांग्रेसको 'भोट ट्रान्सफर' हुन सकेन भनी दिएको अभिव्यक्ति तथ्य र तथ्यांकभन्दा निकै फरक छ। मतपेटिकामा खसेको मतको यथार्थ हेरेर विश्लेषण गर्ने हो भने हालै सम्पन्न निर्वाचनमा समाजवादी र माओवादी दुवैलाई कांग्रेसको मत राम्ररी ट्रान्सफर भएको देखिन्छ। समाजवादीलाई कांग्रेसको भोट ट्रान्सफर नभएको भए उसले कुनै सिट जित्ने थिएन। अधिकांश उमेदवारको जमानत नै जफत हुन सक्थ्यो। माधव नेपाल तुलनात्मक रूपमा कम जोखिमयुक्त क्षेत्रमा उठेका थिए। तैपनि, एकल सामर्थ्यमा उठेको भए उनले पनि सायद जित्न सक्ने थिएनन्।

प्रत्यक्षतर्फ १९ सिटमा उम्मेदवारी दिएको समाजवादीले १० सिटमा जितेको छ। समाजवादीले जितेका १० सिटमा समानुपातिकतर्फ कुनै पनि क्षेत्रमा पनि उल्लेख्य मत पाउन सकेको छैन। उदाहरणका लागि समाजवादीले डोटीमा जम्मा दुई हजार ३७३ समानुपातिक मत पाएको छ। जबकि त्यहाँ सो पार्टीका उम्मेदवार प्रेम आले २७ हजारभन्दा बढी मत ल्याएर निर्वाचित भएका छन्। समाजवादीका तर्फबाट गुल्मी २ मा उम्मेदवार बनेकी रामकुमारी झाँक्री एमाले सचिव गोकर्ण विष्टलाई कडा टक्कर दिँदै पराजित भइन्। त्यहाँ समाजवादीले जम्मा एक हजार ६०३ मत प्राप्त गरेको छ।

इलाम १ मा उम्मेदवार बनेका समाजवादीका नेता झलनाथ खनालका लागि त्यहाँका कांग्रेस नेता र कार्यकर्ता यसरी खटिएका थिए कि सायद उनीहरू आफ्नै पार्टीका उम्मेदवारका लागि पनि यसरी कहिल्यै खटिएका थिएनन्। निर्वाचनमा पराजित भएपछि आफ्नो पार्टी र गठबन्धनका नेता-कार्यकर्ताप्रति कृतज्ञ हुँदै धन्यवाद दिनुको साटो कृतघ्न हुँदै नेता खनालले 'कांग्रेसीहरू द्रव्यपिशाच' भएको, एमालेले धाँधली गरेको भन्दै अदालतमा मुद्दा दिनेसम्म भन्न भ्याए।

पटकौँपटक निर्वाचित हुँदा पनि जनताको पक्षमा काम गर्न नसकेको र जनताले परिवर्तन चाहेको यथार्थलाई उनले स्विकार्न सकेनन्। जब कि कांग्रेस नेता तथा गृहमन्त्री बालकृष्ण खाण स्वयं पराजित भएका छन्। के उनले पनि धाँधली भयो भन्दै आक्रोश पोख्ने ? सत्ता गठबन्धनमा कांग्रेसपछिको मुख्य घटक माओवादीले पनि अघिल्लो निर्वाचनको तुलनामा यसपटक प्रत्यक्षतर्फ आधा सिट मात्रै जितेको छ। यसैलाई आधार मानेर 'भोट ट्रान्सफर' भएन भन्न सकिने अवस्था छैन। उदाहरणका लागि काठमाडौंका निर्वाचन क्षेत्र नं ७ र र १० लाई लिन सकिन्छ। काठमाडौं ७ बाट मानुषी यमी भट्टराई करिव ६ हजार मत प्राप्त गरी पराजित भइन् जब कि सो क्षेत्रमा माओवादीले समानुपातिकतर्फ जम्मा एक हजार ६६८ मत प्राप्त गरेको छ। त्यसविपरीत काठमाडौं क्षेत्र नं. १० मा माओवादीले कांग्रेस उम्मेदवार राजन केसीविरुद्ध अन्जना बिसंखेलाई उठाएको थियो। माओवादीले आफ्नो पार्टीको मत गठबन्धनलाई नदिँदा पनि कांग्रेस उम्मेदवार केसी सहजै निर्वाचित भए। माओवादीको गढ मानिएको रोल्पाको प्रदेश सभामा उम्मेदवार बनेका कांग्रेस नेता अमरसिंह पुन पराजित भए। के उनले पनि माओवादीको भोट ट्रान्सफर भएन भन्ने ?

पुराना राजनीतिक दलहरूले आफ्नो सांगठनिक संरचनामा पुनर्विचार र सुदृढीकरण गर्न जरुरी छ। त्यसो त माओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठले निर्वाचनमा अरू दलको बढी भर पर्ने होइन, आफ्नै संगठन सुदृढ गर्नुपर्ने बताएका छन्। सबै दलले अघिल्लो निर्वाचनपश्चात् आफूहरूले सरकार र सत्तामा खेलेका भूमिकाको समीक्षा गर्न जरुरी छ। अघिल्लो निर्वाचनमा गरिएका वाचा र संकल्पहरू पूरा भए वा भएनन् ? घोत्लिनु जरुरी छ। सत्ता गठबन्धनको साझा चुनावी घोषणापत्र र एकल चुनाव चिह्न नहुनु अपेक्षित निर्वाचन परिणाम नआउनुको प्रमुख कारण भनेर शीर्ष नेताले बुझ्न आवश्यक छ।

पक्कै पनि संसदीय शासन व्यवस्थामा सत्ताकेन्द्रित राजनीतिक उद्देश्य राखेका दल वा व्यक्तिका लागि कुनै न कुनै किसिमको चुनावी गठबन्धन अपरिहार्य हुन्छ नै। विश्वव्यापी रूपमा पार्टीहरू एकल सामर्थ्यका आधारमा निर्वाचनमा होमिन्छन् र सरकार गठनका निम्ति आवश्यक बहुमत प्राप्त नगरेमा अर्को दलसँग गबन्धन गरेर सत्ता समीकरण गर्छन्। तर, विशेष परिस्थितिमा निर्वाचनपूर्व पनि गठबन्धन अपरिहार्य हुन्छ। विकसित देशमा वैचारिक समानता वा अन्य केही निश्चित उद्देश्य राखेर गठबन्धन गरिन्छ भने विकासशील देशमा निर्वाचनमा मुख्य प्रतिस्पर्धीलाई हराउने र आफू सत्तामा जाने रणनीतिअनुरूप गठबन्धन गरिन्छ। छिमेकी भारतमा लामो समयदेखि निर्वाचनपूर्व र पश्चात् दुवै खालका गठबन्धनको अभ्यास हुँदै आएको छ। भारतमा गठबन्धनले राजनीतिक स्थिरता दिएको पाइन्छ। २०४८ पछिको घटनाक्रम हेर्दा नेपालमा संसद्को एक कार्यकाल पनि पूरा नगर्ने अस्थिर सत्ता गठबन्धनको जोडघटाउमा दलहरू लाग्दा जनतामा चरम निराशा बढेको पाइन्छ।

अन्त्यमा, माओवादीले 'भोट ट्रान्सफर' नभएको गलत भाष्य प्रयोग गरेर 'नेकपा' बिउँताउने नाममा सत्ता बार्गेनिङ गर्नुको साटो देशमा सुशासन र राजनीतिक स्थिरताको पक्षमा लाग्नु नै देश र स्वयं उसका लागि पनि श्रेयष्कर हुन्छ।

---

## ३ प्रश्न

जनता समाजवादी पार्टीका प्रवक्ता **मनीषकुमार सुमन**लाई



**यो निर्वाचन परिणामलाई कसरी हेर्नुभएको छ ?**

हामीले जेजस्तो सोचेका थियौँ, अपेक्षाकृत परिणाम आएन। देशैभर यसपटक नेपाली जनताले विकल्प खोजेका छन्। पहाडमा राष्ट्रिय स्वतन्त्र पार्टीप्रतिको रुझान त्यसैको संकेत हो। मधेसमा पनि सिके राउतजीको जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी उदाएका छन्। तर, यसबाट हाम्रो 'डिप्रेसन' मै जानुपर्ने खालको अवस्था भने आएको होइन।

**पुराना र स्थापित दलहरूमाथिको विश्वास गुमेकाले मधेसी जनताले विकल्प खोजेका त होइनन् ?**

नयाँ दलले पनि खासै धेरै सिट जितेका होइनन् र हामीले पनि आत्तिनैपर्ने गरी धेरै गुमाएका होइनौँ। नयाँ शक्तिबाट हामी विस्थापित भएका पनि होइनौँ। जनताबाट ठुलै सजाय पाएका पनि होइनौँ। केही सिट मात्र जित्ने दलहरूले जनताका लागि के नै पो गर्न सक्लान् र ? त्यसैले, अहिले जनताले विकल्प खोज्ने प्रयास गरे पनि हामी निराश छैनौँ।

**एमालेसँगको सहकार्य तोडिसकेको अवस्थामा तपाईंहरू आगामी सरकारमा जानुहुन्छ कि हुँदैन ?**

हामीले प्रतिपक्षमै बस्ने जनादेश पाएका छौँ। तैपनि, आवश्यकताका आधारमा सरकार बनाउने गठबन्धनले संविधान संशोधन, शासकीय स्वरूपमा परिमार्जनलगायत मधेस मुद्दामा सहकार्य गर्न तयार भएर प्रस्ताव गरेमा त्यसबारे केही सोच्न सकिन्छ। तर, हामी दौडेर सरकारमा जाँदैनौँ। पहिले सरकार बनाउने दलहरू मधेस मुद्दामा सहमत हुनुपर्छ।

---

प्रेरक प्रसंग

## जनताका लागि लेख्ने लेखक

चार्ल्स डिकेन्स इंग्ल्यान्डका प्रसिद्ध कथाकार थिए। तत्कालीन समयमा उनका कथा निकै चर्चित थिए। उनका कथाका पाठक विभिन्न तहका मानिस थिए। तर, उनी आफ्ना कथा सामान्य जनताका लागि लेखिएका हुन् भन्नेमा आफू प्रस्ट थिए।



कुरा त्यो वेलाको हो, जतिखेर उनको ख्याति देशभर फैलन सुरु भएको थियो। त्यो वेला उनी कैयौँ मानिसलाई आफ्ना रचना सुनाउँथे। उनका ती कथा सुन्ने पाठक प्रायः सर्वसाधारण मानिस नै हुने गर्थे। त्यतिखेर उनका श्रोताको संख्या हजारौँ थियो।

बिस्तारै इंग्ल्यान्डकी तत्कालीन महारानी भिक्टोरियाले पनि उनका कथा लेखन र वाचन शैलीको प्रशंसा सुनिन्। महारानी पनि कथाकार डिकेन्सको रचना सुन्न लालायित भइन् र आफ्ना सेवकलाई डिकेन्सलाई बोलाउन पठाइन्। महारानीको आदेश पाउनासाथ उनका सेवक चार्ल्स डिकेन्स खोज्न हिँडे। उनलाई भेट्न कठिन भएन। सेवकले डिकेन्सलाई महारानीले खोजेको कुरा सुनाए र आफूसित हिँड्न आग्रह गरे। उनको अनुरोधअनुसार डिकेन्स पनि दरबार जान तयार भए। जब ती सेवकले डिकेन्सलाई महारानीसमक्ष प्रस्तुत गरे, तब महारानीले उनको रचना सुन्ने इच्छा व्यक्त गरिन्।

डिकेन्सले महारानीसँग भने, 'मेरो रचना महारानीबाट सुन्ने इच्छा व्यक्त गरिनु मेरा लागि अहोभाग्य हो। तर, यसमा मेरा केही सर्त छन्। साँच्चै महारानी मेरो रचना सुन्न चाहनुहुन्छ भने त्यति वेलामा आउनुपर्नेछ, जब म सर्वसाधारण मानिसलाई आफ्ना रचना सुनाइरहेको हुन्छु। माफ गर्नुहोला महारानी, म राजमहलका लागि लेख्दिनँ, म त सामान्य जनताका लागि लेख्छु।' डिकेन्सको जवाफ सुनेर महारानी आश्चर्यमा परिन् तर उनले केही भनिनन्। उता डिकेन्स भने महारानीसित बिदा मागेर फटाफट आफ्नो घरतिर लागे।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

### सडकबत्ती राख

मित्रराष्ट्र चीनको सहयोगमा कोटेश्वरदेखि कलंकीसम्म आठ लेनको सडक विस्तार भयो। सडक निकै राम्रो पनि बनेको छ। यस क्षेत्रमा दिउँसोको समयमा यात्रा गर्न निकै सहज पनि भएको छ। तर, अँध्यारोमा यो सडक खण्डमा यात्रा गर्नुपर्दा भने ज्यान हत्केलामा राखेर यात्रा गर्नुपरेको अनुभव हुन्छ। फराकिलो सडकमा सवारी साधन तीव्र गतिमा हुइँकिनु सामान्य हो। तर, अँध्यारोमा तीव्र गतिमा यात्रा गर्दा विपरीत दिशातिरबाट आएका सवारी साधनको हेडलाइटले गर्दा सवारी अनियन्त्रित भई दुर्घटना हुन सक्ने खतरा बढी नै छ। त्यसैले, सो सडक खण्डमा तत्काल सडक बत्तीको व्यवस्थापन गरियोस्।

● **शोभिता महर्जन**, सुनाकोठी, ललितपुर

### ललितपुरको सराहनीय काम

ललितपुर महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका विभिन्न सडकमा १४ सय स्मार्ट लाइट थप्ने समाचार पढियो। अँध्यारो सडक दुर्घटनाको कारक बन्न सक्छ। त्यसैले, महानगरले गरेको निर्णय सही छ। बत्ती नभएको कुनै पनि सडकमा बत्तीको व्यवस्थापन गरिनु स्वागतयोग्य काम हो। तर, काठमाडौं र ललितपुर महानगरको क्षेत्रभित्र पर्ने कोटेश्वरदेखि कलंकीसम्मको रिङरोडमा पनि सडक बत्तीको खाँचो छ। यसतर्फ पनि महानगरको ध्यान पुगोस्।

● **कृष्ण ताम्राकार**
ग्वार्को, ललितपुर

### अन्त पनि चाहिन्छ फ्लाईं ओभर

सरकारले ग्वार्कोमा नेपालकै पहिलो फ्लाई ओभर बनाउन लागेको सुन्दा खुसी लाग्यो। तर, काठमाडौंको रिङरोडमा एउटा मात्र फ्लाई ओभरले केही हुँदैन। कोटेश्वर, सातदोबाटो, बालाजु, माछापोखरी, महाराजगन्ज, चाबहिल, गौशालालगायत विभिन्न चोकमा सवारी जामको चर्को समस्या छ। यी स्थानमा पनि फ्लाई ओभर नबनाई सुखै छैन। बरु, अब विस्तार हुने चक्रपथको कलंकी-चाबहिल सडक खण्डमा भने विस्तारसँगै फ्लाई ओभर पनि बनाउनुपर्छ।

● **भावना मगर**
हात्तीवन, ललितपुर

### फेरि पुरानै खेल खेल्ने ?

निर्वाचनपछि मत परिणाम आउने क्रम पनि सकियो। अब सरकार बनाउने वेला आयो। दलहरूमा फेरि पुरानै रोग बल्झिएको देखिँदै छ। मलाई यो भए सरकारमा जान्छु नत्र जान्नँ भन्ने घुर्की सुन्न थालिएको छ। विगतमा जनता जे र जोबाट आजित भएका थिए, आज पनि त्यही रोग बल्झिएको छ। कहिले सुध्रिएलान् राजनीतिक दलका शीर्ष नेताहरू ?

विदेशी मुलुकमा निर्वाचनपछि सुशासन सुरु हुन्छ, हाम्रोमा भने निर्वाचनपछि दलहरूको भागबन्डाको लुछाचुँडी सुरु हुन्छ। एकल बहुमतले पनि सरकार चलाउन नसक्ने, मिलेर पनि सरकार नचलाउने भएपछि निर्वाचनचाहिँ केका लागि ? निर्वाचनले देश खोक्रो भएको छ। जनताले चाहेर केही हुँदैन।

नेताले नचाहेसम्म देशको अवस्था सुध्रिन सक्दैन। माओवादीले सरकार बनाउन सबैसँग सहकार्य गर्न सकिने कार्ड फ्याँकिसक्यो। नेकपा समाजवादीका अध्यक्ष माधव नेपालले राष्ट्रपति, प्रम अथवा सभामुखमा दाबी गरिसके। एमाले जता आफूलाई फाइदा हुन्छ, त्यता मिल्न तयार छ। के निर्वाचनले देशलाई राजनीतिक निकास दियो त ? अर्बौं खर्च गरेर निर्वाचन गरेर के नै भयो र ?

गठबन्धनको बहुमत लगभग पुग्ने भएपछि गठबन्धनकै सरकार बनाएर देशलाई राजनीतिक निकास दिनुपर्नेमा किन नाटक गर्दै छन् नेताहरू ? उनीहरू देशप्रति किन गम्भीर बन्न सकिरहेका छैनन् ? सत्ताको भागबन्डाको यो फोहोरी राजनीति कहिलेसम्म खेलिने हो ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# द कस्मिर फाइल्स : एक अश्लील प्रोपगान्डा

## कलाले झटारो हानेर ऱ्याखऱ्याख्ती पार्नुपर्छ, तर यो काम बुद्धिमत्तापूर्ण शैलीका साथ गर्न सक्नुपर्छ, मूर्खतापूर्ण अश्लीलताका माध्यमबाट होइन



देश / विदेश

● नदाभ लपिड

द कस्मिर फाइल्स चलचित्रमाथि गरेको टिप्पणीप्रति मलाई कुनै पछुतो छैन (उनले द कस्मिर फाइल्सलाई अश्लील प्रोपगान्डा बताएका थिए)। मलाई टिप्पणी गर्नैपर्थ्यो भन्ने लागेको थियो र अन्ततः मैले टिप्पणी गरेँ। म भारतीय यथार्थको हिस्सा होइन। म भारतमा इन्टरनेसनल फिल्म फेस्टिभल अफ इन्डिया (आइएफएफआई) फिल्म महोत्सवमा निर्णायक बन्नका लागि पुगेको थिएँ र मेरो टिप्पणीपछि घटना र परिस्थितिले एउटा भिन्नै मोड लियो। दुई-चार दिनको हल्लाखल्लापछि यो घटना सेलाउने नै छ।

प्रश्न मेराबारे वा द कस्मिर फाइल्स चलचित्रबारे होइन। वास्तविक प्रश्न भिन्न छ। मानिसहरू मेरो टिप्पणीमाथि असन्तुष्ट हुन सक्छन् र मैले केही पनि जान्दिनँ भन्न पनि सक्छन्। मेराबारे निकृष्ट बुझाइ पनि राख्न सक्छन्। मानिसहरू द कस्मिर फाइल्सलाई मन पराउन वा घृणा दुवै गर्न सक्छन्। यो सब जायज छ र म कुनै भावनात्मक वा गम्भीर बहसविरुद्ध छैन। तथापि मेरो टिप्पणीमाथि आएको प्रतिक्रियाको ठूलो हिस्साले पागलपनबाहेक केही झल्काउँदैन। हो, म मान्छु यो तपाईंहरूकै देश हो, तपाईंहरूकै समाज हो, तर हिंसात्मक प्रतिक्रिया आउँछ भनेर तपाईं सत्य बोल्न डराउनुहुन्छ ? मिडियामा आएका प्रतिक्रिया मैले नियालेँ र एक चलिचित्र समीक्षकका रूपमा मप्रति लक्षित यी प्रतिक्रिया स्वाभाविक नै हो र ! भन्दै चकित परेको छु।

द कस्मिर फाइल्स एक नक्कली चलचित्र हो र यो फगत प्रोपगान्डा हो। अन्य चलचित्रझैँ यसले पनि जीवन, अस्तित्व, ऐतिहासिक परिघटनाबारे कलात्मक सिर्जना गर्ने प्रयास गरिरहेकोजस्तो व्यवहार गर्छ। अन्ततः मेरो विचारमा द कस्मिर फाइल्सले अत्यन्त अश्लील र घटिया तरिकाले सिनेमेटिक (चलचित्रगत) छेडखानी गरेर राजनीतिक पक्षधरता स्थापित गर्ने प्रयास गरेको छ। सिनेमेटिक कोणबाट हेर्दा म यो चलचित्रलाई गम्भीर रूपमा लिन सक्दिनँ। बाहिरबाट हेर्दा यो चलचित्र मजाकबाहेक केही लाग्दैन। तर, यो चलचित्रलाई गम्भीरतापूर्वक हेरेर नै प्रतिष्ठित चलचित्रलाई महोत्सव आइएफएफआईको मञ्चमा स्थान दिएको पाइयो र यस अवस्थामा निर्णायकका हैसियतले चलचित्रबारेको बुझाइ र टिप्पणी राख्नैपर्छ।

चलचित्रको दृश्य, ध्वनी, रंगलगायतका विधि (फर्म) कथावस्तु हो र जब कलाको कुरा आउँछ कथावस्तु नै विधि हो। चलचित्रको सौन्दर्य विधिले वैचारिक अर्थ राख्छ। कस्मिर फाइल्सको मामिलामा मसँग कति मानिस मरे वा पीडितको संख्या निर्धारण गर्ने कुनै उपाय वा उपकरण छैन। कतिलाई मृत्युदण्ड दिइयो भन्न सक्ने क्षमता मसँग छैन। फिल्ममा देखाइएका डरलाग्दो दृश्य भएकै होइनन् भनेर म भन्न सक्दिनँ। मेरो प्रश्न के चलचित्रमा देखाइएका बीभत्स दृश्यलाई छायामा उतार्न जरुरी थियो ? भन्ने हो। चलचित्रमा देखाइएका खराब चरित्रमा मानवीय गुण पनि देखाइएको छैन अर्थात् ती मान्छे नै होइनन्। निकृष्ट मानिसले पनि आफूलाई सही देखाउँछ। मेरा लागि यसैले जीवनमा द्वन्द्वात्मकता झल्काउँछ। तपाईंले यो चलचित्रमा द्वन्द्वात्मकता भेट्नुहुन्न। तपाईंले सजिलै एजेन्डा थाहा पाउनुहुन्छ र चलचित्रलाई अश्लील ढंगले निर्माण गरेको भेउ पाउनुहुन्छ। म प्रस्टै भन्छु, यदि तपाईं प्रोपगान्डा चलचित्र बनाउन चाहनुहुन्छ भने इमानदारीसाथ खुलेरै बनाउनुस्।

केही सर्गेई आइजेन्स्टाइनको 'ब्याटलसिप पोटेम्किन'लाई प्रोपगान्डा भन्छन् र पनि यो एक विशिष्ट चलचित्र हो। नाजी प्रोपगान्डा चलचित्रकर्मी लेनी रेफेन्स्टालले मानव इतिहासकै सबैभन्दा घटिया र नृशंस विचारमा रहेर चलचित्र बनाएकी थिइन् तर उनका चलचित्रको मोहित पार्ने दृश्य विधिलाई तपाईं



तस्बिर : एपी

अनदेखा गर्न सक्नुहुन्न। उनका फिल्म मानिसलाई हेरौँ हेरौँ भन्ने बनाउँथ्यो र आकर्षक हुन्थे।

वास्तवमा म आफूलाई प्रोपगान्डा भनेर चिनाउने प्रोपगान्डा चलचित्रप्रति कुनै विरोध छैन। जब एक कलाकार आफूलाई विचारधाराको सच्चा अनुयायी ठान्छ, उसले खुलेर आफ्नो विचारलाई प्रोत्साहन गर्ने गरी कलात्मक सिर्जना गर्छ। उल्लिखित कलाकारले जबजब क्यामेरा चलाए, उनले जादुमयी सिर्जना गरेका थिए। यही त कलाको जादु हो। यति भन्दै गर्दा म प्रोपगान्डा चलचित्रको सन्देश वा नैतिकताको कुरा गरिरहेको छैनँ म केवल सौन्दर्यशास्त्रको कुरा गर्दै छु। द कस्मिर फाइल्स चलचित्रजस्तो देखिन्छ वास्तवमा चलचित्र भने होइन। यो चलचित्र अश्लीलता र एक विशेष विचारधाराको सम्मिश्रण हो।

कस्मिरमा भएको हिंसाका पीडित वा शरणार्थी र परिवारले यो चलचित्र हेरेर के प्रतिक्रिया दिए भन्नेबारे म जानकार छैनँ। चलचित्रप्रति सबै किसिमका प्रतिक्रिया आएका छन्। यदि म कस्मिरमा भएको अत्याचारसँग जोडिन्थे भने म आफ्नो दुःख प्रस्तुत गर्न द कस्मिर फाइल्सजस्तो चलचित्र निर्माण गर्दिनथेँ। म योभन्दा गम्भीर काम गर्ने थिएँ।

कसैलाई चोट पुऱ्याउनु मेरो रुचि होइन, तर हिंसात्मक एवं अपमानजनक प्रतिक्रियालाई आलोचनात्मक चिन्तन र कलात्मक संकथनलाई मौन बनाउने अस्त्रका रूपमा बुझ्छु। हामी बालबालिका होइनौँ। म कलाले जहिल्यै मानिसलाई खुसी र आनन्दको अनुभूति गराउनुपर्छ भन्ने मान्यता राख्दिनँ। कलाले झटारो हान्नुपर्छ र ऱ्याखऱ्याख्ती पार्नुपर्छ, तर यो काम बुद्धिमत्ता र शैलीका साथ गर्नुस् नकि मूर्खतापूर्ण अश्लीलताका माध्यमबाट। उसो त मेरा आफ्नै राजनीतिक विचार छन्। तर, म विपरीत विचारधाराबाट निर्मित चलचित्रका लागि उत्साहित हुन्छु। दक्षिणपन्थी वा वामपन्थी चलचित्र भनेर म चलचित्रलाई राजनीतिक पार्टीमा विभक्त गर्दिनँ, तर कलाकारलाई राज्यले पुल्पुल्याउनु स्वस्थकर हुन्छ भन्नेमा म विश्वास गर्दिनँ। तसर्थ, कलाकार राज्यसत्ताबाट टाढा हुनु वा राज्यसत्ताको आलोचक हुनुलाई तर्कसंगत ठान्छु।

*(इजरायली सिनेकर्मी एवं निर्देशक लपिड हालै इन्टरनेसनल फिल्म फेस्टिभल अफ इन्डिया (आइएफएफआई) फिल्म महोत्सवका निर्णायक थिए) द न्यु इन्डियन एक्सप्रेसबाट*

# दुई देशमा फैलिएको विश्वकै ठूलो टेलिस्कोप निर्माण हुँदै

दुई अर्ब युरो लागतमा निर्माण हुने यो अब्जरभेटरी एक वर्गकिलोमिटरमा फैलिएको हुनेछ । यसले ५० मेगाहर्जदेखि २५ गिगाहर्जसम्मको फ्रिक्वेन्सी पहिचान गर्नेछ ।




अब्जरभेटरीमा स्थापना हुने डिसको नमुना

**लन्डन**/ २१औं शताब्दीका महान् वैज्ञानिक परियोजनाहरूमध्ये एउटा परियोजनाको निर्माण चरण सोमबारबाट सुरु भएको छ । स्क्वायर किलोमिटर एरे (एसकेए) परियोजनाको निर्माण सन् २०२८ मा सम्पन्न भएपछि यो टेलिस्कोप विश्वकै ठूलो रेडियो टेलिस्कोप हुनेछ ।

दक्षिण अफ्रिका र अस्ट्रेलियामा फैलिएको तथा बेलायतमा मुख्यालय रहेको यस सुविधा (फ् यासिलिटी)ले खगोल विज्ञानका सबैभन्दा ठूला प्रश्नहरूको सम्बोधन गर्नेछ । यसले आइन्स्टाइनका सिद्धान्तहरूको सबैभन्दा सटिक परीक्षण गर्नेछ भने पृथ्वीबाहिरका वस्तुहरूको खोजी पनि गर्नेछ । अहिले यो परियोजनाको नेतृत्व गर्ने आठ देशका प्रतिनिधिमण्डलले पश्चिमी अस्ट्रेलियाको दुर्गम क्षेत्र मुर्चिसन र दक्षिण अफ्रिकाको उत्तरी क्षेत्र कारुमा भइरहेको कार्यक्रममा भाग लिइरहेका छन् । शिलान्यास उत्सव सम्पन्न भएपछि बुलडोजरहरू चल्न थाल्नेछन् ।

'यो वास्तविक क्षण हो,' स्क्वायर किलोमिटर एरे संगठनका महानिर्देशक प्रा. फिल डायमन्डले समाचार संस्था बिबिसीसँग भनेका छन्, 'यो ३० वर्षे यात्रा हो । पहिलो १० वर्ष अवधारणा र विचारहरू विकास गर्नमा बित्यो । दोस्रो १० वर्ष प्रविधि विकासमा खर्च गरियो । अन्तिम दशक विस्तृत डिजाइन, निर्माण स्थल सुरक्षित गर्ने कार्य र एउटा सन्धि संगठन (एसकेएओ) स्थापना गर्न सरकारहरूलाई सहमत गराउन र काम सुरु गर्न रकम उपलब्ध गराउनमा खर्च भयो ।'

यो टेलिस्कोपको सुरुवाती वास्तुकलाले २०० भन्दा कम अणुवृत्त आकारका एन्टेना र डिसका साथै एक लाख ३१ हजार द्विध्रुवीय एन्टेना समावेश गरेको छ, जुन झन्डै-झन्डै क्रिसमस ट्रीजस्तै देखिनेछ ।

यसको लक्ष्य भनेको सयौं हजार वर्गमिटर क्षेत्रफलमा विस्तारित एउटा प्रभावकारी सिग्नल संकलन क्षेत्र निर्माण गर्नु हो । आकाशका लक्ष्यहरूलाई जाँच गर्न यसले एसकेएलाई अतुलनीय संवेदनशीलता र रिजोलुसन (सघनता) दिनेछ ।

यो प्रणालीले ५० मेगाहर्जदेखि २५ गिगाहर्जसम्मको फ्रिक्वेन्सीको दायरामा काम गर्नेछ । वेभलेन्थको सन्दर्भमा यसले सेन्टिमिटरदेखि मिटरसम्मका तरंगहरूलाई पहिचान गर्नेछ । यसले टेलिस्कोपलाई पृथ्वीबाट अरबौं प्रकाश-वर्ष परका ब्रह्माण्डीय स्रोतहरूबाट आउने धेरै सूक्ष्म रेडियो सिग्नलहरू पत्ता लगाउन सक्षम बनाउनेछ । यसले बिग बैग (महाविस्फोट) पछिका पहिलो केही करोड वर्षपछि निस्किएका संकेतसमेतलाई समात्न सक्नुपर्छ ।

एसकेएको महान् खोजीमध्ये एक ब्रह्माण्डमा प्रचुर मात्रामा रहेको हाइड्रोजनको पूर्ण इतिहासको पहिचान गर्नु हुनेछ । यो टेलिस्कोप पहिलो तारा बन्न घना बादलहरू फाट्नुअघिका हाइड्रोजनको उपस्थितिलाई पत्ता लगाउन सक्षम हुनेछ ।

'एसकेएले खगोल विज्ञानका थुप्रै क्षेत्रमा योगदान दिँदै छ,' अब्जरभेटरीका विज्ञान सञ्चालनका प्रमुख डा. सारी ब्रिनले भन्छन्, 'एउटा यी फास्ट रेडियो बर्स्टबारे पत्ता लगाउनु हुनेछ । यी चिजले हाम्रो सूर्यबाट पूरै एक वर्षमा उत्पन्न हुने ऊर्जा एक सेकेन्डको पनि निकै सानो अंशमा उत्पादन गर्छन् । हामीलाई यी के हुन् भन्ने थाहा छैन । त्यो कसरी सम्भव हुन्छ ? आशा गरौं, एसकेएसँग यसको जवाफ हुनेछ,' ब्रिनलेले थपे ।

यो टेलिस्कोप पहिलेदेखि नै सानो स्तरमा रेडियो खगोल विज्ञानको लागि प्रयोग भइरहेको क्षेत्रमा निर्माण हुँदै छ । तर, यी साइटलाई विस्तार गर्न कारुका किसान र मुर्चिसनका आदिवासी वजारी यामाजीसँग विभिन्न जग्गा प्राप्ति सम्झौता गर्न आवश्यक छ । वजारी समुदायले सोमबारको एसकेए परियोजना सुरु गर्ने समारोहमा आयोजना गरेका छन् ।


यो समारोहमा विभिन्न खरिद सम्झौता घोषणा गरिनेछन् । यो कुल निर्माण लागत दुई अर्ब युरोको एक हिस्सा हुनेछ । अहिलेसम्म ५० करोडभन्दा कम मात्रै खर्च भएको छ । यो परियोजनाको पहिलो कोसेढुंगा सन् २०२४ हुनेछ, जब अस्ट्रेलियामा चारवटा डिस र दक्षिण अफ्रिकामा ६ वटा एन्टेना स्टेसनहरूले आधारभूत टेलिस्कोपको रूपमा सँगैसँगै काम गर्न थाल्नेछन् ।

सन् २०२८ सम्ममा एसकेएको प्रभावकारी तथ्यांक संकलन क्षेत्र पाँच लाख वर्गमिटरभन्दा केही कम हुनेछ । तर, यो सेटअपलाई निरन्तर विस्तार गर्ने गरी डिजाइन गरिएको छ । यसलाई १० लाख वर्गमिटर वा एक वर्ग किलोमिटरसम्म विस्तार गर्ने लक्ष्य राखिएको छ । धेरैभन्दा धेरै देशहरू यो संगठनमा सामेल भएर आवश्यक रकम उपलब्ध गराए भने यो सम्भव हुनेछ । अहिले यो परियोजनामा दक्षिण अफ्रिका, अस्ट्रेलिया, बेलायत, चीन, इटली, नेदरल्यान्ड्स, पोर्चुगल र स्विट्जरल्यान्ड सदस्य छन् । यी देशले सन्धिलाई अनुमोदन गरेका छन् । फ्रान्स, स्पेन र हालै जर्मनीले पनि आफूहरूलाई यसमा जोड्न खोजेका छन् ।

क्यानडा, भारत, स्विडेन, दक्षिण कोरिया र जापानले पनि कुनै बिन्दुमा आबद्ध हुने आफ्नो आशय दर्साएका छन् । 'वास्तवमा हामी अरू मुलुकसँग पनि कुराकानी गर्ने प्रक्रियामा छौं यो टेलिस्कोपमा जोडिन, हेरौं उनीहरूको चासो के हुन्छ,' प्राध्यापक डायमन्डले भने ।

## इतिहासमा आज

६ डिसेम्बर



**सन् १९९२ :** लाखौं हिन्दूद्वारा भारतमा बाबरी मस्जिद ध्वस्त । त्यसपछि भड्किएको साम्प्रदायिक दंगामा करिब दुई हजार व्यक्तिको मृत्यु भएको थियो ।

**सन् १२४० :** बातु खाँ नेतृत्वको मंगोल सेनाले कियभलाई कब्जामा लिएर विध्वंस मच्चायो । कियभ नगरलाई आठ दिन कब्जामा राखेर विश्वंस मच्चाउँदा त्यहाँका ५० हजार मानिसमध्ये केवल दुई हजार मात्रै बाँच्न सफल भएका थिए ।

**सन् १८६५ :** दासप्रथालाई उन्मूलन गर्ने अमेरिकी संविधानको १३औं संशोधन अनुमोदन ।

**सन् १९९८ :** भेनेजुयलाका राष्ट्रपतिमा ह्युगो चाभेज निर्वाचित ।

## विश्व संक्षेप

### मालीमा ६६ आतंककारी मारिए

**बामाको**/ मालीमा गत नोभेम्बर महिनामा मात्र कम्तीमा ६६ आतंककारी मारिएको बताइएको छ । यहाँको सशस्त्र बलले मालीमा नोभेम्बर महिनामा गरेको आतंककारीविरुद्धको कारबाहीमा ती व्यक्ति मारिएका हुन् । सो कारबाहीका क्रममा मालीको सेनाले आतंककारीहरूले निर्माण गरेका कैयौं आश्रयस्थल पनि ध्वस्त बनाइदिएको त्यहाँको सेनाले जनाएको छ । आतंककारीहरूले प्रयोग गर्ने केही शक्तिशाली हतियार र सवारीसाधन पनि सरकारी सैन्य बलले कब्जामा लिएको छ । मालीको सेनाले गएका केही महिनादेखि आतंककारीविरुद्ध सशक्त कारबाही गरिरहेको छ । प्रतिआतंकवादी अभियान नाम दिइएको सो कारबाहीमा थुप्रै आतंककारी पक्राउ पनि परेका छन् । सन् २०१२ देखि मालीले सुरक्षा चुनौतीको सामना गर्दै आएको छ । यहाँ विभिन्न समूहले आतंककारी क्रियाकलाप निरन्तरता दिँदै आएका छन् ।

### गुजरात विधान सभा निर्वाचन सम्पन्न

**गुजरात**/ गुजरात विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणअन्तर्गत उत्तर र मध्य गुजरातका १४ जिल्लाका ९३ विधान सभा निर्वाचन क्षेत्रमा सोमबार मतदान सम्पन्न भएको छ । निर्वाचन आयोगले आजको मतदानका लागि २६ हजार चार सय नौ मतदान केन्द्र स्थापना गरेको थियो । मतदानका लागि करिब ३६ हजार 'इलेक्ट्रोनिक भोटिङ मेसिन (इभिएम) प्रयोग गरिएको आयोगले जनाएको छ । गुजरातको अन्तिम चरणको मतदानमा प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह, उत्तर प्रदेशका राज्यपाल आनन्दीबेन पटेल, इसुदन गढवी, गुजरात कंग्रेसका अध्यक्ष जगदीश ठाकोर, क्रिकेटर इरफान पठान, हार्दिक पाण्डेय र क्रुणाल पाण्डेयले मतदान गरेका छन् । दुवै चरणको नतिजा एकैपटक डिसेम्बर ८ मा घोषणा गरिने बताइएको छ । हिमाचल प्रदेश विधानसभा चुनावको परिणाम पनि सोही दिन घोषणा हुनेछ ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Pushpalal (Midhill) Highway Project Directorate
Pushpalal (Midhill) Highway Project office
Kushma, Parbat

**Tender Notice No: 01-079/80**

**(Date of publication: 2079/08/20)**

1. **Puspalal (Midhill) Highway project office, Kushma Parbat** invites electronic bid from **National** eligible bidders for **Item Rate Contract** of the following works:

| Contract Identification Number | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Average annual Construction Turnover (NRs. Million) | Estimate Amount Without VAT and PS (NRs.) | Bid Security Validity Period (days from the date of bid opening) |
|---|---|---|---|---|---|---|
| MIDHLPBT/ 337011144/ 079/80-01 | Maintenance Works of Ghodabadhe-Narethanti-Hatiya Section of Midhill Highway, Baglung District, (Ch:26+000 to 28+500). | 5,000 | 21,00,000 | 110.00 | - | 120 days |

2. Purchase, Submission an, Opening Date and Account Details:

| CN | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For all contracts | 2079/09/14 2022/12/29 | 13:00 | 2079/09/22 2023/01/06 | 11:30 | 2079/09/22 2023/01/06 | 12:00 | 2079/09/22 2023/01/06 | 13:00 |

| | | | For Security Guarantee Deposit | | For Bid Document Fee Purchase | |
|---|---|---|---|---|---|---|
| Bank | Name of Office | Office code | Account Name | Deposit Account No. | Revenue Account No. | Revenue Heading No. |
| Nepal Bank Limited Kushma Branch | Puspalal (Midhill) Highway project office | 337-0142-01 | District Treasury Controller Office, Parbat | 06601000002003000001 | 00101000000001001001 | 14229 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (12th Amendment, 2079).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp**, as specified in the Bidding data sheet for provision of E-Bidding. Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy shall not be accepted.
5. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this division / PPMO's website.

**Project Chief**

**लक्ष्मी बैंक लिमिटेडका ऋणी, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसँग सम्बद्ध सबैलाई ऋण कर्जा चुक्ता गर्ने गराउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना ।**

(प्रकाशित मिति २०७९/०८/२०)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तानी गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकमा सम्पर्क राखी कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फर्छ्यौट गरी गराई लेखिदिएको धितो फुकुवा गरी लैजानको लागि सम्वन्धित ऋणी तथा धितो सुरक्षण धनी/धितो जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, प्रोप्राइटर, साझेदार तथा ऋणी फर्म/कम्पनीसँग सम्बद्ध फर्म/कम्पनी समेतलाई यसै सूचना बमोजिम ऋणीलाई कर्जा चुक्ता गर्न लगाउनुहुन वा आ-आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, प्रोप्राइटर, साझेदार तथा ऋणी फर्म/कम्पनीसँग सम्बद्ध फर्म/कम्पनी समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन/निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षण वापत धितो रहेको तपसिल बमोजिमको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै चल-अचल सम्पत्ति लगायत जमानतकर्ता समेतको चल-अचल सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा/वा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य प्रक्रिया अवलम्बन गरी कर्जा असुल उपर गरी लिने र/वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि अड्डा अदालतमा मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणी तथा जमानतकर्ताको विवरण | फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|
| १. **ऋणीको नाम** : प्रदेश सरकार, प्रदेश-२, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहानमा सिरहा प्रा.फ.र.नं.१३११८/२०७७/०७८, मिति २०७७/०८/२२ मा दर्ता भई सिरहा जिल्ला, लहान गा.पा/न.पा वडा नं. ०३ मा रजिष्टर ठेगाना रही आन्तरिक राजश्व कार्यालय, लहान, स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०२०९२०९५ मिति २०७७/०८/२२ मा दर्ता भएको **सगरमाथा चौधरी जनरल स्टोर ।**<br>**प्रोप्राईटर : रिता देवी चौधरी** (ना.प्र.नं. ७१५/१७२ जिल्ला प्रशासन कार्यालय, सिराहा, जारी मिति २०५५/०५/१०)<br>**बाबु** : सोमन थारु चौधरी । **ससुरा** : बहुरी चौधरी ।<br>**पति** : शम्भु लाल चौधरी ।<br>**ठेगाना** : सिरहा जिल्ला, ब्रम्हानगोर्छारी न.पा./गा.पा. वडा नं. ०५ भई हाल सिरहा जिल्ला, लहान नगरपालिका वडा नं. ०३ ।<br>१) **व्यक्तिगत जमानतकर्ता : शम्भु लाल चौधरी** (नागरिकता नं. ३०९९/५९/३ जि.प्र.का सिराहा, २०४४/१२/१७)<br>**बाबु** : बहुरी चौधरी । **बाजे** : अकलु चौधरी ।<br>**ठेगाना** : :सिरहा जिल्ला, ब्रम्हानगोर्छारी न.पा./गा.पा. वडा नं. ०५ भई हाल सिरहा जिल्ला, लहान नगरपालिका वडा नं. ०३ । | <br> | १) ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु र ऋणीले वजारवाट उठाउँन बाँकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि गरिदिएको हाइपोथिकेशन । |

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

**आँबुखैरेनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**आँबुखैरेनी, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र (Bid) आव्हान सम्बन्धि सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९।०७।१५** (November 01, 2022)
**(दोस्रो पटक प्रकाशित मिति २०७९।०८।२०** (December 06, 2022)

स्थानीय सरकार सँचालन ऐन २०७४, को दफा ६२ क, र यस आँबुखैरेनी गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको आर्थिक ऐन ,२०७९ को दफा १४ को ब्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी आँबुखैरेनी गाँउपालिकाले तोकेको दरमा बिकि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का प्रकियामा सहभागी हुन सम्बन्धित सबैको लागि पुन दोस्रो पटक १५ दिने सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-६४००८२, ०६५ -५४०६९९ सम्पर्क गरी जानकारी लिन सुचित गरिन्छ ।

**तपसिल**

| सि.न. | सूचना नं. र बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | घरौटी रकम (रु ) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०३/०७९/०८० | आँवुखैरेनी गाँउपालिका वडा नं २ भएर वग्ने (मार्किचोक कुडुले घाट) मर्स्याङ्गदी नदिको ढुंगा, गिटि, बालुवा आदी उत्खनन् तथा बिक्री कार्य | ३,९०,४५७।९८ | २७,३३,२०५।८६ | कबोल अंङ्कको ५ प्रतिशत | ३०००।- |
| २ | ०५/०७९/०८० | आँवुखैरेनी गाँउपालिका वडा नं २ भएर वग्ने (नारीघाट,) मर्स्याङ्गदी नदिको ढुंगा, गिटि, बालुवा आदी उत्खनन् तथा बिक्री कार्य | ३,९७,४४९।३६ | २७,८२,१४५।५२ | कबोल अंङ्कको ५ प्रतिशत | ३०००।- |
| ३ | ०६/०७९/०८० | आँवुखैरेनी गाँउपालिका वडा नं ६ भएर वग्ने (कुप्ती खोला घाट) सेती नदिको ढुंगा, गिटि, बालुवा आदी | २४८,२६८।१४ | १७,३७८७६।९९ | कबोल अंङ्कको ५ प्रतिशत | ३०००।- |
| ४ | ०७/०७९/०८० | आँवुखैरेनी गाँउपालिका वडा नं ६ भएर वग्ने (लमिनि टापु घाट) सेती नदिको ढुंगा, गिटि, बालुवा आदी | ७,०६,२००।०० | ४९,४३,४००।०० | कबोल अंङ्कको ५ प्रतिशत | ३०००।- |
| ५ | ०८/०७९/०८० | आँवुखैरेनी गाँउपालिका वडा नं ६ भएर वग्ने (भुत खोला घाट) सेती नदिको ढुंगा, गिटि, बालुवा आदी | ७६,६५५।५४ | ५,३६,५८८।७७ | कबोल अंङ्कको ५ प्रतिशत | ३०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

## कञ्चनपुरमा धान उत्पादन बढ्यो

**दोधारा चाँदनी**/ कञ्चनपुरमा यस वर्ष धान उत्पादन वृद्धि भएको छ। कृषि ज्ञान केन्द्र कञ्चनपुरका अनुसार गत वर्षको तुलनामा यस वर्ष धानको उत्पादकत्व १ दशमलव ३७ ले बढेको छ। कृषिज्ञान केन्द्र कञ्चनपुरका सूचना अधिकारी हरिदत्त जोशीका अनुसार यस वर्ष कञ्चनपुरमा धान उत्पादन प्रतिहेक्टर ३ दशमलव ९२ प्रतिहेक्टर छ। 'गत वर्ष बेमौसमी वर्षाका कारण किसानको धान उत्पादनमा क्षति पुगेको थियो,' उनले भने, 'तर, यस वर्ष धानको उन्नत जातका बिउ प्रयोग र नियमित वर्षाका कारण धान उत्पादन बढेको हो।'

## मध्यमोदी जलविद्युत् आयोजनामा परीक्षण उत्पादन सुरु

**पर्वत**/ मोदी खोलामा निर्माणाधीन १८ मेगावाट क्षमताको मध्यमोदी जलविद्युत् आयोजनाको निर्माण पूरा भएको छ। आयोजनाको सम्पूर्ण काम पूरा भएर परीक्षण उत्पादनको तयारी सुरु गरिएको हो।

मिडिल मोदी हाइड्रोपावर लिमिटेडले ०७१ को मंसिरमा सुरु गरेको आयोजना आठ वर्षको अवधिमा सम्पन्न भएको हो। करिब चार अर्ब रुपैयाँको लगानीमा निर्माण भएको आयोजनाबाट आजदेखि परीक्षण उत्पादन सुरु गरिएको आयोजना प्रमुख प्रताप खरेलले जानकारी दिए।

नेपाल विद्युत् प्राधिकरणको टोलीले परीक्षण उत्पादन र प्रसारण लाइनमा जडान गर्ने कार्यको अध्ययन गरिरहेको छ।

निर्माण थालेको तीन वर्षमा नै काम पूरा गर्ने लक्ष्य राखिए पनि भूकम्प, नाकाबन्दी र कोभिड-१९ को असरका कारण आयोजना पाँच वर्षपछि धकेलिएको हो। आयोजना प्रमुख खरेलका अनुसार परीक्षण उत्पादन सुरु गरेपछि उत्पादित विद्युत् एक सय ३२ केभी क्षमताको मोदी-लेखनाथ सबस्टेसनमा जडान गर्ने तयारी भइरहेको छ। १४ दिनसम्मको परीक्षणपछि मात्र केन्द्रीय प्रसारण लाइनमा जोडिने भएको छ।

सुरुआतमा दुई अर्ब ८० करोड रुपैयाँ लागत लाग्ने अनुमान गरिएको आयोजनाको निर्माण चौधरी ग्रुपले गरेको हो। रासस


## नबिल बैंक लिमिटेडको
## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना
## गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**प्रकाशित मितिः २०७९/०८/२०**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको **३५ दिने सार्वजनिक सूचना मिति २०७९/०२/२४** को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **१५(पन्ध्र)** दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा धनगढी शाखा कार्यालय कैलालीमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बांाकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

| ऋणी फर्म, ऋणी फर्मका प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण | धितोको विवरण |
|---|---|
| **ऋणी फर्मः** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०६७/१०/२४ मा प्रा.फ.र.नं. ३५१/२३०६/२०६७/०६८ अन्तर्गत दर्ता भएको **श्री महालक्ष्मी ट्रेड लिंक ।**<br>**ठेगानाः** झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं. ४, झापा ।<br>**ऋणी फर्मका प्रोप्राईटरः** अम्बिका प्रसाद उप्रेतीको छोरी कुष्माखर घिमिरेको बुहारी शीव कुमार घिमिरेको श्रीमती मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वडा नं. १९ बस्ने ना.प्र.नं. ४१०३४ (जारी मितिः २०५५/१२/१८, स्थान मोरङ्ग) भएकी **श्रीमती पुनम घिमिरे ।**<br>**व्यक्तिगत जमानतकर्तः**<br>१. हरि प्रसाद घिमिरेको नाति कुश्माखर घिमिरेको छोरा मोरङ्ग जिल्ला विराटनगर नगर पञ्चायत वडा नं. १९ बस्ने ना.प्र.नं. १०३६ (जारी मितिः २०४६/०३/०६, स्थान मोरङ्ग) ठेगाना भएका **श्री शीव कुमार घिमिरे ।**<br>२. जदु नाथ घिमिरेको नाति हरि प्रसाद घिमिरेको छोरा मोरङ्ग जिल्ला विराटनगर उप-महानगरपालिका वडा नं. १९ बस्ने ना.प्र.नं. ५८४/०३८ (जारी मितिः २०३८/११/१४, स्थान मोरङ्ग) भएको **श्री कुष्माखर घिमिरे ।** | १. मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वडा नं. १९ बस्ने श्रीमती पुनम घिमिरेको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला साविक दुवागढी गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं क्रमशः १३४४, १३४१, १३४२ र १३४५ को क्षेत्रफल क्रमशः ९०५.८२, ११८.५१, ६७.७२ र ७७०.३८ वर्ग मिटरको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>२. मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वडा नं. १९ बस्ने श्रीमती पुनम घिमिरेको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं ११०९५ को क्षेत्रफल ४४८.६८ वर्ग मिटरको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>३. मोरङ्ग जिल्ला विराटनगर नगर पञ्चायत वडा नं. १९ बस्ने श्री कुष्माखर घिमिरेको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला नकलबन्दा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं ४२१ को क्षेत्रफल १०१५.९२ वर्ग मिटरको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा शाखा कार्यालय विर्तामोड, झापा** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र अर्थात मिति २०७९/०९/०५ गते ५:०० बजे भित्र यस बैंकको **शाखा कार्यालय विर्तामोड, झापामा** बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०७९/०९/०६ गते ३:०० बजे बैंकको **शाखा कार्यालय विर्तामोड, झापा** मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिकरुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **शाखा कार्यालय विर्तामोड, झापामा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

**NABIL BANK®**

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१



## नबिल बैंक लिमिटेडको
## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना
## गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी
## प्रकाशित मितिः २०७९/०८/२०

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा व्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तर ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारे को **३५ दिने सार्वजनिक सूचना मिति २०७९/०४/२३** को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी कम्पनी, ऋणी कम्पनीका सञ्चालकहरु तथा जमानतकर्ताहरु कसैले पनि ऋणकर्जाको बाँकी सावाँ व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो **१५ दिने** सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **१५ (पन्ध्र)** दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको पााचखाल शाखा कार्यालय काभ्रेमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी कम्पनी, ऋणी कम्पनीका सञ्चालकहरु तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी कम्पनी, ऋणी कम्पनीका सञ्चालकहरु तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बांाकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

| ऋणी फर्म, ऋणी फर्मका प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण | धितोको विवरण |
|---|---|
| **ऋणी कम्पनीः** कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०८/१६ मा दर्ता नं. २४८७१३/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री दियोडस कृषि फर्म प्रा. लि. ।**<br>**ठेगानाः** काभ्रेपालाञ्चोक जिल्ला चौरीदेउराली गा. पा. वडा नं. ५, मझुवा ।<br>**सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुः**<br>१. लक्ष्मीकान्त चौलागाईको नाति सुलापानी चौलागाईको छोरा काभ्रे जिल्ला कात्तिके देउराली गा. पा. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. ४८३७७/३७४ (जारी मितिः २०५०/०८/१४, स्थान काभ्रे) भएका **श्री उमेश कुमार चौलागाई ।**<br>२. सुलापानी चौलागाईको नाति उमेश कुमार चौलागाईको छोरा काभ्रे जिल्ला कात्तिके देउराली गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. ३०-०१-७२-११०११, (जारी मितिः २०७२/१२/१५, स्थान काभ्रे) भएका **श्री सृजित चौलागाई ।**<br>३. सुलापानी चौलागाईको नातिनि उमेश कुमार चौलागाईको छोरी काभ्रे जिल्ला कात्तिके देउराली गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. १४ बस्न बस्ने, ना.प्र.नं. ३०-०१-७०-०३९९१, (जारी मितिः २०७०/०४/०३, स्थान काभ्रे) ठेगाना भएका **सुश्री श्रीजिता चौलागाई ।**<br>४. ऋषेश्वर गौतमको छोरी सुलापानी चौलागाईको बुहारी उमेश कुमार चौलागाईको श्रीमती काभ्रे जिल्ला गोठपानी गा.वि.स. वडा नं. ९ स्थायी घर भई काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. ७३९९६ (जारी मितिः २०५४/०९/२८, स्थान काभ्रे) ठेगाना भएकी **श्रीमती देवकी गौतम ।**<br>५. इन्द्र प्रसाद गौतमको नाति ऋषेश्वर गौतमको छोरा उमेश कुमार चौलागाईको काभ्रे जिल्ला गोठपानी गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल काभ्रे जिल्ला, चौरी देउराली गा.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ११२५०९/३५२, (जारी मितिः २०५९/०७/०७, स्थान काभ्रे) भएका **श्री दिपक गौतम ।** | काभ्रे जिल्ला गोठपानी गा.वि.स. वडा नं. ९ स्थायी घर भई काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. १४ बस्ने श्रीमती देवकी गौतमको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काभ्रेपालाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. ४ कित्ता नं २५११ को क्षेत्रफल २७१.८२९ वर्ग मिटरको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा शाखा कार्यालय पाँचखाल, काभ्रे**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०७९/०९/०५ गते ५:०० बजे भित्र यस बैंकको **शाखा कार्यालय पाँचखाल, काभ्रे**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०७९/०९/०६ गते ३:०० बजे बैंकको शाखा कार्यालय पाचखाल, काभ्रेमा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुादैमा बोलपत्र खो ल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिकरुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय शाखा कार्यालय पाचखाल, काभ्रेमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

**NABIL BANK®**

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

# सम्पन्न गर्ने समय बित्न लाग्दा पनि मध्यपहाडी लोकमार्गका १९ पुल र १६२ किमि सडक कालोपत्रे गर्ने ठेक्कासमेत भएन

## आव ०६४/६५ देखि सुरु भएको आयोजना आव ०७३/७४ मा सक्नुपर्ने थियो, तर काम नभएपछि म्याद थप गरेर आव ०७९/८० सम्म पुऱ्याइयो, फेरि पाँच वर्ष थप्ने तयारी


**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०७९/८० मा सम्पन्न गरिसक्नुपर्ने राष्ट्रिय गौरवको मध्यपहाडी (पुष्पलाल) लोकमार्गमा १९ पुल र एक सय ६२ किलोमिटर सडक कालोपत्रे गर्ने ठेक्का नै आह्वान भएको छैन। आव ०६४/६५ देखि सुरु भएको आयोजनाको सुरुवाती निर्माण सम्पन्न गर्ने आर्थिक वर्ष आव ०७३/७४ मा थियो। तर, उक्त अवधिमा आयोजना निर्माण सम्पन्न नभएपछि म्याद थप गरेर आव ०७९/८० सम्म पुऱ्याइएको थियो। तर, निर्माण सम्पन्न गर्नुपर्ने अन्तिम समय चालू आवमा समेत विभिन्न ठाउँमा बन्ने १९ पुलको ठेक्का नै आह्वान भएको छैन। साथै, विभिन्न खण्डका एक सय ६२ किलोमिटर सडक कालोपत्रे गर्ने ठेक्का आह्वान नभएको आयोजना कार्यालयका सूचना अधिकारी सुरज अधिकारीले बताए। यद्यपि, बाँकी पुलमध्ये केही स्थानीय तथा प्रदेश सरकारले बनाउने गरी प्रक्रिया अघि बढेको उनको भनाइ छ।

आयोजना कार्यालयका अनुसार कास्की खण्डको ३८ किमि सडक कालोपत्रे गर्न ठेक्का आह्वान भएको छ। हाल त्यसमा आएका प्रस्तावहरूको मूल्यांकन गर्ने काम भइरहेको छ। योबाहेक धादिङ खण्डको २० किमि, कास्की खण्डको ३८ किमि, सिन्धुपाल्चोक खण्डको २१ किमिलगायतका एक सय २४ किलोमिटर सडकखण्डको कालोपत्रे गर्ने ठेक्का नै आह्वान भएको छैन। हाल उक्त सडकखण्डमा ग्राबेल गर्ने काम भने भइरहेको छ। त्यसकारण पनि कालोपत्रेको ठेक्का आह्वान गर्न ढिलाइ भएको उनको भनाइ छ। यसका अलावा अन्य प्राविधिक समस्याका कारण पनि ठेक्का आह्वान हुन नसकेको उनले बताए।

### एक सय ३७ पुलमध्ये ९४ निर्माण सम्पन्न

यस आयोजनामा कुल एक सय ३७ वटा पुल निर्माण हुनेछन्। त्यसमा ९४ वटा पुलको निर्माण सम्पन्न भइसकेको छ। त्योबाहेक २४ पुल भने निर्माणाधीन अवस्थामा छन्। दुई लेनको यस सडकको कुल लम्बाइ भने १८ सय ७९ किमि छ। त्यसमा १२ सय ८१ किमि सडक कालोपत्रे भइसकेको छ। त्योबाहेक ३९२.३ किमि सडकमा कालोपत्रे गर्ने काम भइरहेको छ। यसका साथै दुई सय पाँच किमि सडक भने कालोपत्रे गर्न बाँकी देखिएको छ। त्यसमा हालै ४३ किमिको दोलालघाट-नेपालथोक खण्डको सडक कालोपत्रे गर्ने ठेक्का सम्झौता भएको छ।



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

### बुढीगण्डकीको डुबान क्षेत्रमै सडक, अन्योलमा विभाग

यसैबीच धादिङ खण्डको २० किलोमिटर सडकखण्ड भने १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजनाको ड्याम (डुबान क्षेत्र)मा पर्ने पक्का भइसकेको छ। तर, सडक विभाग भने सोही सडक कालोपत्रे गर्ने कि वैकल्पिक सडक बनाउने भन्ने विषय अन्योलमा रहेको छ। यद्यपि, हाल यस विषयमा छलफल भइरहेको आयोजना प्रमुख हरिकुमार पोखरेलले बताए।

यसमा बनाउन सकिने वैकल्पिक सडकको लम्बाइ भने ६६ किलोमिटर लामो हुन्छ। उता ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले भने बुढीगण्डकी बनाउन ८-१० वर्ष लाग्ने भन्दै तत्काललाई त्यहाँको सडकखण्ड कालोपत्रे गर्न पत्र पठाएको छ। साथै, त्यसमा बुढीगण्डकी आयोजनाबाट नै मुआब्जा दिएकाले थप मुआब्जा दिनुनपर्ने ठहर छ। त्यो अवस्थामा तत्काल सोही खण्ड कालोपत्रे गर्ने र बिस्तारै वैकल्पिक सडक बनाउने आयोजना कार्यालयको योजना छ। तर, अहिले बुढीगण्डकी आयोजनाबाट मुआब्जा पाइसकेका स्थानीयले सडकबाट पनि मुआब्जा माग गरेका छन्। सोही कारण यस मामलामा निर्णय गर्न नसकिएको पोखरेलको भनाइ छ।

### पाँच वर्ष म्याद थप्ने तयारी

आयोजनाको हालसम्मको समग्र प्रगति, बाँकी कामलगायतका आधारमा चालू आवमै निर्माण सम्पन्न हुने सम्भावना छैन। हालसालै सम्झौता गरिएका ठेक्काको म्याद पनि तीन-चार वर्ष तोकिएको छ। ठेक्का लाग्न बाँकी पुल तथा सडकहरू बनाउन पनि वर्षौं समय लाग्छ। यस्ता परिस्थितिलाई दृष्टिगत गर्दै म्याद थप्ने प्रक्रिया अघि बढाइएको आयोजना प्रमुख पोखरेलले बताए। समग्रमा पाँच वर्ष म्याद थप्ने गरी प्रक्रिया अघि बढाइएको उनको भनाइ छ। 'यो आवमै आयोजनाको निर्माण सम्पन्न गर्ने सम्भावना छैन। तसर्थ, पाँच वर्ष म्याद थप गर्ने प्रक्रिया अघि बढाएका छौँ,' उनले भने, 'अब त्यसमा सरकारले कति समय दिन्छ, त्यहीअनुसार हामी अघि बढ्छौँ।'

**तथ्यांकमा मध्यपहाडी लोकमार्ग**
- सुरुको लागत : ३३ अर्ब ३६ करोड
- संशोधित कुल लागत : ८४ अर्ब ३३ करोड
- निर्माण सुरु भएको वर्ष : आर्थिक वर्ष ०६४/६५
- सम्पन्न गर्नुपर्ने वर्ष : आर्थिक वर्ष ०७३/७४
- सम्पन्न गर्ने संशोधित वर्ष : आर्थिक वर्ष ०७९/८०
- सम्पन्न गर्ने प्रस्तावित वर्ष : आर्थिक वर्ष ०८४/८५
- भौतिक प्रगति : ६५.३५ प्रतिशत
- वित्तीय प्रगति : ७०.७८ प्रतिशत
- पुलको संख्या : १३७ (९४ वटाको निर्माण सम्पन्न)
- सडकको लम्बाइ : १८७९ किमिमध्ये १२८१ कालोपत्रे

### कति भयो खर्च र भौतिक प्रगति ?

यस आयोजनाको लागत अनुमान ८४ अर्ब ३३ करोड रुपैयाँ रहेको छ। त्यसमा हालसम्म ५९ अर्ब ६८ करोड ७९ लाख रुपैयाँ खर्च भएको छ। वित्तीयतर्फ हालसम्म ७०.७८ प्रतिशत प्रगति भएको छ। भौतिकतर्फ भने ६५.३५ प्रतिशत प्रगति भएको आयोजना कार्यालयको भनाइ छ।

### भेरी पुलको ठेक्का तोडियो

राम्रोसँग काम नगरेपछि सडक विभागले भेरी पुलको निर्माण कम्पनीसँग ठेक्का तोडेको छ। गत साता मात्रै निर्माण कम्पनीसँग ठेक्का तोडिएको आयोजना प्रमुख पोखरेलले बताए। साथै, सम्बन्धित निर्माण कम्पनीले १२ करोड रकम फिर्ता गर्नुपर्ने देखिएको उनको भनाइ छ। यस्तै, खोटाङस्थित पंख्खु खोलापुलको ठेक्का पनि तोड्ने तयारी भएको उनले बताए।

### आयोजनामा देखिएका समस्या

सडक विभागले आयोजना निर्माणमा अझै पनि विभिन्न समस्या देखाएको छ। गोरखा, नुवाकोट र लमजुङमा रूख कटानीमा समस्या देखिएको छ। यस्तै, निर्माण सामग्रीको अभाव, उत्खनन विवाद, मुआब्जा विवाद, सडक सीमा यकिन नहुने, निर्माण कम्पनीको ढिलासुस्तीजस्ता समस्या भएको आयोजना कार्यालयको भनाइ छ। त्यसको समाधान गर्न नीतिगत तथा व्यावहारिक रूपमा सहयोग गर्नुपर्ने आयोजना कार्यालयका अधिकारीहरू बताउँछन्।

# विदेशमा विपत्‌मा परेका आफ्नै श्रमिकलाई वास दिन सक्दैन सरकार

**मुना कुँवर**/नयाँ पत्रिका

वैदेशिक रोजगारीका क्रममा विपत्‌मा परेका नेपाली कामदारलाई सरकारले एक रातको वासको समेत व्यवस्था गर्दैन। सरकारलाई शुल्क तिरेर जाने कामदार विपत् परेको समयमा अन्य मुलुकको दूतावास र गैरसरकारी संस्थाको भर पर्नुपर्ने अवस्थामा छन्। वैदेशिक रोजगार ऐनले विपत्‌मा परेको कामदारलाई सुरक्षा प्रदान गर्न सेल्टरको व्यवस्थापन गर्नुपर्ने प्रावधान राखेको छ। तर, सरकारले गन्तव्य मुलुकमा मात्रै होइन, स्वदेशमा समेत सेल्टरको व्यवस्था नगरेको आप्रवासी महिला कामदार समूहकी अध्यक्ष विजया राई श्रेष्ठले बताइन्। उनका अनुसार आपत् परेर दूतावास पुगेका कामदार तत्काल नेपाल फर्कन सक्दैनन्। 'कतिपय कामदारको रोजगारदातासँगको समस्या हुन्छ। त्यसका लागि दूतावासले नै कानुनी प्रक्रिया अपनाउनुपर्ने हुन्छ। सो अवधिमा उनीहरूलाई गाँस र वासको आवश्यकता पर्छ। तर, कुनै पनि दूतावासले हालसम्म त्यस्तो सुविधाको व्यवस्था गर्न सकेको छैन,' उनले भनिन्।

वैदेशिक रोजगारीमा गएकामध्ये मध्यपूर्व तथा मलेसिया गएका नेपाली कामदार बढी जोखिममा पर्ने गरेका छन्। रोजगारदाताबाट हिंसा भोगेर भागेका, बिरामी भएका, भिसा अवधि सकिएर विपत्‌मा परेकालगायत विविध कारणले नेपाली कामदार सहयोग माग्न सम्बन्धित मुलुकमा रहेको नेपाली दूतावासमा पुग्छन्। तर, यसरी समस्यामा परेका कामदारलाई दूतावासले एक रात वाससमेत नदिने पीडित कामदारहरू बताउँछन्।

### अन्य मुलुक र संस्थाकै भरमा

वैदेशिक रोजगारीका क्रममा विपत्‌मा परेको नेपाली कामदार विभिन्न मुलुकका दूतावास र गैरसरकारी संस्थाको शरणमा पुग्न बाध्य हुनुपरेको आम्कासकी अध्यक्ष श्रेष्ठले बताइन्। आपत् परेको अवस्थामा नेपाली दूतावासले बंगलादेश, भारत, श्रीलंकाका सम्बन्धित मुलुकका दूतावासमा पठाउने गरेको उनले बताइन्। 'सिंगो मुलुकका लागि लज्जित हुनुपर्ने विषय भएको हो। कोभिडको समयमा धेरै नेपाली श्रमिक कम्पनीबाट निकालिए। खान नपाएर भोकभोकै सडकमा सुते। तर, नेपाली दूतावासले कुनै व्यवस्था गर्न सकेन। बरु, सम्बन्धित मुलुकका गैरआवासीय नेपाली संघ, विभिन्न सामाजिक संघ-संस्था र अन्य मुलुकका दूतावासले सहयोग गरे। तर, नेपाली दूतावासले भने केही गर्न सकेन,' उनले भनिन्।

> **नेपाली कामदार अन्य मुलुकका दूतावासको शरणमा जान्छन्**
>
> 
>
> **विजया श्रेष्ठ राई**
> अध्यक्ष, आम्कास नेपाल
>
> वैदेशिक रोजगारमा गएका कामदारले पठाएको रेमिट्यान्सले मुलुकको अर्थतन्त्र थेगिएको सर्वविदित नै छ। तर, तिनै कामदार विपत् परेको समयमा राहत प्रदान गर्न सरकारले सेल्टरको समेत व्यवस्था गर्दैन। नेपाली कामदार अन्य मुलुकका दूतावासको शरणमा जानुपरेको छ। योभन्दा बढी नालायकपन के होला ?

त्यति मात्रै होइन, नेपाल फर्काइएका वा उद्धार गरिएका श्रमिकलाई स्वदेशमा समेत सरकारले सेल्टरको व्यवस्था गर्न सकेको छैन। विपत् परेर कुनै कामदार स्वदेश फर्कनुपरेको अवस्थामा सम्बन्धित मुलुकका दूतावास, वैदेशिक रोजगार बोर्डजस्ता निकायले नेपालमा नै रहेको गैरसरकारी संस्थामा सिफारिस गर्ने उनको अनुभव छ। 'कुनै श्रमिक विपत्‌मा परेर फर्किंदा हामीलाई फोन आउँछ। कहिले सम्बन्धित मुलुकको दूतावासबाट र त कहिले वैदेशिक रोजगार बोर्डले सम्पर्क गरी खबर गर्छन्। हामी विमानस्थलमा नै श्रमिकलाई लिन जान्छौँ,' उनले भनिन्। गन्तव्य मुलुकमा रहेको नेपाली दूतावासले डिपोटेसन सेन्टरको व्यवस्था गरेका छन्। तर, यसमा गन्तव्य मुलुकले डिपोट गरेका कामदार मात्रै बस्न सक्छन्।

वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकको हकमा भने वैदेशिक रोजगार बोर्डले पाँच लाख रुपैयाँसम्म क्षतिपूर्ति भुक्तानी गर्छ। त्यस्तै, दाहसंस्कारका लागि २५ हजार रुपैयाँ प्रदान गर्छ भने शव घरसम्म पुऱ्याउने व्यवस्था गर्छ। तर, अंगभंग भएर फर्केको समयमा सरकारले यातायातको समेत सहयोग नगर्ने प्रवासी नेपाली समन्वय समितिका अध्यक्ष कुलबहादुर कार्कीले बताए। कामदारहरू गन्तव्य मुलुकबाट बेडमा र ह्विलचियरमा नै विमानस्थल आइपुग्छन्। तर, यस्ता कामदारलाई सम्बन्धित स्थानमा पुऱ्याउनसमेत वैदेशिक रोजगार बोर्डले गैरसरकारी संस्थालाई गुहार्ने गरेको उनले बताए।

### सेल्टर स्थापनाका लागि दूतावास उदासीन

गन्तव्य मुलुकमा कामदारका लागि सेल्टर स्थापना गर्नमा दूतावास नै उदासीन रहेको वैदेशिक रोजगार बोर्डले जनाएको छ। बोर्डले सेल्टर स्थापनाका लागि दूतावासलाई बारम्बार प्रस्ताव पेस गर्न आग्रह गरेको बोर्डका पूर्वकार्यकारी प्रमुख राजन श्रेष्ठले बताए। तर, दूतावासले यसमा कुनै पनि रुचि नदेखाएको उनको दाबी छ। 'हामीसँग पैसा छ। दूतावासले माग गरेमा हामीले दिन्छौँ। तर, दूतावासले माग नै गर्दैन,' उनले भने। कतारका लागि नेपाली राजदूत डा. नरेशविक्रम ढकालले भने कतारस्थित नेपाल दूतावासले छुट्टै व्यवस्था गर्न नसकेपछि दूतावासभित्रै सेल्टरको व्यवस्था गरेको बताए। उनका अनुसार दूतावासले नै सातजनासम्मका लागि बस्न मिल्ने व्यवस्था गरेको छ। त्यस्तै, कुवेतका लागि नेपाली राजदूत डा. दुर्गाप्रसाद भण्डारीले पनि दूतावासमा नै अस्थायी सेल्टरको व्यवस्था गरिएको बताए। तत्कालका लागि जोखिममा परेका कामदारलाई २० दिनसम्म राख्न सक्ने व्यवस्था भएको उनले बताए।

वैदेशिक रोजगार ऐनको दफा ३२ मा वैदेशिक रोजगार कल्याणकारी कोषको स्थापना गर्न सकिने व्यवस्था गरेको छ। वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्किआएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा कल्याणका लागि बोर्डमातहत रहने गरी एक वैदेशिक रोजगार कल्याणकारी कोषको स्थापना गरिने प्रावधान छ। कोषमा पाँच अर्ब रुपैयाँभन्दा बढी रकम जम्मा भएको छ।

# इम्बोस्ड नम्बरको भाषा र डिजाइन परिवर्तन नहुने

## फागुनभित्र सरकारी गाडीमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य

**नयाँ पत्रिका**
**काठमाडौं, १९ मंसिर**

सरकारी सवारीसाधनले आगामी फागुनभित्र अनिवार्य रूपमा इम्बोस्ड नम्बर जडान गर्नुपर्ने भएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले इम्बोस्ड नम्बर प्लेटको भाषा र डिजाइन परिवर्तन नहुने गरी गत साता यस्तो सूचना जारी गरेको हो। मन्त्रालयले २८ कात्तिकमा गरेको निर्णयअनुसार फागुन मसान्तभित्र सम्पूर्ण सरकारी, संस्थान, संघ, प्रदेश र स्थानीय तहका सवारीसाधनलाई इम्बोस्ड जडान गर्नुपर्ने भएको हो।

सवारीधनीले यातायात व्यवस्था विभागको वेबसाइटमा गई इम्बोस्ड नम्बर प्लेटका लागि आवेदन दिन सक्नेछन्। काठमाडौं उपत्यकाको हकमा यातायात व्यवस्था कार्यालयमा गई राजस्व बुझाएपछि यातायात व्यवस्था विभाग, मीनभवनमा गई नम्बर प्लेट जडान गर्न सकिनेछ। इम्बोस्ड नम्बर प्लेट जडानबाट सवारीसाधनको चोरी, निकासी, राजस्व छली र आपराधिक गतिविधि नियन्त्रण हुने विभागले जनाएको छ। यसअघि सरकारले इम्बोस्ड नम्बर प्लेटको भाषा र डिजाइन परिवर्तन गर्ने गरी प्रक्रिया अघि बढाएको थियो।

### यस्तो छ इतिहास

१७ जेठ ०७३ देखि नेपाल सरकारले इम्बोस्ड नम्बर प्लेट उत्पादनका लागि बंगलादेश र अमेरिकाको ज्वाइन्ट भेन्चर डेकाटुर टाइगर कम्पनीसँग सम्झौता गरेको थियो। सम्झौतामा समयावधि पाँच वर्ष तोकिएको थियो। तर, जडान कार्य भने ५ भदौ ०७४ बाट मात्रै सुरु भएको थियो।

तर, बीचमा इम्बोस्ड नम्बरमा नेपाली भाषा राख्ने कि अंग्रेजी राख्ने भन्ने विषयमा सर्वोच्च अदालतमा मुद्दा परेपछि काम ठप्प भएको थियो।

अंग्रेजी भाषामा इम्बोस्ड नम्बर प्लेट जडान वा वितरण गर्न रोक लगाउन माग गर्दै दायर भएको रिटलाई सर्वोच्च अदालतले २७ मंसिर ०७६ मा खारेज गरिदियो।

संवैधानिक इजलासमा चलेको उक्त मुद्दामा इम्बोस्ड नम्बर जडान तथा वितरण रोकिएको २१ महिना १७ दिनपछि प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणासहित पाँच न्यायाधीशको इजलासबाट रिट खारेज गर्ने फैसला भएको थियो।

त्यसअघि १० फागुन ०७४ मा सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको अन्तरिम आदेशले अंग्रेजीमा इम्बोस्ड नम्बर प्लेट जडान-वितरण गर्ने कार्य रोकिएको थियो।

त्यस्तै, विभागले ०७६ माघदेखि नै इम्बोस्ड नम्बर वितरण थाल्ने तयारी गरे पनि नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञहरूले प्रधानमन्त्रीलाई भेटी संस्कृतिको जगेर्नाका लागि भन्दै नेपालीमै इम्बोस्ड नम्बर बनाउन माग गरे।

प्रधानमन्त्री प्राज्ञको मागमा सकारात्मक भएपछि पुनः ढिलाइ भएको थियो। त्यसका साथै अदालतले गरेको फैसलाको पूर्णपाठ पनि असार ०७७ मा आयो।

त्यसपछि विश्वव्यापी मान्यताअनुसार अंग्रेजीमै गर्नु उपयुक्त हुने विषयमा तत्कालीन प्रधानमन्त्री सकारात्मक भएपछि साउन ०७७ देखि पुनः वितरण थालिएको हो।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५


**धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना**


यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र मिति २०७९/०६/०९ को राष्ट्रिय स्तरको दैनिक पत्रिका "अन्नपूर्ण पोष्ट" मा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि पुन: यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
| --- | --- |
| १) | १) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, बाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय झापामा प्रा.फ.र.नं. ९८/१५०२ अन्तर्गत मिति २०६६/०५/१० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ५ स्थित **दिप श्री इन्टरप्राइजेज** **प्रोप्राइटर: देबेन्द्र बस्नेत** |

**जमानीकर्ताहरुको विवरण**



**१) देबेन्द्र बस्नेत**
ठेगाना: झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ८
बाबु: सिताराम बस्नेत
बाजे: नर बहादुर बस्नेत



**२) सिता बस्नेत**
ठेगाना: झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १०
बाबु: कुलदिप पाण्डे
ससुरा: सिताराम बस्नेत
पति: देबेन्द्र बस्नेत

**ऋणीको विवरण**

२) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्रा.फ.नं.घ.उ.बि. ४०४/३१९/७००९/०६४/०६५ अन्तर्गत मिति २०६५/०१/३० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ५ स्थित **चन्द्र फर्निचर उद्योग**
**प्रोप्राइटर: सिता बस्नेत**

**जमानीकर्ताहरुको विवरण**



**१) सिता बस्नेत**
ठेगाना: झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १०
बाबु: कुलदिप पाण्डे
ससुरा: सिताराम बस्नेत
पति: देबेन्द्र बस्नेत



**२) देबेन्द्र बस्नेत**
ठेगाना: झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ८
बाबु: सिताराम बस्नेत
बाजे: नर बहादुर बस्नेत

**ऋणीको विवरण**

३) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, झापामा प्रा.फ.र.नं. ४०५/२८/७०१०/२०६४/६५ अन्तर्गत मिति २०६५/०१/३१ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ५ स्थित **दर्शन स्टील इन्डष्ट्रिज**
**प्रोप्राइटर: सिता बस्नेत**

**जमानीकर्ताहरुको विवरण**


**१) सिता बस्नेत**
ठेगाना: झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १०
बाबु: कुलदिप पाण्डे
ससुरा: सिताराम बस्नेत
पति: देबेन्द्र बस्नेत


**२) देबेन्द्र बस्नेत**
ठेगाना: झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ८
बाबु: सिताराम बस्नेत
बाजे: नर बहादुर बस्नेत

**धितोको विवरण**

१) नर बहादुर बस्नेतको नाति, सिताराम बस्नेतको छोरा, झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ८ बस्ने देबेन्द्र बस्नेतको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ५ (हाल वडा नं. ८) स्थित कित्ता नं. ३७, १२३ र ११७ को क्षेत्रफल क्रमश: ९५२.५९, २५४ र २२८.५५ (व.मि.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) कुलदिप पाण्डेकी छोरी, सिताराम बस्नेतकी बुहारी, देबेन्द्र बस्नेतकी पत्नी, झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. १० बस्ने सिता बस्नेतको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ७ (हाल मेचीनगर न.पा. वडा नं. ८ र १०) स्थित कित्ता नं. १०६० र २२५० को क्षेत्रफल क्रमश: ०-८-४ र ०-१-१० (विगाह) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत तथा झापा जिल्ला, पाराखोपी गा.वि.स. वडा नं. ५ (हाल शनिअर्जुन न.पा. वडा नं. ३) स्थित कित्ता नं. २६८६ को क्षेत्रफल ०-१८-० (विगाह), झापा जिल्ला, पाराखोपी गा.वि.स. वडा नं. २ स्थित कित्ता नं.१३९८ को क्षेत्रफल ०-१६-० (विगाह) र झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ३ स्थित कित्ता नं. १०७ को क्षेत्रफल १६९.३० (व.मि.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) दिप श्री इन्टरप्राइजेज, चन्द्र फर्निचर उद्योग र दर्शन स्टील इन्डष्ट्रिजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु**
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-( रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

**पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

## रिलायन्स लाइफको बिमा सचेतना कार्यक्रम

**काठमाडौं/** रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडले बिमा सचेतना र साक्षरता कार्यक्रम गरेको छ। कम्पनीले केयू सिटी कलेजमा ११ र १२ कक्षामा अध्ययनरत विद्यार्थीलाई सचेतना कक्षा सञ्चालन गरेको हो। कपनको सरस्वती नगरमा भएको कार्यक्रममा विद्यार्थीलाई बिमा सचेतना र साक्षरतासम्बन्धी जानकारी गराइएको कम्पनीले जनाएको छ। उक्त सचेतना कार्यक्रममा एरिया म्यानेजर जीवन खनाल, बालाजु ब्रान्च म्यानेजर सुरेशरत्न बज्राचार्य तथा एजेन्सी म्यानेजर रामकुमार श्रेष्ठले जीवन बिमाको महत्त्व र प्रकृतिबारे जानकारी गराएको कम्पनीले जनाएको छ।

# ‘इभी नेपाल एक्सपो २०२२’मा राफ्ट स्कुटरको स्टल उत्कृष्ट घोषित

**नयाँ पत्रिका**
**काठमाडौं, १९ मंसिर**

काठमाडौंको भृकुटीमण्डपमा तीन दिनसम्म चलेको ‘इभी नेपाल एक्सपो २०२२’मा आइएमई इलेक्ट्रिकले राफ्ट इलेक्ट्रिक स्कुटरको स्टल ‘नम्बर १ स्टल’ घोषित भएको छ। एसडी एक्सपो मिडियाको आयोजनामा मंसिर १६, १७ र १८ गते भएको प्रदर्शनीमा राफ्ट स्कुटरको स्टल नम्बर १ घोषित भएको हो।

आइएमई इलेक्ट्रिकले नेपाली बजारमा बिक्री-वितरण गरिरहेको राफ्ट इलेक्ट्रिक स्कुटरका तीन मोडल एक्सपोको अवसरमा डिस्प्ले गरिएका थिए। तीमध्ये एक नेपाली बजारमा सबैभन्दा बढी अर्थात् सिंगल चार्जमा तीन सय २० किलो मिटर रेन्ज दिने राफ्ट इन्दस स्कुटर पनि रहेको कम्पनीले जनाएको छ। प्रदर्शनीमा राखिएका अन्य स्कुटरका मोडलमा राफ्ट वारियर र राफ्ट जिस्पा रहेको जनाइएको छ।




राफ्ट इन्दस एक हजार र दुई हजार वाट मोटर गरी दुई मोडलमा उपलब्ध रहेको कम्पनीले जनाएको छ। एक हजार वाटको इन्दसले सिंगल चार्जमा तीन सय २० किलोमिटर र दुई हजार वाटको इन्दसले बढी पावर र तीन सय किलोमिटर रेन्ज दिने जनाइएको छ। एक्सपोको अवसरमा एक हजारभन्दा बढी अवलोकनकर्ता आएको र त्यसमध्ये पाँच सयभन्दा बढीले स्कुटरको बारेमा सोधपुछ गरेको जनाइएको छ। त्यसमध्ये तीन सयभन्दा बढी अवलोकनकर्ताले टेस्टराइडसमेत गरेको कम्पनीले जनाएको छ। प्रदर्शनीमा ४३ वटा स्कुटर बुकिङ भएको जनाइएको छ। आइएमई इलेक्ट्रिकले पहिलोपटक सार्वजनिक रूपमा प्रदर्शन गरेको इलेक्ट्रिक स्कुटरप्रति अवलोकनकर्ताले निकै नै रुचि राखेको दाबी गरेको छ।

आगामी दिनमा अझै धेरै ग्राहकका बीचमा पुग्ने र भारतीय ब्रान्ड राफ्ट इलेक्ट्रिक स्कुटरको टेस्टराइड अनुभव प्रदान गर्ने कम्पनीले प्रतिबद्धता व्यक्त गरेको छ।

स्कुटरमा किलेस स्टार्ट, थेफ्ट अलार्म, रिभर्स गियर, डिजिटल डिस्प्ले, इन्डिकेटर बजर, अटोमेटिक चार्जर कट-अफ, १० एम्पियर फास्ट चार्जिङ, पोर्टेबल ब्याट्री, तीन ड्राइभिङ मोड, फाएर प्रुफ ब्याट्री आदि फिचर छन्। त्यसैगरी, रिमोट लकिङ र रिजेनेरेटिभ ब्रेकिङ सिस्टमलगायतका विशेषतासमेत उपलब्ध रहेको कम्पनीले जनाएको छ।

## नबिल बैंकले पायो भारतको एक्जिम बैंकबाट ‘व्यापार सहायता कार्यक्रम’को सदस्यता

**काठमाडौं/** नबिल बैंकले एक्सपोर्ट-इम्पोर्ट बैंक अफ इन्डिया (एक्जिम बैंक)को नयाँ व्यापार सहजीकरण पहल ‘व्यापार सहायता कार्यक्रम (ट्र्याप)’ अन्तर्गत सदस्य बैंकको मान्यता प्राप्त गरेको छ। एक्जिम बैंकबाट यस्तो सुविधा पाउने नबिल नेपालको पहिलो बैंक हो।

एक्जिम बैंकले सूक्ष्म जोखिम समीक्षापछि नबिल बैंकलाई व्यापार सहायताअन्तर्गत सदस्यता प्रदान गरेको जनाइएको छ। यसले नेपाल र भारतबीच बढ्दो व्यापारलाई सहज बनाउने, नेपाल र भारतबीचको बढ्दो आर्थिक संलग्नतालाई सुदृढ गर्ने, आयात-निर्यातलाई सहजीकरण गरी अवसर खोल्ने बैंकले विश्वास व्यक्त गरेको छ। यो सुविधाअन्तर्गत एक्जिम बैंकले नबिल बैंकको भुक्तानी दायित्वको समर्थनमा भारतमा लेटर अफ क्रेडिट स्वीकार गर्न पेमेन्ट ग्यारेन्टी जारी गर्ने जनाइएको छ।

यसले गर्दा पछिल्लो समयमा बढ्दै गएको वैदेशिक साख जोखिम र सीमित पहुँचलाई सहजीकरण गर्न टेवा पुग्ने र वित्तीय संस्थाहरूको क्षमता अभिवृद्धि गरी सीमापार व्यापारसम्बन्धी कारोबारलाई सहज गर्ने बैंकले जनाएको छ। यस व्यापार सहायता कार्यक्रमअन्तर्गत एक्जिम बैंकसँगको नबिल बैंकको साझेदारीले नेपाली बैंकिङ क्षेत्रको अन्तर्राष्ट्रियकरणतर्फको कोसेढुंगा साबित हुने बैंकले दाबी गरेको छ। एक्जिम बैंक आयात-निर्यात वित्त पोषणमा संलग्न संस्थाहरूको कामको समन्वय गर्ने भारत सरकारको मुख्य वित्तीय संस्था रहेको जनाइएको छ। भारतको अन्तर्राष्ट्रिय व्यापार र लगानीलाई प्रवर्द्धन, वित्तपोषण र सहजीकरण गरेर विश्व अर्थतन्त्रसँग भारतको पहुँच सहज बनाउन वर्षौंदेखि एक्जिम बैंकले महत्त्वपूर्ण भूमिका खेल्दै आएको बैंकले जनाएको छ।

बैंकले देशभरमा दुई सय ३३ शाखा, दुई सय ६९ एटिएम, असंख्य पिओएस टर्मिनल, रेमिट्यान्स एजेन्ट र दुई सयभन्दा बढी अन्तर्राष्ट्रिय करेस्पोन्डेन्ट बैंकिङ सञ्जालमार्फत सेवा प्रदान गर्दै आएको जनाएको छ।

## विन नेपाल लघुवित्तको एफपिओ बिक्री प्रबन्धकमा नेपाल एसबिआई मर्चेन्ट




**काठमाडौं/** विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रतिसेयर अंकित मूल्य एक सय रुपैयाँ रहेको साधारण सेयर प्रिमियम थप गरी गर्न लागेको सार्वजनिक सेयर निष्कासन (एफपिओ)का लागि एपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेडलाई निष्कासन तथा बिक्री प्रबन्धक तोकिएको छ। कम्पनीले ५१ हजार दुई सय ९३ कित्ता सेयर एफपिओ जारी गर्न लागेको हो।

निष्कासन तथा बिक्री प्रबन्धक नियुक्तिसम्बन्धी सम्झौतामा मर्चेन्ट बैंकिङका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत देवराज अधिकारी र लघुवित्तका प्रमुख कार्यकारी अधिकृत वसन्तबहादुर शाक्यले हस्ताक्षर गरेको जनाइएको छ।

## मुक्तिनाथ विकास बैंकका ग्राहकलाई ‘द डालो रेस्ट्रो’मा छुट

**काठमाडौं/** मुक्तिनाथ विकास बैंक लिमिटेडले आफ्ना ग्राहकलाई थप सेवा दिन वसुन्धराको ‘द डालो रेस्ट्रो’ नामक रेस्टुरेन्टसँग फुड एन्ड बेभरेजमा १० प्रतिशतसम्म विशेष छुट पाउने सम्झौता गरेको छ। बैंकले आफ्ना भिसा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ ग्राहकले फुड एन्ड बेभरेजमा छुट पाउने सम्झौता गरेको हो।



साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न आफूले जारी गरेको एटिएम कार्ड प्रयोग गरी नेपालभरि रहेको भिसा नेटवर्कमा आबद्ध अन्य जुनसुकै बैंकको एटिएम मेसिनबाट निःशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको जनाएको छ।

त्यस्तै, प्रिपेड डलर कार्ड, मोबाइल बैंकिङ, क्युआर कोड, अनलाइन कर्जा आवेदन, अनलाइन खाता खोल्ने, इन्टरनेट बैंकिङ, खातामै रेमिट्यान्स जम्मा तथा मिस्डकल बैंकिङजस्ता सुविधा दिइरहेको जनाएको छ।

## तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारे २१ (एक्काइस) दिने सार्वजनिक सूचना
**प्रकाशित मिति २०७९/०८/२० मंगलबार**

यस बैंकको गोलबजार शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जा तथा बैंकिङ्ग सुविधाको साँवा, ब्याज र अन्य दैदस्तुर समेत यस बैंकसँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाएको हुँदा कर्जा चुक्ता भूक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो को वेवास्ता गरी बैंकलाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई कर्जा तथा बैंकिङ्ग सुविधा सम्बन्धी शर्त बन्देज उल्लंघन गरेकाले कर्जा चुक्ता गर्नको लागि यो **२१ (एक्काइस)** दिने सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिएको कर्जा तथा बैंकिङ्ग सुविधाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर समेत चुक्ता भूक्तान गर्नु होला। सो म्यादभित्र ऋणीले आफुले लिएको कर्जा तथा बैंकिङ्ग सुविधाको साँवा, ब्याज तथा अन्य दैदस्तुर चुक्ता भूक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम, प्रचलित कानून बमोजिम यस बैंकसंग भए गरेको लिखत अनुसार ऋणी, प्रोप्राईटर/संचालक तथा व्यक्तिगत जमानतकर्ता समेतलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा राखि कानूनी कारवाही गरी बैंकको लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही अगाडी बढाइनेछ। २१ दिन भित्र कर्जा असुल उपर नभएमा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री प्रक्रिया अगाडी बढाई असुल उपर गरिनेछ। बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा बैंकले उल्लेखित सम्पत्ति गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा ग्रहण गर्न सक्नेछ। धितोको सम्पत्ति लिलाम बिक्री भई वा गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा ग्रहण भई वा नभई कर्जाको सम्पूर्ण साँवा, ब्याज र हर्जना लगायतको रकम असुल उपर हुन नसकेमा बाँकी लेना रकम असुल उपर गर्न ऋणी तथा व्यक्तिगत जमानतकर्ता उपर ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ। साथै धितो लेखीदिने र व्यक्तिगत जमानी दिनु हुने सम्पूर्ण महानुभावहरुले समेत यसै सूचनाबाट जानकारी लिनु हुन सूचित गरिन्छ।

**तपसिल**

**ऋणी : तृष्णा ज्वेलर्स** — **कर्जा सुविधा : आवधिक कर्जा**

**ऋणीको विवरण**

**तृष्णा ज्वेलर्स**
दर्ता.नं. : १०९०५/०७६/०७७
दर्ता मिति : २०७७/०३/१६
दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, लहान।
ठेगाना : अयोध्यानगर नगरपालिका वाड नं.-०८, धनगढीमाई, सिराहा।
प्रोप्राइटर : अमित कुमार विश्वकर्मा

**प्रोप्राइटर/जमानतकर्ताको विवरण**



**अमित कुमार विश्वकर्मा**
ना.प्र.प.नं. : ४७५६
जारी मिति : २०६१/१२/१७
जिल्ला : सप्तरी
बाबु : लाल बहादुर विश्वकर्मा
बाजे : अमृत लाल विश्वकर्मा
पत्नी : बवि विश्वकर्मा
ठेगाना : सप्तरी जिल्ला मधुपट्टी वडा नं. १

**जमानतकर्ताको विवरण**



**भोल्टुन देवी विश्वकर्मा**
ना.प्र.प.नं. : ८
जारी मिति : २०४३/११/०६
जिल्ला : सप्तरी
बाबु : पुरन विश्वकर्मा
ससुरा : अमृत लाल विश्वकर्मा
पति : लाल बहादुर विश्वकर्मा
ठेगाना : सप्तरी जिल्ला मधुपट्टी वडा नं. १



**बवि विश्वकर्मा**
ना.प्र.प.नं. : १५३०८९/७०१
जारी मिति : २०६३/१२/२६
जिल्ला : सिरहा
बाबु : पञ्चलाल विश्वकर्मा
ससुरा : लाल बहादुर विश्वकर्मा
पति : अमित कुमार विश्वकर्मा
ठेगाना : सिराहा जिल्ला कर्जनहा वडा नं. ६

**धितोमा रहेको सम्पत्तिको विवरण**

**भोल्टुन देवी विश्वकर्माको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय राजविराज सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, मधुपट्टी वडा नं. १/क स्थित कित्ता नं. ७१४ को क्षेत्रफल ०-३-०.५ (विघा) जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
CIVIL BANK
Class "A" Institution Licensed by Nepal Rastra Bank

**सिभिल बैंक लिमिटेड**
केन्द्रिय कार्यालय
कर्जा असुली तथा संकलन विभाग
सिभिल ट्रेड सेन्टर, सुन्धारा, काठमाण्डौ
पोष्ट बक्स: ९७९९, फ्याक्स नं.: ४२५१०३६
फोन: ९७७-१-४२५१०१५, ४२५१०८७

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशन मिति: २०७९/०८/२०**

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सानोश्री शाखा कार्यालयबाट सिटिजन्स फाष्ट ट्र्याक -अधिविकर्ष कर्जा अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०७५/११/२८ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति वि.सं. २०७६/०४/०७ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्न १५ (पन्ध्र) दिने सूचना र मिति वि.सं. २०७६/१०/२२ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सानोश्री, बर्दियामा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्र्याक कर्जा –अधिविकर्ष**

**ऋणीहरुको नाम र ठेगाना**



**१. नाम : फुलरानी थारु**
बाबु : बहिदार थारु
पति : कल्लुराम थारु
ससुरा : प्रदेशी थारु
ठेगाना : पशुपतिनगर-०१, बर्दिया
हाल : गेरुवा गाउँपालिका-०५, बर्दिया
ना.प्र.प.नं : १५३८४
जारी मिति : २०६०/०९/१२
प्रथम प्रतिलिपी मिति: २०७२/१२/०७
जि.प्र.का. : बर्दिया



**२. नाम : कल्लुराम थारु**
बाबु : प्रदेशी थारु
बाजे : अमृते थारु
ठेगाना : पशुपतिनगर-०१, बर्दिया
हाल : गेरुवा गाउँपालिका-०५, बर्दिया
ना.प्र.नं : ९३२२
जारी मिति : २०५९/०१/३१
प्रथम प्रतिलिपी मिति: २०७४/०४/१०
जि.प्र.का. :बर्दिया

**जमानीकर्ताको नाम र ठेगाना**



**नाम : सुदिप चौधरी**
बाबु : कल्लुराम थारु
बाजे : प्रदेशी थारु
ठेगाना : पशुपतिनगर-०१, बर्दिया
हाल : गेरुवा गाउँपालिका-०५, बर्दिया)
ना.प्र.नं. : ६५-१०-७२-००१६३
जारी मिति : २०७२/०२/०९
जि.प्र.का. : बर्दिया

**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नाम:- फुलरानी थारु**

| | |
|---|---|
| **जिल्ला** | बर्दिया |
| **न.पा./गा.वि.स.** | दौलतपुर |
| **वडा नं.** | ६ |
| **कि.नं.** | ६१२ |
| **क्षेत्रफल** | ०-२-० (वि.क.धु.) |
| **कैफियत** | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि बाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने बा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को सानोश्री, बर्दिया स्थित शाखा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०७९/०८/२७ मंगलबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, सानोश्री, बर्दिया।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४४२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

## कुमारी बैंक लिमिटेड, शाखा कार्यालय अरुणखोलाको तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना।

यस कुमारी बैंक लिमिटेड (साबिक देब: बिकास बैक लि.) शाखा कार्यालय अरुणखोलाबाट तपसिलमा उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचनाजारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानून बमोजिम धितो लेखिदिएको चल अचल सम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानूनी कारवाही अवलम्वन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सुचना केन्द्र लिमिटडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सूरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा यसै सूचना बाट जानकारी गराईएको छ।

**तपसिल**

**क. ऋणीहरुको विवरण:**

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समितिको शाखा कार्यालय नवलपरासीमा मिति २०७५/०१/०४ मा दर्ता नं. ६९३/८४१८ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स १ स्थायी ठेगाना भई हाल कावासोती न.पा, वडा नं. ०३, कावासोती स्थित रजिष्ट्रर कार्यलय रहेको **श्रेष्ठ पोल्ट्री फर्म**को प्रोपाईटर मोतीलाल श्रेष्ठ/शान्ता कुमारी श्रेष्ठको छोरी, बुद्दिमान श्रेष्ठको बुहारी, उत्तर कुमार श्रेष्ठको पत्नी, नवलपरासी जिल्ला, कावासोती न.पा वडा नं. ३ (साबिक शिवमन्दिर गा.वि.स, वडा नं. ०१) बस्ने **मान कुमारी श्रेष्ठ** (ना.प्रा.नं. ६७५५६, जारी मिति २०४६/०३/०५ जिल्ला प्रशासन कार्यालय नवलपरासी)।
२. बुद्धिमान श्रेष्ठको नाती, उत्तर कुमार श्रेष्ठ/मान कुमारी श्रेष्ठको छोरा, गिता थापाको पती, जिल्ला नवलपरासी, साविक शिवमन्दि गा.वि.स वडा नं. १ स्थायी ठेगाना भई हाल कावासोती न पा वडा नं. ०३ बस्ने **जित कुमार श्रेष्ठ** (ना.प्र.नं २३४३९ जारि मिति २०५८/०७/०९ जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**



१. मोतीलाल श्रेष्ठ/शान्ता कुमारी श्रेष्ठको छोरी, बुद्दिमान श्रेष्ठको बुहारी, उत्तर कुमार श्रेष्ठको पत्नी, नवलपरासी जिल्ला, साविक शिवमन्दिर गा.वि.स वडा नं. १ स्थायी ठेगाना भई हाल कावासोती न पा वडा नं. ०३ बस्ने **मान कुमारी श्रेष्ठ** (ना.प्र.नं ६७५५६ जारि मिति २०४६/०३/०५ जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।



२. बुद्धिमान श्रेष्ठको नाती, उत्तर कुमार श्रेष्ठ/मान कुमारी श्रेष्ठको छोरा, गिता थापाको पती, जिल्ला नवलपरासी, साविक शिवमन्दिर गा.वि.स वडा नं. १ स्थायी ठेगाना भई हाल कावासोती न.पा वडा नं. ०३ बस्ने **जित कुमार श्रेष्ठ** (ना.प्र.नं २३४३९ जारि मिति २०५८/०७/०९ जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।



३. राम बहादुर थापा क्षेत्री/शुशिला थापाको छोरी, उत्तर कुमार श्रेष्ठ/मान कुमारी श्रेष्ठको बुहारी, जित कुमार श्रेष्ठको पत्नी, जिल्ला नवलपरासी, साविक शिवमन्दिर गा.वि.स वडा नं. ६ स्थायी ठेगाना भई हाल कावासोती न.पा वडा नं. ०३ बस्ने **गिता थापा** (ना.प्र.नं ३६२०१८/४६२६ जारि मिति २०७०/०३/०५ जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।

**धितो सुरक्षणको विवरण:**

**मान कुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला कावासोती- ६ग स्थित कित्ता नं. ६६० र १६९ को क्षेत्रफल क्रमश: ०–३–०–०.२५ र ०–०–६–०.५० (बिघा) को घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

**ख. ऋणीको विवरण:**



पदमपानी न्यौपानेको नाती, गोविन्द प्रसाद न्यौपाने/विष्णु कुमारीको छोरा, गुजेश्वरी पाण्डेको पती जिल्ला नवलपरासी, मैनाघाट गा.वि.स वडा नं. ०६ स्थायी ठेगाना भई हाल मध्यबिन्दु नगर पालिका वडा नं. १३ बस्ने **राजेन्द्र प्रसाद न्यौपाने** (ना.प्र.नं १४२७६ जारि मिति २०५०/०५/०३ जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**



१. झविलाल पाण्डे/विष्णु ढकालको छोरी, गोविन्द प्रसाद न्यौपाने/विष्णु कुमारीको बुहारी, राजेन्द्र प्रसाद न्यौपानेको पत्नी, नवलपरासी जिल्ला, देउराली गा.वि.स वडा नं. ०४ स्थायी ठेगाना भई हाल मध्यविन्दु नगरपालिका वडा नं. १३ बस्ने **गुजेश्वरी पाण्डे** (ना.प्र.नं ९/५४१६ जारि मिति २०४५/०१/२८ जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।



२. गोविन्द प्रसाद न्यौपाने/विष्णु कुमारीको नाती, राजेन्द्र प्रसाद न्यौपाने/गुजेश्वरी पाण्डेको छोरा, नवलपरासी जिल्ला, मध्यबिन्दु न.पा वडा नं. १३ बस्ने **लक्ष्मण न्यौपाने** (ना.प्र.नं ३६३०३१/५५९ जारि मिति २०७०/०१/२५ जिल्ला प्रशासन कार्यालय, नवलपरासी)।

**धितो सुरक्षणको विवरण:**

**राजेन्द्र प्रसाद न्यौपाने**को नाममा मालपोत कार्यालय, कावासोतीमा, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला हुप्सेकोट गा.वि.स वडा नं. १ स्थित कित्ता नं. १९४० को क्षेत्रफल १-५-२-१ -(बि.क.धु) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय आरुणखोला नवलपुर फोन नं. ०७८– ५५५२९६**

**पूर्णबहादुर सुनुवारको नाति पृथ्वी बहादुर सुनुवारको छोरा दोलखा जिल्ला सुरी गा.वि.स. वडा नं. ७ भई हाल का.जि.का.म.न.पा. वडा नं. ७ बस्ने बर्ष ३५ को गणेश कुमार सुनुवारको नाउँमा जारी गरिएको सूचना :**

उप्रान्त हामी नरध्वज शाहको नाति किर्ति ध्वज शाहको छोरा का. जि. का. म. न. पा. वडा नं. ७ भत्केकोपुल घर भै हाल संयुक्त राज्य अमेरिका (United States of America) बस्ने बर्ष ७५ को शम्भु ध्वज शाह १, किर्ति ध्वज शाहकी बुहारी शम्भु ध्वज शाहकी श्रीमती ऐ. घर भै हाल ऐ. बस्ने बर्ष ६६ की मञ्जु सिंह ठकुरी (शाह) १ समेत जना २ दिने र तपाई पूर्णबहादुर सुनुवारको नाति पृथ्वी बहादुर सुनुवारको छोरा दोलखा जिल्ला सुरी गा.वि.स. वडा नं. ७ भई हाल का.जि.का.म.न.पा. वडा नं. ७ बस्ने बर्ष ३५ को गणेश कुमार सुनुवार लिने भई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ को उपदफा (१) र (२) बमोजिम मिति २०७६।०४।०७ गते श्री नेपाली राजदुतावास, संयुक्त राज्य अमेरिकाको रोहबरमा पारित अधिकृत वारिसनामाको लिखत मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५ को उपदफा (१) को (ग) बमोजिम आजको मिति देखी नै लागु हुने गरी बदर गरीएको छ।

ईति सम्वत् २०७९ साल मंसिर महिना २० गते रोज ३ शुभम् .....

## सगरमाथा बहुउद्देश्यीय सहकारी सस्था लि.
का.म.न.पा.-३२, ०१-५१०४५८८

## २२औं बार्षिक साधारण सभा

मिति २०७९।०८।०२ गतेका दिन बसेको यस सगरमाथा बहुउद्देश्यीय सहकारी सस्था लिमिटेडको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस सस्थाको २२औं बार्षिक साधारण सभा निम्न स्थान, मिति र समयमा निम्न बिषय उपर छलफल गर्न बस्ने भएकोले सस्थाका शेयर सदस्यहरुको उपस्थितिको लागि हार्दिक अनुरोध छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०७९।०९।३०
**समय :** दिउसो १ बजे
**स्थान :** झ्वाई थकाली किचेन (परेली क्याफे एण्ड पार्टी प्यालेस बालुवाटार)
**फोन नं.:**९८४१३४८७०८, ९८०८५३३३३१

**छलफलका विषयहरु:**

१. सञ्चालक समितिका अध्यक्ष ज्युबाट आ.ब. २०७८।०७९ को बार्षिक र आगामी आर्थिक बर्षको अनुमानित योजना तथा प्रतिबेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित सम्वन्धमा।
२. आ.ब. २०७८।०७९ को लेखा परिक्षकको र लेखा समितिको प्रतिबेदन सहित सस्थाको वासलात विवरण माथि छलफल र पारित सम्वन्धमा।
३. आगामी आ.ब. २०७९।०८० को बार्षिक लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक सम्वन्धमा।
४. आ.ब. २०७८।०७९ मा संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने बारेमा।
५. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नका लागि सदस्यको चयन गर्ने बारेमा।
६. संरक्षित पुँजी कोष फिर्ता र शेयर लाभांश कोषको बारेमा।
७. विविध

संचालक समिति
सचिव




# कतार विश्वकपमा अहिलेसम्म धेरै पहेँलो कार्ड पाउने राष्ट्र

२२ औँ संस्करणको विश्वकप फुटबल प्रतियोगिताका प्रिक्वार्टरफाइनल खेल लगभग सकिन लागेका छन् । फ्रान्स, इंग्ल्यान्ड र अर्जेन्टिनाले क्वार्टरफाइनल स्थान पक्का गरिसकेका छन् । यसपटक उच्च प्रविधि प्रयोग हुँदा खेलाडीमाथि नियम निकै कडा गरिएको छ । खेलभावनाविपरीत प्रदर्शन हुँदा रेफ्रीले कार्ड दिने गर्छन् । चालू प्रतियोगितामा दक्षिण कोरियाका मुख्य प्रशिक्षकले रातो कार्ड व्यहोरेका थिए । खेल समाप्तिपछि रेफ्रीसँग विवाद गर्दा उनले सीधै रातो कार्ड पाएका थिए । यसबाहेक खेलाडीहरूले चेतावनी रूपमा पहेँलो कार्ड पाएका छन् । विश्वकपमा जापान र क्रोएसियाबीचको खेलसम्मको तथ्यांकअनुसार एसियन राष्ट्र साउदी अरेबिया सर्वाधिक पहेँलो कार्ड पाउने राष्ट्र हो ।

### साउदी अरेबिया

**खेल : ३, गोल : ५, पहेँलो कार्ड :१४**

कतार विश्वकप फुटबल प्रतियोगितामा पहिलो सनसनी जित निकालेको राष्ट्र साउदी अरेबिया हो । समूह चरणमा साउदी अरेबियाले दुईपटकको विजेता अर्जेन्टिनाविरुद्ध २-१ को जित निकालेको थियो । प्रतियोगितामा साउदी अरेबियाले पहिलो चरणमा तीन खेलमा सर्वाधिक १४ पहेँलो कार्ड पायो । साउदी अरेबियाले विपक्षी पोस्टमा पाँच गोल गरेको थियो ।

### सर्बिया

**खेल : ३, गोल : आठ, पहेँलो कार्ड : १२**

युरोपियन राष्ट्र सर्बिया पनि पहिलो चरणबाटै बाहिरिएको राष्ट्र हो । एक बराबरी खेलेको सर्बिया प्रतियोगितामा दोस्रो धेरै पहेँलो कार्ड पाउने राष्ट्र बनेको छ । लामो समयपछि विश्वकपमा फर्किएको सर्बियाले १२ पहेँलो कार्ड व्यहोरेको छ । सर्बियाको पोस्टमा विपक्षी टोलीले आठ गोल गरेको थियो ।

### क्यामरुन

**खेल : ३, गोल : ४, पहेँलो कार्ड : ८**

समूह 'जी'मा क्यामरुनले पहिलो चरणको अन्तिम खेलमा पाँचपटकको विजेता ब्राजिललाई सनसनीपूर्ण खेलमा १-० ले हराएको थियो । विश्वकप इतिहासमा क्यामरुनले पहिलोपटक ब्राजिललाई हराएको थियो र क्यामरुनले तीन खेलमा आठ पहेँलो कार्ड पायो । विपक्षी टोलीहरूले क्यामरुनको पोस्टमा चार गोल गरेका थिए ।

### उरुग्वे

**खेल : ३, गोल : २, पहेँलो कार्ड : ८**

दुईपटकको विजेता उरुग्वेले समूह 'एच'मा रह्यो । यस समूहको अन्तिम खेलमा उरुग्वेले घानामाथि फराकिलो अन्तरले जित निकाल्न नसक्दा समूह चरणबाटै बाहिरियो । यसै समूहमा दक्षिण कोरियाले पोर्चुगललाई तेस्रो खेलमा २-१ ले स्तब्ध पार्दा उरुग्वेको नकआउट चरणमा पुग्ने आशा समाप्त भयो । उरुग्वेले तीन खेलमा सर्वाधिक आठ पहेँलो कार्ड व्यहोरेको छ ।

### घाना

**खेल : ३, गोल : ७, पहेँलो कार्ड : ८**

समूह 'एच'मा अफ्रिकन राष्ट्र घाना पुछारमा रह्यो । घानाले दक्षिण कोरियालाई हराएको थियो । यसबाहेक पोर्चुगल र उरुग्वेसँग घाना पराजित भयो । अफ्रिकन राष्ट्र घानाले प्रतियोगितामा फेयर खेल खेल्न सकेन । घानाले तीन खेलमा आठ पहेँलो कार्ड व्यहोरेको छ । प्रतियोगितामा धेरै पहेँलो कार्ड पाउने राष्ट्रमा घाना पाँचौँ स्थानमा छ ।

### क्यानडा

**खेल : ३, गोल : ७, पहेँलो कार्ड : ८**

लामो समयपछि विश्वकपमा स्थान बनाएको क्यानडा पहिलो चरणबाटै बाहिरियो । क्यानडाले प्रतियोगितामा एक गोल गर्न सफल भयो । विश्वकप इतिहासमा क्यानडा गोल गर्ने ७६औँ राष्ट्र थियो । क्यानडाले सात पहेँलो कार्ड व्यहोर्‍यो । पहेँलो कार्ड पाउने सूचीको छैटौँ स्थानमा क्यानडा हो । क्यानडाको पोस्टमा विपक्षी टोलीले सात गोल गरेका थिए ।



### मेक्सिको

**खेल : ३, गोल : ३, पहेँलो कार्ड : ७**

उत्तर अमेरिकी राष्ट्र मेक्सिको चार दशकपछि विश्वकपको पहिलो चरणबाटै बाहिरियो । यसपटक मेक्सिको समूह 'सी'मा परेको थियो । मेक्सिकोले आफ्नो समूहमा समान एक जित, हार र बराबरी खेल्यो । समूहमा पोल्यान्डसँग मेक्सिकोले समान चार अंक बराबरी गरेको थियो । तर, मेक्सिको गोलअन्तरमा पछाडि परेपछि समूह चरणबाटै बाहिरियो । प्रतियोगितामा मेक्सिकोले सात पहेँलो कार्ड पाएको छ ।

### अस्ट्रेलिया

**खेल : ४, गोल : ६, पहेँलो कार्ड : ७**

एसियन राष्ट्र अस्ट्रेलिया १६ वर्षपछि विश्वकपको प्रिक्वार्टरफाइनलमा पुग्यो । अस्ट्रेलियाले नकआउट चरणमा अर्जेन्टिनाको सामना गरेको थियो । दुईपटकको विजेता अर्जेन्टिनाले अस्ट्रेलियालाई २-१ ले हरायो । चार खेल खेलेको अस्ट्रेलियाले सात पहेँलो कार्ड व्यहोरेको थियो । यसक्रममा अस्ट्रेलियाले ६ गोल व्यहोरेको थियो ।

### स्विट्जरल्यान्ड

**खेल : ३, गोल : ३, पहेँलो कार्ड : ७**

समूह 'जी'मा स्विट्जरल्यान्ड उपविजेता हुँदै नकआउट चरणमा पुगेको छ । कतार विश्वकपको डेटाअनुसार युरोपियन राष्ट्र स्विट्जरल्यान्डले समूह चरणमा फेयर खेल खेल्न सकेन । स्विट्जरल्यान्डले तीन खेलमा सात पहेँलो कार्ड व्यहोरेको छ । यसक्रममा विपक्षी खेलाडीले स्विट्जरल्यान्डको पोस्टमा तीन गोल गरेका थिए ।

### इरान

**खेल : ३, गोल : ७, पहेँलो कार्ड : ७**

एसियन राष्ट्र इरान पहिलो खेलमै इंग्ल्यान्डबाट ६-२ ले पराजित भयो । अर्को खेलमा इरानले वेल्समाथि २-० को जित निकाल्यो । विश्वकपमा सनसनीपूर्ण नतिजामध्ये इरानले वेल्समाथिको जित पनि समावेश छ । पहिलो चरणबाटै बाहिरिएको इरानले सात पहेँलो कार्ड व्यहोर्दै घर फर्कियो । सर्वाधिक पहेँलो कार्ड पाउने सूचीको लिस्टमा इरान १०औँ स्थानमा छ ।

### सेनेगल

**खेल : ४, गोल : ७, पहेँलो कार्ड : ७**

अफ्रिकन राष्ट्र सेनेगलले समूह 'ए'मा दुई खेलमा जित निकाल्दै नकआउट चरण स्थान पक्का गर्‍यो । सेनेगलले कतार र इक्वेडरलाई हराएको थियो । प्रिक्वार्टरफाइनलमा सेनेगल इंग्ल्यान्डसँग ३-० ले पराजित हुँदै घर फर्किएको छ । सेनेगलले चार खेलमा सात पहेँलो कार्ड पाएको छ । सेनेगलको पोस्टमा विपक्षी खेलाडीले सात गोल गरेका छन् ।

### पोल्यान्ड

**खेल : ४, गोल : ५, पहेँलो कार्ड : ७**

पोल्यान्डको यात्रा प्रिक्वार्टरफाइनलसम्मै सीमित भयो । पोल्यान्ड प्रिक्वार्टरफाइनलमा साबिक विजेता फ्रान्ससँग ३-१ ले पराजित भएको थियो । पोल्यान्डले प्रतियोगितामा चार खेल खेल्दा सात पहेँलो कार्ड पाएको छ । पोल्यान्डको पोस्टमा पाँच गोल भएको छ । पोल्यान्ड समूह 'सी'को उपविजेता हुँदै प्रिक्वार्टरफाइनलमा पुगेको थियो ।


### कतार

**खेल : ३, गोल : ३, पहेँलो कार्ड : ७**

आयोजक कतारले विश्वकप आयोजना गर्न दुई सय २० बिलियन पाउन्ड खर्च गरेको छ । तर, विश्वकपमा खराब इतिहास रच्ने क्रममा कतारले एक जित पनि निकाल्न सकेन । जितविहीन हुँदै




नकआउट चरणमा पुग्न नसकेको आयोजकका रूपमा कतार पहिलो राष्ट्र बनेको छ । कतारले तीन खेलमा सात पहेँलो कार्ड पाएको छ । सर्वाधिक पहेँलो कार्ड पाउनेमा कतार १३औँ स्थानमा छ ।




## तथ्यांकमा
## सोह्रौँ विश्वकप



सन् २००२, ३१ मेदेखि ३० जुन
**विजेता** : ब्राजिल
**उपविजेता** : जर्मनी
**फाइनल नतिजा** : २-०
**तेस्रो** : टर्की
**चौथो** : दक्षिण कोरिया
**सहभागी टोली** : ३२
**खेल संख्या** : ६४
**गोल संख्या** : १६१
**प्रतिखेल औसत** : २.५ गोल
**दर्शक** : २७ लाख पाँच हजार एक सय ९७
**प्रतिखेल औसत दर्शक** : ४२ हजार दुई सय ६८
**गोल्डेन बल** : ओलिभर कान (जर्मनी)
**गोल्डेन बुट** : रोनाल्डो (ब्राजिल)
**उत्कृष्ट युवा खेलाडी** : डोनोभान (अमेरिका)
**फेयर प्ले** : बेल्जियम

# धेरै नकआउट खेल्ने क्लोज

विश्वकप इतिहासमा सर्वाधिक गोल गर्ने विश्व रेकर्ड जर्मनीका स्ट्राइकर मिरोस्लाभ क्लोजको नाममा छ । सन् २०१४ को ब्राजिलमा आयोजना भएको विश्वकपमा क्लोजले ब्राजिलियन खेलाडी रोनाल्डोको




रेकर्ड तोडेका थिए । सन् २००६ मा रोनाल्डोले सर्वाधिक १५ गोलको रेकर्ड राखेका थिए । विश्वकपमा क्लोजले गोलसँगै सर्वाधिक नकआउट खेल्ने रेकर्ड राखेका छन् । क्लोजले चार विश्वकपमा १४ पटक नकआउट चरण खेल खेलेका थिए । क्लोजले सन् २००२ देखि २०१४ सम्म जर्मनी टोलीबाट प्रतिस्पर्धा गरेका थिए ।

यसक्रममा उनी एकपटक विश्व च्याम्पियन बने । सन् २०१४ को विश्वकप फाइनलमा जर्मनीले अर्जेन्टिनालाई १-० ले हराउँदै चौथोपटक विश्वकप उपाधि जितेको थियो । जर्मनी चौथोपटक विश्व च्याम्पियन हुँदा तत्कालीन भेट्रान स्ट्राइकर क्लोजले पनि उत्तिकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । सन् २००२ मा एसियन भूमिमा विश्वकप आयोजना भएको थियो ।

जापान र दक्षिण कोरियाले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा क्लोजले डेब्यु गरेका थिए । उनले डेब्यु विश्वकपमै पाँच गोल गर्न सफल भए ।


सन् २००६ मा घर (जर्मनी)मै आयोजना भएको विश्वकपमा पनि उनले पाँचै गोल गरे । सन् २०१० को दक्षिण अफ्रिकामा भएको विश्वकपमा चार गोल उनको नाममा रह्यो । सन् २०१४ को अगस्टमा उनले राष्ट्रिय टोलीबाट सन्न्यास लिए । विश्वकपमा उनी एकपटक उपविजेता बने । सन् २००६ र २०१० संस्करणमा उनले तेस्रो स्थानको पदक पाए । १३ वर्ष जर्मनीबाट प्रतिस्पर्धा गरेका क्लोजले एक सय ३७ खेलमा ७१ गोल गरेका छन् । जर्मन फुटबल इतिहासमा सर्वाधिक गोल गर्ने कीर्तिमान उनकै नाममा छ । क्लब करिअरमा उनले पाँच सय २९ खेलमा दुई सय १२ गोल गरेका छन् । बायर्न म्युनिखबाट ९८ खेलमा २४ गोल गरेका क्लोज अहिले अल्टाच क्लबका प्रशिक्षक हुन् ।





**आजको तस्बिर**

कतार विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत सोमबार बिहान प्रिक्वार्टरफाइनलमा सेनेगलविरुद्ध इंग्ल्यान्डका कप्तान ह्यारी केन गोल गरेपछि । प्रतिस्पर्धामा इंग्ल्यान्डले सेनेगललाई ३-० ले हराउँदै क्वार्टरफाइनलमा स्थान पक्का गरेको छ । तस्बिर : एजेन्सी



# टाइब्रेकरमा जापानलाई हराउँदै क्रोएसिया क्वार्टरफाइनलमा



टाइब्रेकरमा जापानविरुद्ध ३-१ को जित हासिल गरेपछि खुसी मनाउँदै क्रोएसियाका खेलाडी ।

**दोहा**/ गोलरक्षक डोमिनिक लिभाकोभिकले टाइब्रेकरमा जापानको तीन पेनाल्टी प्रहार विफल पारेपछि क्रोएसिया कतार विश्वकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा पुगेको छ । प्रतियोगिताको साबिक उपविजेता क्रोएसियाले जापानलाई टाइब्रेकरमा ३-१ ले हराएको हो । अब क्रोएसियाले क्वार्टरफाइनलमा ब्राजिल र दक्षिण कोरियाको विजेतासँग खेल्नेछ । चालू विश्वकपको नकआउट चरणमा जापान र क्रोएसियाबीचको विजेता टाइब्रेकरबाट भएको पहिलोपटक हो ।

यसअघि सबै प्रिक्वार्टरफाइनल खेलको नतिजा निर्धारित ९० मिनेटमै निस्किए । जापान र क्रोएसियाले निर्धारित ९० तथा अतिरिक्त ३० मिनेटमा १-१ को बराबरी खेलेका थिए । त्यसपछि खेलको छिनोफानो टाइब्रेकरबाट भएको हो । जसमा क्रोएसिया भाग्यमानी ठहरियो । जापानले कतार विश्वकपमा उत्कृष्ट खेल प्रदर्शन गरी नकआउट चरण स्थान सुरक्षित गरेको थियो ।

जापानले आफ्नो समूहमा पूर्वविश्व च्याम्पियनद्वय स्पेन र जर्मनीमाथि सनसनीपूर्ण समान २-१ को नतिजा निकाली अन्तिम १६ को स्थान पक्का गरेको हो । विश्वकप इतिहासमा क्रोएसियाले टाइब्रेकरमा शतप्रतिशत नतिजा निकालेको छ । यसअघि सन् २०१८ को रसिया विश्वकपमा क्रोएसियाले डेनमार्क र रसियालाई टाइब्रेकरमै हराएको थियो । जापानले भने विश्वकपको नकआउट चरणमा दुवैपटक सामना गरेको टाइब्रेकर गुमाएको छ । सन् २०१० मा जापानले पाराग्वेसँगको प्रतिस्पर्धामा टाइब्रेकरमै पराजित भएको थियो ।

### गोलरक्षक डोमिनिक नायक

टाइब्रेकरमा जापानका खेलाडीमा अनुभव कम देखिएको थियो । युरोपियन लिगमा आबद्ध क्रोएसियन खेलाडी आत्मविश्वासी देखिन्थे । जापानका लागि ताकुमी मिनामिनोको पहिलो प्रहार गोलरक्षक लिभाकोभिकले सहजै रोके । त्यसपछि क्रोएसियाका निकोला भ्लासिचले गोल गर्दै १-० को अग्रता दिलाए । जापानकबाट दोस्रो प्रहार गर्न आएका मितोमाको प्रहारलाई लिभाकोभिचले छेके ।

> क्रोएसियाका गोलरक्षक डोमिनिक लिभाकोभिकले जापानिज खेलाडीका तीन पेनाल्टी प्रहार छेके

क्रोएसियाका मार्सेलो ब्रोजोभिचले गोल गरे । जापानका ताकुमा असानोले जापानका लागि एकमात्र टाइब्रेकरमा गोल गरे । क्रोएसियाका लागि मार्को लिभाजाको प्रहार पोस्टमा लागेको थियो । लिभाजको प्रहार पोलमा लाग्दा जापान खेलमा फर्कने आशावादी भयो । जापानका माया योसिदाको पेनाल्टी लिभाकोभिचले विफल पारे । क्रोएसियाबाट मारियो पासालिचले चौथो प्रहार गरे । उनले सहजै गोल गर्दै क्रोएसियालाई क्वार्टरफाइनलमा स्थान पक्का गरे ।

### निर्धारित र अतिरिक्त समयमा १-१ को बराबरी

खेलको ४३औँ मिनेटमा जापानले १-० को अग्रता लियो । जापानलाई डेजन माएदाले गोल गरे । खेलको ५५औँ मिनेटमा क्रोएसियाले खेल १-१ को बराबरी गोल फर्कायो । इभान पेरिसिचले डिबक्सभित्र उत्कृष्ट हेडिङ गोल गर्दै क्रोएसियालाई १-१ को स्थितिमा ल्याए । डेजान लोभ्रेनको लङ पासमा हेडिङ गोल गरेका हुन् ।

# स्पेनलाई मोरक्कोको चुनौती



**दोहा**/ समूह चरणको खेलमा उत्कृष्ट प्रदर्शन गर्दै मोरक्को समूह 'एफ'को विजेताका रूपमा नकआउट चरणमा प्रवेश गरेको हो । यसक्रममा उसले बेल्जियम र क्यानडालाई हरायो भने क्रोएसियासँग बराबरी खेल्यो ।

पहिलो खेलमा साबिक उपविजेता क्रोएसियासँग गोलरहित बराबरी खेलेको मोरक्कोले दोस्रो खेलमा बेल्जियमलाई २-० ले पराजित गरेको थियो । अन्तिम खेलमा क्यानडालाई २-१ ले पराजित गर्दै अफ्रिकन टोलीले इतिहासमै दोस्रोपटक अन्तिम १६ मा स्थान बनाएको हो । यसअघि सन् १९८६ मा अन्तिम १६ मा पश्चिम जर्मनीसँग १-० ले पराजित हुँदै मोरक्को बाहिरिएको थियो ।

प्रशिक्षक वालिड रेग्रागुई आफ्नो टोली निकै प्रभावशाली रहेको मान्छन् । मोरक्कोबाट सोफयान अम्रबात, योसेफ इन नेस्री, नायफ अगुअर्ड र अच्राफ हाकिमीले महत्त्वपूर्ण प्रदर्शन गर्दै आएका छन् । त्यसैले पनि मोरक्को जारी कतार विश्वकपमा बलियो देखिएको छ ।

सन् २०१० को विश्वविजेता स्पेन मंगलबार राति एजुकेसन सिटी मैदानमा मोरक्कोलाई हराउँदै क्वार्टरफाइनलमा स्थान बनाउने ध्यानमा हुनेछ, युवा खेलाडीको जोस मोरक्कोविरुद्ध देखिनेछ । मिडफिल्डमा अनुभवी कप्तान सर्जियो बुस्केटसँगै युवा खेलाडी पेड्री र गाभीले राम्रो गरिरहेका छन् । त्यसैगरी, स्ट्राइकरमा डानी ओल्मो र अनुभवी खेलाडी अल्भारो मोरटाले उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । जारी विश्वकपमा तीन गोल गर्दै मोरटा 'गोल्डेन बुट'को दौडमा छन् ।

पेरिस सेन्ट जर्मेन (पिएसजी)का राइट ब्याक हाकिमीको चोटले मोरक्कोलाई सताउन सक्छ । यद्यपि, उनी फिट भएर मैदान उत्रनेमा आशावादी छन् । त्यसैगरी, सेलिम अमालाहले फिट छन् । स्पेनका केसार अज्पिलिक्वेटा र डानी कार्भाजाल मोरक्कोविरुद्ध फर्कन सक्छन् ।

दुईबीच हालसम्म तीनपटक भेट भएको छ । विश्वकपमा मात्र एक भेट भएको छ । दुईबीच पहिलो भेट सन् १९६२ विश्वकपमा भएको थियो । पहिलो लेगमा स्पेनले १-० ले जिते पनि मोरक्कोले दोस्रो खेलमा ३-२ को पुनरागमन गरेको थियो । दुईबीच पछिल्लो भेट सन् २०१८ विश्वकपमा हुँदा खेल २-२ मा सकिएको थियो ।

### स्विट्जरल्यान्डसँग पोर्चुगल सतर्क

समूह चरणमा समान दुई खेल जितेका पोर्चुगल र स्विट्जरल्यान्ड मंगलबार लुसेल मैदानमा प्रतिस्पर्धा गर्दै छन् । युरोपेली दुई राष्ट्रबीचको भिडन्त निकै रोचक बन्ने अनुमान गरिएको छ । पोर्चुगल समूह 'एच' विजेता र स्विट्जरल्यान्ड समूह 'जी' उपविजेता भएको थियो । युरोपेली राष्ट्रबीच कतार विश्वकपको प्रिक्वार्टरफाइनलमा पहिलोपटक भिडन्त हुन लागेको हो ।

सन् २००६ पछि पोर्चुगल प्रिक्वार्टरफाइनलमा पुगेको हो । सन् २०१६ को युरोपियन च्याम्पियन पोर्चुगलले क्रिस्टियानो रोनाल्डोको कप्तानीमा उपाधि दाबेदारी राखेको छ । सन् १९६६ को विश्वकपमा तेस्रो भएको पोर्चुगलले त्यसयता विश्वकपमा ठूलो उपाधि चाख्न पाएको छैन । दुईबीचको भेटमा पोर्चुगल बलियो स्थितिमा छ । पोर्चुगलले ११ खेल जितेको छ । यसैगरी, पाँच खेल बराबरीमा सकिएका छन् । स्विट्जरल्यान्डले ९ खेल आफ्नो पक्षमा पारेको छ । दुईबीच सन् २०२२ मा भएको पछिल्लो भेटमा स्विट्जरल्यान्डले १-० को जित निकालेको छ ।


### आजका खेल

| प्रि-क्वार्टरफाइनल | | राति ८:४५ |
|---|---|---|
| मोरक्को | VS | स्पेन |

| प्रि-क्वार्टरफाइनल | | राति १२:४५ |
|---|---|---|
| पोर्चुगल | VS | स्विट्जरल्यान्ड |


## प्लेयर्स टु वाच

### ब्रिल एम्बोलो (स्विट्जरल्यान्ड)



क्यामरुनमा जन्मिएका २५ वर्षीय ब्रिल एम्बोलोले जारी विश्वकपमा दुई गोल गरिसकेका छन् । यसै सिजन मोनाको सरेका एम्बालोले अग्रपंक्तिमा छरितो खेल प्रदर्शन गर्दै आएका छन् । समूह चरणमा आफ्नै जन्मभूमि क्यामरुनविरुद्ध निर्णायक गोल गर्दा एम्बोलोले सेलिब्रेसन गरेनन् । अन्तिम खेलमा सर्बियाविरुद्ध एम्बोलोले थप एक गोल गरेका थिए । विगतमा स्विट्जरल्यान्डको युथ टोलीबाट खेलेका एम्बोलोले सन् २०१५ मा सिनियर टोलीबाट डेब्यु गरेका थिए । ६२ खेल खेलेका एम्बोलोले १३ गोल गरेका छन् ।

### अल्भारो मोरटा (स्पेन)



कतार विश्वकपमा स्पेनको युवा टोलीलाई अनुभवी अल्भारो मोरटाले साथ दिएका छन् । पेड्री, गाभी, डानी ओल्मोजस्ता खेलाडीले सहयोग गर्दा मोरटाले तीन गोल गरिसकेका छन् । मोरटाले समूह चरणमा तीनै खेलमा एक-एक गोल गरेका छन् । ३० वर्षीय अनुभवी स्ट्राइकर गोल्डेन बुट दौडको दोस्रो स्थानमा छन् । द्रुत गतिमा बल बढाउँदै फिनिसिङ गर्न मोरटा चलाख छन् । युरोपियन फुटबलमा रियल मड्रिड, युभेन्टस, चेल्सी र एट्लेटिको मड्रिडबाट खेलेको अनुभव मोरटासँग छ । सन् २०१४ बाट स्पेनी टोलीमा डेब्यु गरेका मोरटाले ५९ खेलमा २९ गोल गरेका छन् ।






# Umakunda Rural Municipality

## Office of Rural Municipal Executive

Preeti, Ramechhap
Bagmati Province, Nepal

## Invitation for Bids

(First date of Publication: 2079/08/20 (6th December, 2022))

1. **Umakunda Rural Municipality** invites **Electronic bids** from eligible bidders for the **Following** under National Competitive Bidding-Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Umakunda Rural Municipality, Preeti, Ramechhap, Tel no046-691927 ,,Website: www.umakundamun.gov.np** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder have only option to submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Sunrise Bank, Preeti Branch**
   **Name of Office: Umakunda Rural Municipality**
   **Antarik Rajashwo Khata No.: 0960568577703006**
4. Pre-bid meeting shall be held at **Umakunda Rural Municipality, Preeti, Ramechhap** at **2:00 PM on 2079/09/06 (December 21, 2022)** Electronic bids must be submitted to the office **Umakunda Rural Municipality, Preeti, Ramechhap** through PPMO website: www.bolpatra.gov.np/egp. on or before **12:00 Noon** on **2079/09/22 ( January 06, 2023)**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 pm** on **2079/09/22 (January 06, 2023)**. At the **Umakunda Rural Municipality, Preeti, Ramechhap.**
6. Bids must be valid for a period of **120 (One Hundred Twenty) days** after bid opening and must be accompanied by Scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:

   **Name of the Bank: Sunrise Bank, Preeti Branch**
   **Name of Office: Umakunda Rural Municipality**
   **Dharauti Khata No.:0960568577703003**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Description of Works:**

| S.N. | Contract Identification No: | Description of Works | Estimated Amount (Without VAT & PS) | Bidding Documents Fee NRs. (Non-refundable) | Bid Security Amounts NRs. |
|---|---|---|---|---|---|
| 1 | URM/RCH/WS01/ NCB/06/2079/080 | Construction of Surma Khola Kanepani Yojana | 8723262.68 | 3000.00 | 250000.00 |
| 2 | URM/RCH/Building/ NCB/07/2079/080 | Construction of Sunuwar Samudayak Bhawan | 4380423.00 | 3000.00 | 125000.00 |
| 3 | URM/RCH/StoreBuilding/ NCB/08/2079/080 | Construction of Rastick Store | 4352264.54 | 3000.00 | 125000.00 |
| 4 | URM/RCH/Ws02/ NCB/09/2079/080 | Construction of Lapshing Khanepani Yojana | 3467073.50 | 3000.00 | 100000.00 |
| 5 | URM/RCH/ CollectionCentyreBuilding/ NCB/10/2079/080 | Construction of Krishi Tatha Durdha Collection Center | 3494128.35 | 3000.00 | 100000.00 |
| 6 | URM/RCH/ WadaofficeBuilding/ NCB/11/2079/080 | Construction of Wada 7 Office Building | 2179982.20 | 3000.00 | 63000.00 |

**Chief Administrative Officer**






नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com